गिरिजा मार्कालाई चुनावमा परास्त गर्न गणेशमान सिंहको ताजा आह्वान

# मूल्याङ्कन

यस अंकको मूल्य रु. १२।-

विचार अन्तर्क्रियामुखी मासिक पूर्णाङ्क २३, कार्तिक मंसिर २०५१



मध्यावधि चुनाव बिशेषांक

# के एमालेको सरकार आउला ?

- ★ नेपाली कांग्रेसको विगत इतिहास खोतल्दा...
- ★ कांग्रेसी गुण्डागर्दीले कसले कहाँ ज्यान गुमाए ?
- ★ कस्तो यातना दिइन्छ- कांग्रेसी राजमा ?
- ★ चुनावमा देखापरिरहेका कुसंस्कृतिहरु
- ★ बाम पक्षलाई कांग्रेस र रा.प्र.पा.का आरोपहरु बारे

★ चुनावी घोषणा-पत्रको तुलनात्मक चार्ट

★ प्रमुख राष्ट्रिय पार्टीहरुको

★ म्पर्ण बामपन्थी हरुको

✸ के भन्छन बाम नेताहरु
चुनाव, चुनावी स्थीति र बाम सरकार बारे
- ★ क. मोहन बिक्रम सिंह
- ★ क. माधवकुमार नेपाल
- ★ क. रोहित
- ★ क. लिलामणि पोखरेल
- ★ क. बाबुराम भट्टराई
- ★ क. पद्मरत्न तुलाधर

विजया दशमी तथा दीपावली २०५१ को
उपलक्ष्यमा समस्त देशबासीमा
हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछौं ।

- *साल्ट ट्रेडिङ्ग कम्पनी*
- *गोरखकाली रबर उद्योग*
- *बुटवल धागो कम्पनी*
- *टाटा चिया उद्योग*

विजया दशमी तथा दीपावली २०५१ को उपलक्ष्यमा समस्त देशबासीमा हार्दिक

## शुभकामना

व्यक्त गर्दछौं ।

म्यूचुअल ट्रेडिङ कम्पनी (प्रा.)लि.

५३९- मखन गल्ली

काठमाडौं- ८

बडा दशैं तथा दीपावली २०५१ को उपलक्ष्यमा समस्त देशबासीमा हार्दिक

## शुभकामना

व्यक्त गर्दछौं ।

धरान नगरपालिका परिवार

धरान

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १२, पूर्णाङ्क २३
२०५१, कार्तिक-मंसीर



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
बेखबहादुर महर्जन

**लेखा**
केदारमणि पोखरेल



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**

"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्यूसाल, फोछें, ख- २२३७
काठमाडौं- २३
फोन २१३६९४
पोब नं. ३०२६, काठमाडौं


# के ध्यान दिनु पर्छ क्रान्तिकारी शक्तिहरूले

# वाम- विजय र वाम- सरकारका लागि ?

मध्यावधि चुनाव कांग्रेसी सरकारलाई भालुको कन्पट जस्तै भएको छ । आफैंद्वारा घोषित यो चुनावबाट गिरिजा सरकारको पतन हुने दिन संघारैमा आएको देखेर ऊ आत्तिन थालेको छ । अब अन्तिम घडीसम्म पनि अरु १२/१५ जिल्लामा वाम तालमेल गर्न वामपन्थी नेतृत्वले बुद्धिमानी देखाएमा कांग्रेसी सरकारको पतन अवश्यंभावी देखिएको छ ।

तीन वर्षमा ६५ जना नागरिकहरुको ठाडै ज्यान लिने र पञ्चायती तानाशाहीलाई समेत मात गर्ने कांग्रेसी निरंकुशतन्त्रलाई हिजो हामीले सडक-आन्दोलनबाट विदा गर्न खोजेथ्यौं । हाम्रै नेतृत्वको कमजोरी र अदृढताले गर्दा आन्दोलन चुलिसम्म पुगेर पनि हाम्रो प्रयत्न विफल भएथ्यो । अब आन्दोलनको अर्कोरुप चुनावबाट त्यसलाई लखेट्ने घडी आएको छ । त्यसलाई विदाई गर्ने पूरा-पूर संभावना मुलुकमा छ ।

यो संभावनालाई हाम्रो स-सानोको समूह- स्वार्थमा लिप्त भएर ठूलो राष्ट्रिय लक्ष्य भुलीदिने प्रवृत्तिले बिथोल्न सक्छ । त्यसैले, स-सानो संकीर्ण समूह-स्वार्थबाट माथि उठ्ने प्रयत्न गरौं । कतै, हाम्रो अवस्तुवादी माग र अहंकारले दुई चार सीटमा टेकावाजी गर्दा फेरि देशले गिरिजाको तानाशाहीतन्त्र र राष्ट्रघात भोग्नु नपरोस् !

हाम्रो अयथार्थवादी "क्रान्तिकारिता" ले पनि यो संभावनामा बञ्चरो हान्न सक्छ । कतै हाम्रो वहिष्कार र क्रान्तिकारिताको नाममा हुने बेहोशीपूर्ण क्रियाकलापले गिरिजाको फाशिवादलाई चोख्खै नवचाओस् ।

यो बा त्यो निहुँमा हामीले कांग्रेसी तानाशाहीतन्त्र वा संभावित कांग्रेस- राप्रपा तानाशाहीतन्त्रलाई देशमा फेरि शासन गर्न बाटो साफ गर्‍यौं भने इतिहासले हामीलाई कहिल्यै माफी दिने छैन । बालक अनिश शाक्यहरुका रगतले हामीलाई कदापि क्षमा दिने छैन ।

वाम तालमेल हुनासाथ हार निश्चित भएकाले प्रतिक्रियावादीहरुले हामीबीच बैरी र बैमनस्यता बढाउने भूमिका खेल्न सक्छन् । त्यसमा हाम्रो सजगता निकै तीखो पार्नु जरुरी छ । अर्को, उनीहरुको षड्यन्त्र मतदानमा र मतगन्तीमा धाँधली गर्ने हुनसक्छ । आम जनतालाई परिचालित गरेर हर किसिमले यस्तो षड्यन्त्रलाई निरंकुशतन्त्र विरोधी सबै शक्तिहरुको संयुक्त प्रतिरोधद्वारा परास्त गर्न अहिलेदेखि नै प्रयत्न थाल्नुपर्छ । कतै बाहुलाबाट खसेका "भोट"हरुले कुनै राष्ट्रघाती र निरंकुश तत्व हामीमाथि शासन गर्न नआओस् !

हामी के कुरामा प्रष्ट हुन जरुरी छ भने, अहिलेको पूँजीवादी राज्यसत्ता र संविधानको सीमाभित्र कांग्रेसको विकल्पमा आउने सरकार क्रान्तिद्वारा आउने कम्युनिष्ट- सरकार जस्तो आमूल परिवर्तनकारी हुने छैन, हुन सक्ने छैन । यो जनपक्षीय र सुधारवादी सरकार हुनेछ । त्योभन्दा बढी केही आशा हामीले त्यसबाट गर्‍यौं भने त्यो यथार्थसम्मत हुने छैन । त्यो भ्रम मात्र हुनेछ । त्यसैले त्यो भ्रम नपालौं र नबाँडौं । के कुरामा प्रष्ट होउँ भने, आमूल परिवर्तनका लागि सामाजिक क्रान्ति नै जरुरी छ । संसदीय चुनावले त्यस्तो आमूल परिवर्तन गर्नु संभव छैन ।

तर त्यहीं सुधारवादी सरकार पनि अहिलेको फाशिवादी सरकारको तुलनामा धेरै हदसम्म सामाजिक क्रान्ति, जनता र राष्ट्रको हितमा हुनसक्छ । त्यसले समाजको जगमा चल्ने वर्गसंघर्ष र क्रान्तिकारी प्रक्रियालाई दह्रो छहारी र भरथेग दिनसक्छ । त्यसले यही संविधानको सीमाभित्र रहेर पनि केही यस्ता पूँजीवादी सुधारका कामहरु थाल्न सक्छ, जसले सामन्तवाद र साम्राज्यवादको उत्पीडन अन्त गर्ने दिशामा क्रान्तिकारी प्रक्रियाको शुरुवात हुन्छ । उदाहरणका लागि- प्रगतिशील भूमिसुधार, मजदूरहरुको अधिकार र जीवनस्तरमा वृद्धि हुने कानून र कार्यहरु, असमान सन्धिहरुको अन्त, महिला र पुरुषबीचको असमानताको अन्त, जनजातीय र भाषिक असमानताको अन्त, धर्म निरपेक्ष राज्य, जनमुखी र जननिर्वाचित प्रशासनयन्त्र, राष्ट्रिय स्वाधीनतामुखी अर्थव्यवस्था आदि । के यी सुधारवादी कार्यहरु नेपाली सामाजिक क्रान्तिको विकासको हितमा छैनन् ?

यी अहिलेकै पूँजीवादी राज्य-सत्ता र संविधानअन्तर्गत गर्न सकिने पूँजीवादी सुधारका कार्यहरु हुन् । तर २०४६ सालको आन्दोलनपछि यहाँको नेतृत्व प्रतिक्रियावादी पूँजीपति वर्गको हातमा परेकाले उसले यति पनि गरिरहेको थिएन । त्यसैले, यहाँ यिनै कार्य गर्न पनि वामपन्थी नेतृत्व चाहिएको छ । अहिलेको चुनाव त्यो नेतृत्व लिने अत्यन्त अनुकूल अवसर हुनसक्छ । सबै क्रान्तिकारी शक्तिहरुले यसबारेमा गम्भीरतापूर्वक सोच्नु जरुरी भएको छ ।

नेपालमा वामपन्थीहरुको सरकार आउन सजिलो छ । तर त्यो सरकारलाई टिकाउन धेरै गाह्रो हुनेछ । साम्रज्यावादीहरु र यहाँका पूँजीवादीहरु यसलाई गिराउन भरमग्दुर प्रयत्न गर्नेछन् । आफ्नै समूह स्वार्थमुखी व्यवहार, अनैतिकता र भ्रष्टाचारले पनि यसलाई गिराउन सक्छ ।

यसबाट माथि उठेर सबै क्रान्तिकारी, देशभक्त र प्रजातान्त्रिक शक्तिहरुको संयुक्त- मोर्चा र नीति निर्णयमा जनताको व्यापक सहभागिता विकास गर्न सकिएमा यहाँ निश्चितै रुपमा वाम सरकार बलियो र दीगो हुन सक्ने तथ्यप्रति पनि सबैको ध्यान जानु जरुरी भएको छ । □

आवरण कला : आइडियल डिजाइनस/ कम्प्युटर : **नेप्युटर,** बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार, फोन नं. २२५९५४

# के नेपालमा एमाले

**नेपालमा अहिले सबै वामपन्थी शक्तिहरूको करीब-करीब एउटै स्वर छ-**

**फाशिवादलाई हराउँ !**

**कांग्रेसी तानाशाहीतन्त्रलाई खत्तम पारौं !**

देशको समग्र स्थिति कस्तो देखापरिरहेछ भने, वामपन्थी शक्तिले थोरै पनि बुद्धि पुऱ्याउने हो भने यही चुनावमा फाशिवादी शक्ति नराम्ररी हार्न संभव छ। वामपन्थीहरूको सरकार आउन संभव छ।

यो स्थिति फगत अहिलेको संसदीय चुनावमा मात्र देखा परेको हैन। २०४८ सालकै संसदीय निर्वाचनमा पनि यो संभावना टड्कारो रूपमा देखापरेको थियो। १४ वटा सीटहरूको निर्वाचन परिणामले छर्लंगै देखाएको थियो- भोट कुलजोडमा वामपन्थीहरूको धेरै बेसी छ, तर जितबाजी कांग्रेसको भइरहेछ। खालि वामपन्थी एकता नहुनाले मात्र ती सीट गुमेका थिए। ती ठाउँको जितवाजीले पूँजीवादी संसदमा स्वतः वामपन्थी शक्तिको बहुमत हुन जान्थ्यो। अझ, ती ठाउँहरूमा एकता हुनसक्दा त्यसको प्रभाव र उत्साहले अन्यत्र पनि वामपन्थी लहर आउनु संभव हुन्थ्यो। यस प्रकार संसदमा त्यतिखेरै वाम शक्तिको स्पष्ट बहुमत आउनु संभव थियो, किनकि कूल मतदानमा नेपाली कांग्रेसले ३७ प्रतिशत मत र वामशक्तिले ३६ प्रतिशत मत प्राप्त गरेको थियो। फरक फगत १ प्रतिशत मतको थियो। एकता भएको भए त्यसको उत्साहले ल्याउने लहरले यो १ प्रतिशत मात्र हैन, अरू थप प्रतिशत मत वामहरूले पाउने निश्चित थियो। वाम-नेतृत्वको वैचारिक बेतयारी, अबुद्धिमानी र स्वार्थपरक अदूरदर्शिताले त्यो संभावना त्यतिखेर उत्तिकै टऱ्यो। तर अहिले पनि देशको सारा वस्तुगत परिस्थिति र घटनाक्रम त्यही दिशातिर अघि बढिरहेछ। वर्तमान पूँजीवादी संसदमा वामपन्थी शक्तिको स्पष्ट बहुमत आउन सक्ने टड्कारो संभावना देखापरिरहेछ।

विश्वमै नेपालको यो स्थिति एउटा विशिष्ट स्थिति हो। पूँजीवादी संसदीय राजनीतिक प्रणाली संसारको धेरै मुलुकमा छ। तर नेपालमा जस्तो शान्तिपूर्ण र संसदीय चुनावको बाटोबाट वामपन्थी शक्ति सजिलै सरकारमा जानसक्ने संभावना कमै ठाउँमा मात्र छ।

# संभावना के छ ?

यस्तो किन भयो त ?

किनभने प्रतिक्रियावादी पूँजीपति वर्गको वारेश- नेपाली कांग्रेस तीन वर्षको शासनकालमै भ्रष्टाचार, राष्ट्रघात र तानाशाहीको कारणले चरम अलोकप्रिय भयो। गिरिजाको सत्तालिप्सा र अन्तर्घात र चरम व्यक्तिवादको कारणले कांग्रेसभित्रै यस अघि कहिल्यै नभएको अनुपातमा फूट भयो। देशमा वामपन्थी शक्ति बाहेक अर्को कुनै शक्ति कांग्रेसको ठाउँ लिनसक्ने हालतमा छैन। जमीन्दार वर्ग र प्रतिक्रियावादी पूँजीपति वर्गको पार्टी- रा.प्र.पा. पहिलेभन्दा केही बढी सल्बलाएको छ, तर वामपन्थी शक्तिलाई विस्थापित गरेर कांग्रेसको विकल्पमा आउनसक्ने ल्याकतमा यो छैन।

यिनै सब कारणले नेपालमा अहिले एउटा विशिष्ट परिस्थिति खडा भइरहेछ। नेपालका आम जनता अहिले यही चुनावबाट वर्तमान जनघाती-राष्ट्रघाती सरकारको तुरून्त अन्त चाहन्छन्। उनीहरूको यो अभिमत गएको तीन वर्षमा भएको तीन वटा ऐतिहासिक जनआन्दोलनमा समेत प्रष्ट रूपमा अभिव्यक्त भएको हो। नेतृत्वको अदृढताले त्यतिखेर जनताको यो इच्छा सिद्ध हुन सकेन। अहिले चुनावमा जनताको त्यो अभिमतले फेरि निकास खोजिरहेछ। जनता फाशिवादको अन्त चाहन्छन्। वाम पार्टीहरूको मुख्य नाराको सार पनि लगभग त्यही छ। र, फाशिवादी सरकारको साँच्चै नै पराजय हुने संभावना बिल्कूलै टड्कारो छ।



फोटो-उषा

**नेपालमा जस्तो शान्तिपूर्ण र संसदीय चुनावको बाटोबाट वामपन्थी शक्ति सजिलै सरकार मा जानसक्ने संभावना कमै ठाउँमा मात्र छ**

### अन्तरविरोध र संभावनाहरू

तर त्यो पराजय कसरी सुनिश्चित हुन्छ त ? यस सवालमा भने फाशिवाद हराउने नारा दिने जिम्मेवार वाम पार्टीहरू त्यति गम्भीर देखिएका छैनन्। यो एउटा विचित्रको अन्तरविरोध भइरहेछ।

फाशिवादको सुनिश्चित पराजयको लागि देशको अहिलेको वस्तुगत आवश्यकता हो- फाशिवाद विरोधी सम्पूर्ण देशभक्त र प्रजातान्त्रिक शक्तिको एकता र उनीहरूको संयुक्त सरकार। यो एकता र संयुक्त सरकारको नारा नै अहिले फाशिवादलाई सबैतिरबाट एक्ल्याउने र आम जनतालाई एउटा सिंगो नेतृत्व वरपर गोलबन्द गर्ने सर्वश्रेष्ठ कार्यनीति हो। निश्चितै रूपमा यस्तो गोलबन्द गर्ने कार्यको नेतृत्व नेपालमा वामशक्तिले राम्ररी गर्न सक्छ। त्यसमध्ये पनि सबैभन्दा ठूलो पार्टी- ने.क.पा. (एमाले) ले गर्न सक्छ र गर्न सक्थ्यो।

देशभक्त र प्रजातान्त्रिक शक्तिहरूको यो मोर्चा र त्यसको सरकारले तीन वटा महत्वपूर्ण कार्य गर्न सक्छ। त्यसले देश अहिले जुन फाशिवादी दिशामा जान लागिरहेछ, त्यसमाथि ब्रेक लगाउन सक्छ र देशलाई क्रमशः क्रान्तिको प्रजातान्त्रिक पूर्णताको दिशातर्फ मोड्न सक्छ।

अर्को, त्यसले नेपालमा पूँजीवादी जनवादी क्रान्ति- जुन प्रतिक्रियावादी नेतृत्वले गर्दा राजनीतिको तहमा पुरानो संसदीय चरित्रको तहमा ढाँचागत परिवर्तनमा मात्र सीमित भएको छ, समाजको जगसम्म विस्तारित भएको छैन, त्यो क्रान्तिलाई सामन्तवाद र साम्राज्यवादी उत्पीडनका अवशेषहरू एक एक गर्दै खत्तम पारेर जगसम्म विस्तार गर्न सक्छ।

तेस्रो, त्यसले देशको क्रान्तिकारी शक्तिहरू र क्रान्तिकारी प्रक्रियाहरूलाई मजबूत छहारी र टेवा दिन सक्छ।

नेपालको क्रान्तिको विकासको प्रक्रियामा यो एउटा महत्वपूर्ण र अपरिहार्य कार्य हो। फाशीवाद विरोधी सारा शक्तिको संयुक्तताले मात्र यो कार्य सम्पन्न गर्न र दीगो राख्न सक्छ। तर यस छेउतिर ध्यानाकर्षण नै गराउँदा पनि जिम्मेवार वामपन्थी पार्टीहरू यसलाई गम्भीरतापूर्वक लिन र सोच्न

# सरकार आउला ?

श्याम श्रेष्ठ

तयार देखिन्।

ने.क.पा. एमालेले नारा पेश गरिरहेछ- आगामी सरकार एमालेको, देशभक्त र प्रजातन्त्रवादीको ! यो नारा फाशिवाद विरोधी सारा शक्तिलाई गोलबन्द गर्ने कार्यनीतिक नारा हुन सकेको छैन।

अन्य वामपन्थी शक्तिहरूले यही पूँजीवादी राज्य-सत्ताअन्तर्गत सरकारमा जानुलाई 'अपराध' सरह ठहऱ्याई रहेछन्। त्यसबारे चिन्तनसम्म गर्न पनि उनीहरू तयार देखिन्नन्। नेपालको स्थितिमा यस्तो सरकारमा नगईकन जनवादी क्रान्ति कसरी पूरा गर्न सकिन्छ ? के प्रतिक्रियावादी पूँजीपति वर्गलाई नेतृत्व सुम्पेर गिरिजाप्रसादका ठाउँमा कृष्णप्रसादहरू ल्याउन मात्र सघाइरहने प्रक्रियाले यो पूरा हुन सक्छ ? यो सवालबारे उनीहरू घोत्लिएकै छैनन्। देशको समाज विकासको मूर्त आवश्यकताअनुसार होइन, रटीरटाउ सूत्रअनुसार चिन्तन तयार भैरहेछ- पूँजीवादी सत्तामा साम्यवादीहरू कदापि जानु हुन्न !

एउटा ध्रुवमा- संकीर्ण समूह स्वार्थमुखी चिन्तन, अर्को ध्रुवमा- खुट्टाअनुसार जुत्ता काट्ने हैन, जुत्ताअनुसार खुट्टा काट्ने- कठमुल्लावादी चिन्तन ! फाशिवाद विरोधी संयुक्त मोर्चा र संयुक्त सरकार बन्नका लागि यी दुवै चिन्तन सबभन्दा ठूलो बाधक भएका छन्। यसैको कारणले देशलाई अपरिहार्य प्रगतिको दिशातर्फ मोड्न सकिने एउटा ठूलो संभावना उत्तिकै तुहिन लागिरहेछ।

यति हुन नसकेर वामपन्थी शक्तिहरूबीच आपसी तालमेल मात्र हुनसक्दा पनि कांग्रेसको हार सुनिश्चित छ। तर संकीर्ण समूह स्वार्थमुखी चिन्तनले वाम तालमेलमा पनि बाधा खडा गरेको छ। वाम तालमेल हुनासाथ-काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, रामेछाप, सिन्धुली, सर्लाही, प्यूठान, महोत्तरी, दैलेख, जुम्ला, कालिकोट, दाङ, गुल्मी, अर्घाखाँची लगायत अनेकौं जिल्लामा सबै सीटमा वा धेरै सीटमा वामपन्थीहरूको जित निश्चित देखिन्छ। कमसेकम अहिलेभन्दा अरू २५ सीट बढ्ने पक्का छ। त्यसमध्ये बेसी सीट एमालेकै हातमा जाने निश्चित छ। यता २५ सीट बढ्दा- उता कांग्रेस र राप्रपाको २५ सीट घट्छ। यसले वास्तवमा एमालेको उनीहरूसँगको प्रतिस्पर्धामा यो संख्याले दोब्बर फरक पार्छ। तथापि संकीर्ण समूह स्वार्थमुखी चिन्तनले राष्ट्रिय हित के गर्दा हुन्छ र आफ्नो समूहकै बेसी हित के गर्दा हुन्छ भन्ने सवालमा समेत बेहोशी पैदा गरेका छ।

यो पंक्ति लेख्दासम्म चितवन र रामेछापमा तालमेल भैसकेको खबर प्राप्त भएको छ। त्यतिले मात्र पनि प्रतिक्रियावादीहरूसँग मूलतः एमालेको पक्षमा ४-५ प्वाइन्ट अगाडि पार्न मद्दत गर्ने सोझै देखिन्छ। यो तालमेलको प्रयत्न अझै जारी छ।

तर वाम तालमेल हुन सकेन भने- एउटा ठूलो संभावना मात्र गुम्ने होइन, एउटा ठूलो सामाजिक दुर्घटना समेत हुनसक्छ। त्यो के भने- आगामी संसदमा वामपन्थीहरूको र कांग्रेसको दुवैको बहुमत नआउन सक्छ। राप्रपाले १५/२० सीट हात पार्न सक्छ। र नेपाली कांग्रेसले राप्रपासित हातेमालो गरेर संयुक्त सरकार बनाउन सक्छ। प्रतिक्रियावादी पूँजीपति वर्गको र सामन्त वर्गको एकताबाट सरकार बन्यो भने त्यो सरकार अहिले भन्दा पनि निरंकुश र भ्रष्ट हुनेछ। दुई थरी प्रतिक्रियावादी शक्तिले देशलाई फेरि अरू पछिल्तिर, निरंकुशतन्त्रको दिशातिर धकेल्ने कार्य गर्नेछन्। यो नेपालको लागि एउटा ठूलो सामाजिक दुर्घटना हुनेछ। यो संभावना अहिले टड्कारो रूपमा बढेको छ। यस्तो भयो भने यसको जिम्मेवार को हुने ?

> **अहिलेको वर्ग-सत्ता र राज्य-यन्त्रअन्तर्गत सरकारमा गएर पूँजीवादी जनवादी हदका सुधार कार्यहरू मात्र गर्न सकिन्छ**

यसरी नेपालमा अहिले अन्तरविरोधी संभावनाहरू छन्- एउटा फाशिष्ट शक्ति परास्त हुने र देश प्रजातान्त्रिक क्रान्तिको पूर्णताको दिशामा जाने। अर्को, देश अहिलेभन्दा पनि अरू बेसी फाशिवादी दिशामा जाने।

अहिले नेपाल यी दुवै अन्तर्विरोधी संभावनाहरूको दोसाँधमा खडा भएको छ। जिम्मेवार वामपन्थी पार्टीहरूले थोरै पनि बुद्धि पुऱ्याउना साथ यो अन्तरविरोध हल गर्न संभव छ, अन्तिम घडीमा पनि यो हल गर्न धेरै संभव छ। यो हल हुन सक्यो भने फाशिवादी शक्तिको पराजय निश्चित छ।

## दुई अतिहरू

फाशिवादलाई त हराउने, तर त्यसपछि के त ?

यो सवालमा पनि हाम्रो वाम आन्दोलनमा काफी अन्यौल विद्यमान छ। यस सम्बन्धमा यहाँ दुई अतिवादी चिन्तनहरू देखापरेका छन्।

एउटा चिन्तन छ- वर्तमान राज्य-सत्ताअन्तर्गत संसदीय चुनावबाट कुनै वामपन्थी पार्टी सरकारमा गयो भने उसले यही पूँजीवादी राज्ययन्त्र र बहुदलीय प्रतिस्पर्धा मार्फत सामाजिक क्रान्ति गर्न सक्छ र समाजलाई योभन्दा अगाडिको लक्ष्यतिर पूर्णतः बढाउन सक्छ।

अर्को चिन्तन छ- समाज विकासको वस्तुगत आवश्यकता जेसुकै होस्, वामपन्थीहरूले यही पूँजीवादी राज्य-सत्ताअन्तर्गत कहिल्यै केन्द्रीय सरकारमा जानु हुन्न (तर केवल जिल्ला र स्थानीय स्तरमा चाहिँ बस्नु हुन्छ)। बरु गिरिजाप्रसादको ठाउँमा अर्को कोही कांग्रेसीको सरकार ल्याउने जस्ता प्रक्रियाहरू मात्र दोहऱ्याइरहन सघाउ गर्नुपर्छ।

यी दुवै चिन्तनहरू अतिवादी चिन्तनहरू हुन्।

अहिलेको हाम्रो देशको राज्य-सत्ता पूँजीवादी चरित्रको राज्य-सत्ता हो। बहुदलीय प्रतिस्पर्धामा आधारित संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र-पूँजीवादी चरित्रको राज्यसत्ताको एउटा स्वरूप हो। यो पूँजीवादी राज्य-सत्ताअन्तर्गत संसदीय चुनावबाट जितेर सरकारमा जान कुनै प्रगतिशील शक्ति समर्थ भएमा उसले पूँजीवादी क्रान्तिको हदभित्रका परिवर्तनकारी र सुधारवादी कार्यहरू



भावी प्रधानमन्त्री ?

## चुनौती के-के छन् ?



संजमो नेपालका जुलुस र इन्सेकमा नेकपा (मसाल) का नेता क. चित्रबहादुर के.सी.



**अन्य वामपन्थी शक्तिहरूले यही पूँजीवादी राज्य-सत्ताअन्तर्गत सरकारमा जानुलाई 'अपराध' सरह ठहऱ्याई रहेछन्**

अवश्यै गर्न सक्छ, जस्तो- प्रगतिशील भूमिसुधार, सामन्तवादको उन्मूलन, असमान सन्धिहरूको अन्त, निर्वाचित नोकरशाहीतन्त्र, धर्म निरपेक्ष राज्य, जनतालाई आफ्ना प्रतिनिधिहरू फिर्ता बोलाउने अधिकारको प्रत्याभूति, भ्रष्टाचार नियन्त्रण, शिक्षा- स्वास्थ्य सेवामा बढोत्तरी आदि । तर यी पूँजीवादी जनवादी क्रान्तिलाई पूरा गर्ने हदका कामहरू मात्र हुन, जुन अपरिहार्य छन् । तर महत्वपूर्ण कुरा के हो भने- समाज त्यहीं मात्र अडिराख्न चाहिँ सक्दैन ।

यही पूँजीवादी संविधान र राज्यसत्ता मार्फत समाज पूँजीवादभन्दा अगाडि बढ्न भने संभव देखिन्न । शान्तिपूर्ण रूपमा जनवादी कान्ति पूरा गर्नका लागि जनवादी गणतन्त्र नै स्थापना गर्नसमेत अहिलेको राज्य-सत्ताले र संविधानले अनुमति दिंदैन ।

यसको एउटा मुख्य कारण अहिलेको पूँजीवादी संविधानले लादेको सीमा हो । अहिलेको संविधानले- बहुदलीयता, संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रलाई "अपरिवर्तनीय" बनाएको छ ।

अतः शान्तिपूर्ण रूपमा संविधान संशोधन गरेर यी पूँजीवादी सत्ताका खम्बाहरूको निषेध गर्नु संभव छैन । निषेध गर्न गैर-संविधानिक बाटो नै अख्तियार गर्नु पर्छ ।

अर्को मुख्य कारण, यहाँको पूँजीवादी र अन्तर्राष्ट्रिय साम्राज्यवादी सत्ताको हिंसक र सशस्त्र उपस्थिति हो ।

जबसम्म पूँजीवाद सशस्त्र र हिंसक रहन्छ, तबसम्म पूँजीवादविरोधी सामाजिक क्रान्ति कसरी शान्तिपूर्ण हुन सक्छ ? रूसमा पोहर मात्र त्यहाँका सांसदहरूले संसदीय संघर्षमार्फत पूँजीवादविरुद्ध औंलो मात्र ठड्याउँदा त्यहाँ उनीहरू विरुद्ध पूँजीवादले अन्तर्राष्ट्रिय साम्राज्यवादी केन्द्रहरूको सहायतामा कसरी हिंसक दमन गऱ्यो, त्यो विश्वसामु छर्लङ्ग छ ।

त्यसैले, यही पूँजीवादी राज्य-सत्तामार्फत संसदीय बाटोबाट पूँजीवादी सीमाभित्रका परिवर्तनकारी सुधारहरू मात्र गर्न संभव छ, सामाजिक क्रान्ति र सम्यवादतिरको समाजको अग्रगति संभव छैन । यसको लागि गैर-संसदीय बाटो नै अप्नाइनु पर्छ । संसदीय चुनावबाट वर्ग-सरकार मात्र बदलिन सक्छ, वर्ग-सत्ता बदलिंदैन । यो संविधान रहेसम्म वर्ग-सत्ता नै बदल्न सामाजिक क्रान्ति र बल प्रयोगकै बाटो सिवाय अर्को कुनै विकल्प नै छैन ।

अर्को सवाल के हो भने, वामपन्थी शक्तिले फाशिवादी सरकार अन्त गर्ने नारा त दिनु हुन्छ, तर त्यो साँच्चिकै अन्त भयो भने त्यसको बदलामा आउने सरकारमा आफू जानु हुन्छ कि हुन्न ? के वामपन्थी शक्तिले बलपूर्वक वर्ग-सत्ता नै कब्जा गर्न समर्थ नहुन्जेल "गिरिजाप्रसाद" को ठाउँमा "कृष्णप्रसाद" ल्याउने प्रकियाहरूलाई मात्र सघाइरहनु पर्छ ? या वर्ग-सत्ता बदल्न नसके पनि वर्ग-सरकार बदलेर पूँजीवादी क्रान्ति पूरा गर्ने फेरि पनि सामाजिक क्रान्तिका लागि आधार तयार पार्ने काम गर्नु हुन्न ?

२०४६ सालमा र त्यसपछि क्रान्तिकारी आन्दोलनको नेतृत्व प्रतिक्रियावादी पूँजीपति वर्गको हातमा परेकाले नेपालमा पूँजीवादी, जनवादी क्रान्ति पुरानो संसदीय ढाँचामा गयो र राजनीतिक ढाँचामा मात्र सीमित भयो, समाजको जगसम्म विस्तारित भएन । आम जनताले क्रान्तिको अनुभूति नै गर्न पाएनन् । त्यो समस्या अहिले पनि ज्यूँका त्यूँ बाँकी छ । के अहिले पनि प्रतिक्रियावादी पूँजीपतिहरूको हातमा सरकार सुम्पेर नेपालमा समाजको जगसम्म पूँजीवादी जनवादी क्रान्ति विस्तार हुन सक्छ ?

कदापि संभव छैन ।

यही ऐतिहासिक कार्यभार सम्हाल्नका लागि अहिले वर्ग-सत्ता पूँजीवादी चरित्रको भएतापनि सरकारमा वामपन्थी शक्तिको उपस्थिति अनिवार्य भएको छ । यो कार्य यहाँ निश्चित सीमा र कार्यक्रमका आधारमा वामपन्थी शक्तिको नेतृत्वमा मात्र गर्नसक्ने स्थिति भएकाले पनि यो उपस्थिति अरू जरूरी भएको हो । गिरिजाप्रसादको ठाउँमा कृष्णप्रसाद ल्याएर यो कार्य हुन विल्कूलै संभव छैन । न त कांग्रेसको फाशिवादी चरित्रमा नै यसो गरेर कुनै तात्विक अन्तर आउने छ ।

त्यसैले, गरे वर्ग-सत्ता नै कब्जा गर्ने, नगरे सामाजिक क्रान्तिका लागि आधार बनाउने कार्य केही पनि नगर्ने भन्ने अतिवादी सोच बदल्नु जरुरी छ ।

के प्रष्ट हुन जरुरी छ भने, अहिलेको वर्ग-सत्ता र राज्य-यन्त्रअन्तर्गत सरकारमा गएर पूँजीवादी जनवादी हदका सुधार कार्यहरू मात्र गर्न सकिन्छ र तल जगमा हुने क्रान्तिकारी कार्यहरूलाई सुरक्षा र टेवा पुऱ्याउन सकिन्छ । गर्न सक्ने कुरा वस्, यति हो ।

तर अहिलेको विश्व र नेपालको परिस्थितिमा यी पनि युगान्तकारी कार्यहरू हुन् । र, यी पूँजीवादी कार्यहरू पनि पूँजीवादीहरूले यहाँ गर्नेवाला छैनन् । वामपन्थीहरू सरकारमा पुगे भने मात्र यी कार्यहरू हुन संभव छ ।

यस प्रकार, दुवै अतिवादी चिन्तनबाट वामपन्थी व्यक्तिहरू मुक्त हुन जरुरी छ ।

**संभावना र चुनौतीहरू**

संकीर्ण समूह- स्वार्थ र कठमुल्लावादी चिन्तनबाट मुक्त भएर जनताको चाहना र अहिलेको समाज विकासको आवश्यकतालाई गम्भीरतापूर्वक लिनसके फेरि पनि, वाम तालमेल हुन संभव छ । अब वामपन्थी र अन्य शक्तिहरूबीच फाशिवाद विरोधी मोर्चा नै संभव नभए पनि, संयोजन र समझदारी हुन संभव छ । यस्तो हुन सकेमा, फेरि पनि, नेपालमा वामपन्थी शक्तिहरूको सरकार बन्न संभव छ । प्रत्येक क्षण यसको लागि

फोटो: उषा



**एमालेको सरकार आयो भने हामी मजदूर-किसानले के पाउँछौं होला ?**

साह्रै महत्वपूर्ण छ। (यसबारेमा वाम तालमेलको निम्ति वस्तुगत र न्यायसम्मत एवं मूर्त सुझावहरू हामीले सम्बन्धित वाम पार्टीहरूलाई गत दशैंभन्दा अगाडि नै सुझावको रूपमा प्रस्तुत गरिसकेको कुरा पाठक वर्गमा जानकारी गराउन चाहन्छौं- मूल्यांकन)।

हार निश्चित भएकाले नेपाली कांग्रेसले राज्यशक्ति र स्रोतको व्यापक दुरुपयोग गरेर हिंसा र पैसाबाट मतदान आफ्नो पक्षमा पार्ने निश्चित प्रायः छ। यसको सामना गर्ने सम्पूर्ण तयारी हुनु नितान्त जरूरी छ।

वाम सरकार बन्न संभव भएमा एउटा सबैभन्दा ठूलो चुनौती हुनेछ- पूँजीवादी असहयोग, घेराउ र आक्रमण।

कांग्रेस र राप्रपाले वाम सरकारलाई अस्थिर बनाउन हरसंभव प्रयत्न गर्ने छन्। यसको सामना कसरी गर्ने ? त्यो सोचिनु जरूरी छ। मेरो विचारमा, जनताको व्यापक समर्थन र विश्वास जित्ने काम र फाशिवाद विरोधी शक्तिबीच फेरि पनि दरो एकता नै त्यसलाई सामना गर्ने एक मात्र प्रभावकारी संयन्त्र हो।

अर्को चुनौती, भ्रष्टाचार र जनताबाट अलगाव हो।

गएको तीन वर्षमा वाम पार्टीहरूको पार्टी प्रवेश-द्वार निकै खुकुलो भएको छ र क्रान्तिकारी चरित्रमा निकै ठूलो सांस्कृतिक र नैतिक ह्रास आएको देखिन्छ। सत्तामा नै पुगेपछि यो ह्रासमा अरू निकै तीब्रतर हुन सक्छ। यसबाट वामपन्थीहरूको सरकारमा समेत व्यापक भ्रष्टाचार मौलाउन सक्छ। राज्यको शक्ति स्रोत र साधनको निकै ठूलो दुरुपयोग हुनसक्छ, त्यसैले वाम सरकार जनताबाट नराम्ररी अलग्गिन सक्छ। सरकार गिराउन चाहनेहरूलाई यही नै सर्वश्रेष्ठ मसला हुनसक्छ।

वाम नेतृत्वले सर्वप्रथम आफूबाटै र आफ्नो पार्टी पङ्क्तिमा कति गहिरोमा नैतिक सांस्कृतिक स्तर उठाउने समाजवादी- सांस्कृतिक आन्दोलन जारी राख्न सक्छ भन्ने सवालमा नै यो चुनौतीको सामना गर्ने क्षमता आधारित हुनेछ।

अर्को चुनौती, समूह-स्वार्थ र तदर्थवादबाट माथि उठेर यथार्थवादी, जनमुखी र दीर्घकालीन दृष्टिकोणसहितको प्रगतिशील योजना र कार्यक्रम कति हदसम्म बनाउन र कार्यान्वयन गर्न सकिन्छ र त्यसमा कति हदसम्म जनसहभागिता सुनिश्चित गर्न सकिन्छ भन्ने हो। आमजनताको विश्वास र समर्थन कति पाइन्छ भन्ने कुरा धेरै हदसम्म यसैमा निर्भर गर्नेछ।

चुनौतीहरू धेरै छन्। तर प्रगतिशील लक्ष्य र जनताप्रतिको प्रतिबद्धता छ भने यी सब चुनौतीको डटेर सामना गर्न संभव छ।

देश अहिले त्यही समयको प्रतीक्षामा छ। ❑

# वाम सरकारको संभावना र चुनौतीहरूबारे



## क. पद्मरत्न के भन्नु हुन्छ ?

*० यो चुनावबाट वामपन्थीहरूको सरकार आउनका लागि संभावना के देख्नुभएको छ, समस्या के देख्नु भएको छ ?*

- संभावना त मैले राम्रो देखेको छु। पहिलेको चुनावमा भन्दा अहिलेको चुनावमा वामपन्थी पार्टी र जनता दुबैमा सरकार बनाउन आवश्यक पर्ने आत्म-विश्वास पनि निकै बढेको देखेको छु। अहिलेको जति आत्मविश्वास पहिलेको चुनावमा भइदिएको भए २०४८ सालकै चुनावमा पनि सरकार बनाउने संभावना थियो।

तर संभावना टड्कारो भएर पनि यो चुनावी अभियानमा त्यो संभव पार्नको लागि वामपन्थी पार्टीहरू जति गम्भीर हुनुपर्ने हो, त्यति गम्भीर भएको चाहिँ मैले पाएको छैन। सरकार बनाउन कटिबद्ध भएको एमाले र भण्डाफोर एवं उपयोग गर्न कटिबद्ध अन्य वाम पार्टीहरू दुवैथरि आवश्यक मात्रामा गम्भीर देखिएका छैनन्। तथापि, कांग्रेस र राप्रपाको तुलनामा वाम शक्तिहरू चुनावी अभियानमा अगाडि छन्। त्यो चाहिँ प्रष्टै देखिएको छ।

*० यो चुनावमा स्पष्ट बहुमत ल्याउन के कुरामा वामपन्थी पार्टीहरूले बुद्धि पुऱ्याउनु पर्छ भन्ने तपाईलाई लाग्छ ?*

- सर्वसत्तावादलाई परास्त गर्ने हो भने वामपन्थी पार्टीहरूबीचको तालमेल निकै जरूरी छ। त्यसका लागि स्वतन्त्र वामपन्थी बुद्धिजीविहरूले पनि प्रयास गरेका हुन्। "मूल्यांकन" ले पनि प्रयास गरेको हो। यो प्रयासलाई अन्तिम घडीसम्म पनि जारी राख्नुपर्छ। मतदान हुनु एक घण्टा अघिसम्म पनि वाम तालमेलको यो प्रयास छोडिनु हुन्न। जुन-जुन ठाउँमा वाम विभाजनका कारणले चुनाव हारिन्छ भन्ने प्रष्ट छ, ती ठाउँहरूमा अन्तिम घडीसम्म पनि तालमेलका लागि कोशिस गर्नुपर्छ। यो दिशामा वामपन्थी पार्टीहरू गम्भीर छन् कि छैनन्, त्यसैले वामपन्थी शक्तिको स्पष्ट बहुमत निर्धारण गर्छ। सम्पूर्ण वाम झुकाव राख्नेहरूको आशा यही छ। यसमा पार्टीहरू भन्दा वाम समर्थकहरू बेसी गम्भीर र चिन्तित देखिएका छन्।

आम जनताको यो गम्भीरता र चिन्तालाई वामपन्थी पार्टीहरूले बुझ्दिनुपर्छ र सर्वसत्तावाद, फाशिवादलाई हराउन वामशक्तिहरू हर-तरहले एकताबद्ध हुनुपर्छ। यसपालि पनि वामपन्थी पार्टीहरूकै बेमेलको कारणले चुनाव हारियो र सर्वसत्तावाद हावी भयो भने आम जनताको वाम पार्टीप्रति जुन विश्वास र आस्था रहिरहेको हो, त्यो ढल्न सक्छ। उनीहरू आलोचक भएर निक्लिन सक्छन्।

एउटा पार्टीको एउटा दुईटा सीटभन्दा पनि सर्वसत्तावाद विरुद्ध जनताको जित धेरै महत्वपूर्ण कुरा हो। अहिले हाम्रो बुद्धि नपुगेर गिरिजा पक्षको वा गिरिजा-राप्रपाको सरकार आउने हो भने त्यो दुई चार वटा सीट गुम्नुभन्दा देश र जनताको लागि धेरै गम्भीर नोक्सानीको विषय हुनसक्छ। त्यसकारण, वामपन्थी पार्टीहरूले लिनुपर्ने दायित्व र पुऱ्याउनुपर्ने बुद्धिमानी भनेको अहिलेको स्थितिमा यही नै प्रमुख हो।

यस पालि नेकपा मसालले धेरै ठाउँमा उठाउने स्थिति भएर पनि उनीहरूको दावी धेरै सीटमा छैन, त्यस्तै संजनमोर्चाको पनि। त्यसकारण तालमेलको समस्या धेरै ठाउँमा छैन। तालमेलको मामलामा जनता र कार्यकर्ता धेरै सजग हुनाले जित्ने केही ठाउँमा वाम विभाजन भए तापनि जहाँ जसको प्रभुत्व र जित्ने बेसी संभावना छ, त्यहाँ उसैलाई भोट दिने निर्णय पनि जनताले र कार्यकर्ताले आफैँ गर्न सक्छन् र, गर्नु पर्छ भन्ने मलाई लाग्छ।

अतः यसपालि वाम तालमेलको कारणले आम रूपमा हार्ने स्थिति नहोला।

*० चुनावद्वारा वाम सरकार आयो भने उसका सामु प्रमुख चुनौती के हुनेछ ?*

- चुनौतीहरू त धेरै छन्। सबैभन्दा ठूलो र पहिले चुनौती भनेको यहाँका प्रतिक्रियावादीहरू र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी केन्द्रहरूले शान्तिपूर्ण र संसदीय बाटोबाट वामपन्थीहरू सरकारमा आए पनि त्यसलाई अनेक षड्यन्त्र गरेर सत्ताबाट हटाउन कोशिस गर्नेछन्। त्यसकारण, चुनाव जित्न जति सजिलो छ, त्यो सरकार टिकाउन त्यत्तिकै गाह्रो हुनेछ। त्यसैले, चुनाव जित्ने मात्र रणनीति बनाएर पुग्दैन, सरकार टिकाउने पनि रणनीति बनाउनु पर्छ।

अहिले यसका लागि देशभक्त र प्रजातन्त्रवादी शक्तिहरूसित पनि संयुक्त-मोर्चा हुनुपर्दछ। उनीहरूको हितलाई समेत समेट्ने गरी सरकारको कार्यक्रम र नीति बन्नुपर्दछ, जस्तो- राष्ट्रिय पूँजीपतिहरूको हितमा यो सरकारले कार्यक्रम र नीति ल्याउँछ भने त्यो सरकारको पक्षमा राष्ट्रिय पूँजीपति वर्ग आउने भो। त्यस्तै, किसानहरूको हितमा त्यो सरकारले भूमिसुधारको कार्यक्रम ल्याउँछ भने किसानहरूले त्यो सरकारलाई सघाउने भो। त्यस्तै, मजदूर, बुद्धिजीवि, महिला, जनजाति आदिको।

मेरो विचारमा, सरकारमा जाने नीति नभएका मसाल, जनमोर्चा जस्ता

# हामी सामन्तवाद र साम्राज्यवादको उन्मूलन गर्न चाहन्छौं

## कसले भन्न सक्छ– हाम्रो कार्यक्रम सुधारवादी हो ?

**– क. माधवकुमार नेपाल**
**नेकपा (एमाले) का महासचिव**

र अन्य वामपन्थी समूहहरूलाई पनि समभदारी र सहमतिमा लिएर नीति र कार्यक्रम बनाइनु पर्दछ । र वामपन्थीहरूकै एउटा मोर्चा बनाउनु पर्दछ । अनि मात्र सरकार सबै प्रतिक्रियाहरूको आक्रमणको प्रतिरोध गर्नसक्छ ।

त्यसो नगरी नेपाली कांग्रेसले जस्तै 'एकमना सरकार' भन्दै एउटा सानो जागीर खान पनि एमाले हुनुपर्ने, योग्यता हुँदाहुँदै पनि छात्रवृत्ति पाउन पनि एमाले नै हुनुपर्ने, नातावाद, कृपावाद, भ्रष्टाचार र कमिशनतन्त्र व्याप्त हुने, मार्क्सवादी सिद्धान्तबाट विचलित हुने, जनता र राष्ट्रको हितमा काम गर्न नसक्ने भो भने त्यो सरकार आफैं स्वतः गिर्नेछ ।

*० क्रान्तिबाट आउने सरकार र यो संसदीय चुनावबाट आउने सरकारमा के भिन्नता देख्नुहुन्छ ?*

– भिन्नता त आधारभूत रूपमा नै हुनेछ । यो चुनावबाट आउने सरकार भनेको यही संविधानको मातहतमा बन्ने सरकार मात्र हो । भनाइको मतलब– त्यो सरकारले संविधान संशोधन गरेर बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र फेर्न सक्दैन ।

क्रान्तिबाट आउने सरकारलाई यस्तो बाधा केही रहँदैन । त्यसले मार्क्सवादी सिद्धान्त अनुसारको संविधान बनाउन सक्छ । मार्क्सवादी सिद्धान्तअनुसार, कृषि, उद्योग, सामाजिक, सांस्कृतिक– हरेक क्षेत्रमा त्यसले सरकारी नीति र कार्यक्रम बनाउन सक्छ । समाज व्यवस्थाको आमूल परिवर्तन गर्न सक्छ । यो कुरा चुनावबाट आउने सरकारले गर्न सक्दैन, यद्यपि त्यो सरकारमा कम्युनिष्टहरूकै नेतृत्व किन नहोस् । संविधान र प्रचलित नियम कानून सबैले त्यसो गर्नबाट रोक्छ ।

क्रान्तिद्वारा आउने सरकारले प्रशासन, पुलिस, सेना, राज्य-यन्त्र सबैलाई आमूल परिवर्तन गर्नसक्छ । तर चुनावद्वारा आउने सरकारले यी कुनैलाई पनि फेर्न सक्दैन । यसरी यो भिन्नता आधारभूत भिन्नता नै हुनेछ ।

तर त्यसो भनेर मैले अहिलेको कांग्रेसी सरकार र त्यो वाम- सरकारमा कुनै भिन्नता नै हुने छैन भन्न लागेको चाहिँ होइन ।

त्यसो त यी दुईमा पनि आधारभूत भिन्नता हुनेछ, जस्तो- सेना, प्रहरी प्रशासनयन्त्रको भ्रष्टाचारलाई यो सरकारको प्रयत्नद्वारा धेरै हदसम्म रोक्न सकिन्छ । जनपक्षीय प्रशासनको बन्दोवस्त गर्न सक्छ- यो सुधारवादी सरकारले । यातनालाई रोक्न सकिन्छ । जाति, भाषा, धर्ममा रहेको असमानता हटाउन सकिन्छ । मातृ भाषामा शिक्षा दिने व्यवस्था गर्न सकिन्छ, इत्यादि ।

तर स्पष्ट हुनुपर्ने कुरा के हो भने यो सरकार सुधारवादी सरकार मात्र हुनेछ । ❑

*० देशको विभिन्न भागको भ्रमण गरेर तपाई फर्कनु भएको छ, समग्र देशको चुनावी स्थिति कस्तो लागेको छ ?*

– अहिले देशभरि कांग्रेस विरोधी लहर उर्लिरहेको छ । सूर्यको पक्षमा अर्थात एमालेको पक्षमा यो लहर देखापरिरहेछ । नेपाली कांग्रेस, राप्रपा, सद्भावना, जनमोर्चा र मसालबाट एवं कतिपय ठाउँमा नेमकिपाबाट पनि सैकडौं हजारौंको संख्यामा कार्यकर्ताहरू र समर्थकहरू हाम्रो पार्टीमा प्रवेश गरिरहेछन् । गाउँका गाउँ एमालेको पक्षमा उल्टिएको पाइएको छ । यसपल्ट हरहालतमा एमालेलाई सरकार बनाउन दिनुपर्छ, उनीहरूको अभिप्राय देखिन्छ । त्यसैले अहिले नै कांग्रेस पराजित मनस्थितिमा पुगिसकेको छ । कहिले एमालेको सरकार बन्यो भने तीन दिनमा नै सरकार गिराइ दिन्छु भन्ने, कहिले एमालेले सरकार नै चलाउन सक्दैन भन्ने कुरा यही पराजित मनस्थितिको उपज हो ।

ऊ त्यसैले अहिले सम्पूर्ण राज्यन्त्रको दुरुपयोग गरेर धाँधलीको तयारीमा जुटेको छ । जनता पनि त्यो धाँधलीको प्रतिकार गर्न तयार छन् ।

पूर्वमा यसपालि केही सीट अरू थपिनेछ । पश्चिमाञ्चलमा बहुत ज्यादा बढोत्तरी हुने संभावना छ । यस अर्थमा एमालेले प्रचण्ड बहुमतका साथ चुनावमा जित्ने स्थिति देखापरेको छ ।

*० कति सीट ल्याउने निश्चित छ त, जम्माजम्मीमा तपाईहरूले ?*

– यति उति सीट त हामी अहिले भनिरहेका छैनौं । यति भन्न सकिन्छ, प्रष्ट र प्रचण्ड बहुमतका साथ एमाले जित्नेछ ।

*० त्यसो हुनुको सट्टामा वाम तालमेल नहुनाको कारणले*



*एमालेले पनि स्पष्ट बहुमत नल्याउने, नेपाली कांग्रेसले स्पष्ट बहुमत नल्याउने, Hung parliament हुने, राप्रपाले केही बेसी सीट ल्याउने एवं कांग्रेस र राप्रपा मिलेर संयुक्त सरकार गठन गरेर देशलाई अरू चरम फाशिवादतिर धकेल्ने संभावना चाहिँ कतिको देख्नु भएको छ ? के अहिले त्यस्तो संभावना टडकारो छैन र देशमा ?*


– त्यस्तो संभावना त मैले देखिरहेको छैन । तर तपाईले मूल्यांकन गर्नुभए जस्तो उनीहरूले संयुक्त सरकार गठन गरे भने देश अवश्यै फाशिष्ट दिशामा जानेछ । र, उनीहरू कम्युनिष्टहरूलाई दमन गर्न भएभरको बलबूता लाउने छन् । उनीहरू यस्तो गर्न सफल होलान् नहोलान् र यस्तो गरेर शासन चलाउन सक्लान् नसक्लान्, टिक्लान् नटिक्लान् यो बेग्लै कुरा हो । तर प्रयत्न उनीहरूले अवश्यै गर्नेछन् । हामीहरूले उनीहरूलाई यस्तो अवसर कदापि दिनु हुन्न । त्यसैले अहिले पनि हामी अरू वामशक्ति र अरू शक्तिसित पनि मिलेसम्मको तालमेल मिलाउने पक्षमा छौं । यसरी नै घटनाक्रमलाई त्यो दिशामा जानबाट रोक्न सकिन्छ ।

*० तपाईले वाम तालमेलको कुरा गर्नु भो । मसाल समूहले जम्माजम्मी ८ सीट, जनमोर्चाले १३ सीट र नेमकिपाले ६ सीट मात्र लिएर बाँकी सबै तपाईहरूको लागि छोडिदिनु तयार हुँदा पनि तपाईहरू वाम तालमेल गर्न तयार हुनु भएन त , यसरी फाशिवाद परास्त होला ?*

– सवाल सीटको संख्याको होइन, सवाल सीट विभाजन गर्ने आधारको हो । कसलाई कति सीट दिने ? के आधारमा दिने ? कसैले हामीलाई यति सीट चाहिन्छ भन्दैमा उसलाई त्यति नै सीट किन दिने ? दुइटै सीट माग्यो रे कसैले, त्यो माग्ने आधार के ? पहिले यो स्पष्ट हुनु पर्छ ।

*० माथि भनिएको ८, १३ र ६ सीट उनीहरूको सबैभन्दा राम्रो*

**अहिले पनि हामी अरू वामशक्ति र अरू शक्तिसित पनि मिलेसम्मको तालमेल मिलाउने पक्षमा छौं । - क. माधव**



क. पद्मरत्नको चुनावी अभियान



एमालेको सरकार बनाउन सडकमा उत्रेका ध्वजावाहकहरू

*जनाधार भएकै क्षेत्र हैनन् र ?*

- जनाधार भन्दैमा हुन्छ ? स्पष्ट आधार त के हुनुपर्छ भने जसले गएको चुनावमा बहुमत ल्याएको छ, त्यो क्षेत्र उसैलाई दिइनु पर्छ । जसको जुन ठाउँमा पहिलो पोजिशनमा छ त्यो उसैलाई हुनुपर्छ- सीट विभाजनको सिद्धान्त यही हुनुपर्छ । कसैको कहीं पनि बहुमत छैन भने उसले कहीं पनि पाउँदैन । कुनै ठाउँमा कसैको ठूलो व्यक्तित्व छ भने त्यहाँ विचार गर्न सकिन्छ । अन्यथा बहुमत नभएको ठाउँमा दावी गर्न मिल्दैन । यही सिद्धान्त पालना नभएर तालमेल नभएको हो ।

*० तपाईको यही सिद्धान्तअनुसार जाँदा पनि गएको चुनावमा अरूले बहुमत ल्याएको ठाउँमा समेत तपाईहरूले उम्मेदवार फिर्ता लिएको पाइन्न नि त, जस्तो रामेछाप, भक्तपुर ।*

- रामेछापमा स्थानीय चुनावको मतस्थिति हेर्नु पऱ्यो नि त । स्थानीय चुनावमा हाम्रो त्यहाँ राम्रो मत आएको छ । गएको चुनावमा हाम्रो उम्मेदवार नै नहुनाले मतस्थिति थाहा नभएको हो ।

*० तपाईहरूले सरकारको नारा दिनुभएको छ । त्यो सरकार क्रान्तिकारी हुनेछ कि सुधारवादी ?*

- यो सरकार कम्युनिष्टहरूको सरकार भइसकेपछि त्यो क्रान्तिकारी नै हुनेछ, सुधारवादी हैन । जहाँ-जहाँ सुधारवादीहरूले शासन चलाएका छन्, त्यहाँ उनीहरूको सुधारवाद यथास्थितिवादमा परिणत भएको पाइन्छ । यहाँ पनि सुधारवाद भन्नुको मतलब यथास्थितिमै अड्किनु हो । नेपालमा अहिले सुधारवाद कुनै स्वतन्त्र धारको रूपमा रहन सक्ने स्थिति छैन । या त यथास्थितिमै अडिराख्नु पऱ्यो, या परिवर्तनको दिशामा जानुपऱ्यो । त्यो परिवर्तन भनेको टालटुले परिवर्तन होइन । समाज विकासको निम्ति बाधाको जरो जहाँ छ, त्यसैलाई पूरै उखेल्नु पर्छ । नेपाली समाजको र राष्ट्रको प्रगतिको मूल बाधक भनेको सामन्तवाद हो, साम्राज्यवादी हैकम हो । यी दुइटाको विरोधमा नजुधेसम्म यहाँ कसैको सरकार बने पनि कुनै तात्विक परिवर्तन ल्याउन सक्दैन । त्यसैले हाम्रो सरकार क्रान्तिकारी नै हुनेछ, क्रान्तिकारी नै हुनु जरूरी छ ।

*० २०४८ सालको तपाईहरुकै घोषणापत्रसितकै तुलनाको आधारमा पनि यसपालिको चुनावी घोषणा - पत्रको कार्यक्रम सुधारवादी भएको तपाईलाई लाग्दैन ?*

- त्यस्तो सुधारवादी छैन - यसपालिको कार्यक्रम । त्यो बहुत यथार्थवादी र क्रान्तिकारी छ ।

*० गएको २०४८ सालको घोषणा- पत्रमा तपाईहरुको न्यूनतम कार्यक्रम नयाँ जनवाद भनेर आएको छ । हामीसित शान्तिपूर्ण प्रतिस्पर्धा गर्न नसकेर कोही हिंसात्मक तवरले विध्वंश गर्न आए हामी पनि जस्ताको तस्तै ढंगले त्यस्तालाई प्रतिरोध गर्छौं भनेर प्रस्टतापूर्वक भनिएको छ । वर्ग संघर्षलाई मुख्य कडीको रुपमा लिने कुरा पनि गरिएको छ । यसपालि ती सव महत्वपूर्ण कुराहरु गायव छन् नि त ? यस्तो किन ?*

- सवाल शव्दको होइन, सवाल कामको हो । जव हामी आफै सरकारमा जाने कुरा गरिरहे छौं, कोसंग वर्ग संघर्ष गर्ने ? जसले संविधान मिच्छ, कानून मिच्छ - ऊसित हामी कानूनी ढंगले नै लड्न सकिहाल्छौं । कानूनले नै बाटो रोजिहाल्छ । जव हामी भनिरहेका छौं कि हामी सामन्तवादको पूरापूर उन्मूलन गर्नेछौं - जमीन्दारी प्रथा, रजौटा प्रथा, कमैया प्रथा, किपट प्रथा, विर्ता प्रथा, वाधा प्रथा आदि सबैलाई अन्त गर्छौं - त्यो आमूल परिवर्तन होइन ? जव हामी भनिरहेछौं - महिला असमानता र उत्पीडनका सारा स्रोतहरु खत्तम पार्छौं भनेर - त्यो आमूल परिवर्तन होइन ? जव हामी संपूर्ण वैदेशिक थिचोमिचो अन्त गर्ने, देशलाई स्वाधीन पार्ने र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको कुरा गरिरहेका छौं भने त्यो क्रान्तिकारी परिवर्तन होइन ?

*० वर्तमान पूँजीवादी वहुदलीय व्यवस्थाको सुद्धढीकरण भनेको चाहिं के नि त ? त्यो के क्रान्तिकारी परिवर्तन हो ? कम्युनिष्टहरुले पूँजीवादी वहुदलीय व्यवस्था र समाज विकासका लागि अघि वढ्नु पर्छ कि यसलाई सुदृढ गर्ने काम गर्नु पर्छ ?*

- त्यो वहुदलीय व्यवस्था कम्युनिष्टहरुको कार्यक्रमको हितमा छ कि छैन, मुख्य कुरा त्यो हेर्नु पर्छ । कम्युनिष्टहरुको आफ्नै कुनै स्वार्थ र उद्देश्य हुँदैन । कम्युनिष्टहरुको उद्देश्य भनेकै राष्ट्र र जनताको उद्देश्य हो । ऊ कसैलाई लाद्न चाहँदैन, ऊ काम गरेर जनताको विश्वास जित्न चाहन्छ । ऊ व्यारेक-खालको समाज पनि चलाउन चाहँदैन । जनताको हितमा काम गरेर जनताका बैरीहरुलाई तह लगाउन चाहन्छ । यो स्थितिमा अधिनायकत्व लादछु, वर्गसंघर्ष संचालन गर्छु भनेर, नयाँ जनवाद स्थापना गर्छु भन्ने शव्दको बण्डर मच्चाएर केही फाइदा छैन । हामी जब समाज विकासको वाधक तत्व सामन्तवाद र साम्राज्यवादलाई उन्मूलन गर्छौं भनिरहेछौं, हामी जव मजदूर, किसान, राष्ट्रिय पूँजीपति, निम्न पूँजीपति, देशभक्त र प्रजातन्त्रवादीहरुको हितको संरक्षण गर्छौं भनिरहेछौं, कसले भन्न सक्छ - हाम्रो कार्यक्रम सुधारवादी हो ? हो, हामी मार्क्सवादका रटीरटाउ शव्दहरुबाट मुक्त हुन चाहिरहेका छौं । परंपरावादी शव्दहरुलाई जवर्जस्ती पिठ्युँमा बोकेर हिंड्नु आवश्यक छैन । यो सामन्तवाद र साम्राज्यवादको उत्पीडनको उन्मूलन कांग्रेस र पंचहरुले गर्न सकेनन्, किनकि उनीहरु त्यही वर्गका प्रतिनिधि थिए । हामीलाई छेक्ने त्यस्तो वाधा जंजीर केही छैन । हामी फुक्का छौं, त्यसैले हामी यिनलाई उन्मूलन गर्न सक्छौं । ❑



**मदन-आश्रित : आज चुनावको समयमा मतदाताहरू उहाँहरूको थप याद गरिरहेछन्**

# हामीले संसदीय प्रणालीलाई ध्वस्त गर्न चुनावलाई उपयोग गर्दैछौं

## क. मोहनविक्रम सिंह, महामन्त्री ने.क.पा (मसाल)

**० देशको समग्र चुनावी स्थिति कस्तो रहेको महशुस गर्नु भएको छ ?**

-आज देशमा हुन लागि- रहेको मध्यावधि चुनाव देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरुका स्वार्थहरुको पूर्तिका लागि गिरिजाले देशमा फाशिष्ट शासन कायम गर्नका लागि गरिहेको गम्भीर षडयन्त्रको परिणाम हो र गिरिजा गूटले चुनावलाई त्यही रुपमा सफल पार्नका लागि पूरा शक्ति लगाइरहेको छ ।

यस अवस्थामा फासिवादको खतरालाई पराजित गर्नको लागि चुनावलाई हामीले एउटा हतियारको रुपमा प्रयोग गर्नु पर्ने राजनैतिक आवश्यकता उत्पन्न भएको छ ।

कुनै प्रतिक्रियावादी व्यवस्था अन्तर्गत चुनावको माध्यमद्वारा त्यस प्रकारको निर्णयात्मक सफलता प्राप्त गर्न भने सम्भव हुँदैन । यहाँसम्म कि चुनावमा बहुमत प्राप्त भए पनि त्यस प्रकारको सफलता संदिग्ध हुन्छ ।

तैपनि प्रतिक्रियावादी संविधान, कानून वा चुनावहरुलाई त्यो दिशामा निर्णयात्मक सफलताका लागि आधार तयार पार्नका लागि खास राजनैतिक अवस्थामा केही न केही उपयोग गर्न सकिन्छ । खास गरेर, आज सबै देशभक्त, जनतान्त्रिक, वामपन्थी शक्तिहरु र फासिवादविरोधी तत्वहरुको व्यापक एकता कायम हुन सकेको भए चुनावद्वारा त्यस प्रकारको महत्वपूर्ण उपलब्धि संभव हुन सक्दथ्यो ।

तर आज एमालेको फूटपरस्त र अवसरवादी, ए.के.का बहिष्कारवादी र अन्य कतिपय पक्षहरुका ढूलमूल नीतिहरुका कारणले फासिवादका विरुद्ध त्यस प्रकारको एकता कायम हुन सकेन । तैपनि, फासिवादका विरुद्ध देशमा चलेको संयुक्त जन आन्दोलन र जनचेतनाको पृष्ठभूमिमा त्यो दिशामा केही न केही सफलता प्राप्त गर्न सम्भव हुनेछ भन्ने हाम्रो विश्वास छ ।

**० आफ्नो चुनावी स्थिति नि ? आफ्ना कति जना क्रान्तिकारी उम्मेदवारहरु संसदमा अवश्यै पुग्लान् भन्ने मूल्याङ्कन गर्नु भएको छ ? र कहाँ कहाँबाट ?**

हाम्रो चुनावी स्थिति संतोषजनक छ भन्न मिल्दैन । हाम्रो संगठनको कमजोर अवस्था, साधनको कमी तथा चुनाव सम्बन्धी व्यवहारिक अनुभवको कमी समेतका कारणले चुनावी अभियानलाई हामीले सन्तोषजनक प्रकारले अगाडि बढाउन सकिरहेका छैनौं ।

हामीले तीन प्रकारका स्थानहरुमा आफ्ना उमेदवारहरु खडा गर्ने नीति बनाएका छौं ।

प्रथम, जित्ने सम्भावना भएका स्थानहरुमा ।

द्वितीय, राम्रो प्रतिष्पर्धा भएका स्थानहरुमा ।

तृतीय, प्राथमिक प्रकारको राजनीतिक र संगठनात्मक आधार तयार पार्ने सम्भावनाहरु भएका स्थानहरुमा ।

हाम्रो कमजोर संगठनात्मक स्थिति वा सीमित साधन र चुनावका अनुभवका कमीका वावजूद पनि समग्र रुपमा उक्त दिशामा हामीले महत्वपूर्ण राजनीतिक सफलता प्राप्त गर्न सक्नेछौं भन्ने कुरामा भने हामीलाई विश्वास छ ।

केही दूरवर्ती र दुर्गम स्थानहरुमा उठेका हाम्रा उम्मेदवारहरु- बारे हामीलाई अझै रिपोर्ट आईपुगेको छैन । तैपनि, देशभरमा अ.ने- रा.ज.मो.ले. करीब ४३ स्थानहरुमा आफ्ना उम्मेदवारहरु खडा गरेको छ । उनीहरुमध्ये कति जना विजयी हुने- छन् ?- त्यस प्रकारको काल्पनिक हिसाब किताव गर्नु सही हुने छैन । त्यसकारण, हाम्रा कति उम्मेदवारहरु संसदमा पुग्नेछन् ?- त्यो बताउन हाम्रा लागि सम्भव छैन । खास गरेर यसकारणले पनि कि- सामान्यत: कुनै प्रतिक्रियावादी व्यवस्थाअन्तर्गत र विशेषत: वर्तमान गिरिजा शासनअन्तर्गत चुनाव निष्पक्ष र स्वतन्त्र प्रकारले नहुने भएकाले र चुनावद्वारा जनमतको सच्चा प्रतिनिधित्व नहुने भएकाले त्यस प्रकारको परिणामको पूर्वानुमान गर्नु व्यर्थको कसरत मात्र हुनेछ ।



मसालका नेता
क. चित्रबहादुर के.सी.

**० तपाईहरुको चुनावी अभियान बाँकी सबैको भन्दा के कुरामा फरक र उन्नत छ भन्ठान्नु हुन्छ ? केही मूर्त उदाहरण पनि राख्न सक्नुहुन्छ ?**

- प्रतिक्रियावादी र अवसरवादीहरुका तुलनामा हाम्रो चुनाव यस अर्थमा फरक छ कि- हामीले वर्तमान संसदीय प्रणालीलाई ध्वस्त गर्नका लागि आधार तयार पार्नका लागि नै चुनावलाई उपयोग गर्दैछौं । यो आधारभूत सैद्धान्तिक अन्तरबारे हामी स्पष्ट छौं ।

तर चुनावको वहिष्कारको नीतिका तुलनामा उपयोगको नीति यस मानेमा भिन्दै हुन्छ कि- चुनाव सिद्धिएपछि संसदमा पनि त्यो संघर्ष चलिरहन्छ । त्यसका साथै, चुनावको उपयोगको दौरानमा संसदीय दलदलमा फस्ने खतरा पनि अत्यन्त धेरै हुन्छ । त्यो स्थितिमा, चुनावको उपयोगको दौरानमा आफ्नो नीतिलाई प्रतिक्रियावादी र अवसरवादीहरुको भन्दा बेग्लै र क्रान्तिकारी रुपमा अगाडि बढाउनु कहाँसम्म सम्भव हुनेछ ?- त्यो भविष्यमा नै स्पष्ट हुदै जानेछ ।

सैद्धान्तिक र राजनीतिक रुपमा त्यसबारे हामी स्पष्ट र दृढ छौं ।

तर संगठनात्मक रुपमा हाम्रो पार्टीमा भएका कमजोरी, पार्टी सदस्यहरुको निम्न सैद्धान्तिक स्तर, क्रान्तिकारी र जुझारु मनोबलको न्यूनत, व्यवहारिक जटीलता तथा पार्टीभित्र पर्ने प्रतिक्रियावादी, अवसरवादी र संसदीय प्रभावहरुका कारणले संसदीय चुनावको क्रान्तिकारी उपयोगको नीतिलाई दृढतापूर्वक अगाडि बढाउनु त्यति सजिलो हुने छैन । त्यसको लागि हामीले पार्टीभित्र र बाहिर लगातार संघर्ष चलाउन पर्नेछ भन्ने कुरामा पनि हामी स्पष्ट छौं ।

**० तपाईहरुले औकातभन्दा बेसी सीटको माग गर्नाले नै वाम तालमेल हुन नसकेको भन्ने कुरा छ नि ? असली कुरा के हो ? के अझै तालमेलको गुंजाइश र प्रयत्न जारी छ ?**

- वास्तविकता यो हो कि- एमालेले आफ्नो औकात र हैसियतभन्दा बढी सीटहरुको माग गरेको हुनाले नै देशभक्त, जनतान्त्रिक र वामपंथी शक्तिहरुको बीचमा चुनावी तालमेल हुन सकेन । एमालेभित्र देखा परेको फूट, बढीरहेको अन्तर कलह र विभिन्न संयुक्त जन-आन्दोलनहरुमा त्यसले बार बार अप्नाएका फूटपरस्त नीतिहरुका कारणले जनता र स्वयं त्यसका आफ्नै कार्यकर्ताहरुको त्यसमाथिको आस्थामा आएको गिरावट आदि कारणहरुले गर्दा एमालेको लागि ०४८ सालमा जति पनि सफलता प्राप्त गर्न सम्भव छैन ।

त्यो अवस्थामा त्यसले दिएको "भावी सरकार एमालेको" भन्ने नारा यथार्थमा फूटपरस्त मात्र हैन, आत्मघाती नारा पनि हो । एमालेले त्यस प्रकारको नारा दिएर प्रारम्भमा नै सबै प्रगतिशील र जनपक्षीय शक्तिहरुको बीचमा तालमेल वा एकताको ढोका बन्द गऱ्यो । त्यसले गर्दा राष्ट्रिय स्तरमा चुनावी एकता वा तालमेलका लागि औपचारिक रुपमा वार्ता नै भएन ।

जहाँसम्म हाम्रो सम्बन्ध छ, हामीले कुनै पनि चरणको अनौपचारिक कुराकानी र वार्तामा पनि हाम्रा लागि वा अन्य पक्षका लागि सीटको संख्याबारे प्रश्न नै उठाएका थिएनौं । जब राष्ट्रिय स्तरमा औपचारिक रुपमा त्यस प्रकारको संयुक्त वार्ता नै भएन, सीटको प्रश्न कसरी उठ्नसक्दथ्यो ?

हाम्रो जोड के कुरामा थियो भने, जुन ठाउँमा जुन पक्षको बढी जित्ने सम्भावना छ, त्यहाँ त्यही पक्षको उम्मेदवारलाई नै समर्थन गर्नु पर्दछ र बाँकी स्थानहरुमा बेग्लाबेग्लै पक्षहरुको प्रभाव र जित्ने सम्भावनाको मूल्याकंन गरेर उम्मेदवारहरु ठेगान गर्नु पर्दछ र त्यसरी २०५ सीटमा नै एक मत भएर चुनाव लड्नु पर्छ । तर एमालेको फूटपरस्त र ढोका बन्दवादी नीतिका कारणले राष्ट्रिय स्तरमा त्यस प्रकारको एकता सम्भव भएन र स्थानीय स्तरमा पनि एकाध स्थानमा छाडेर चुनावी तालमेल हुन सकेन ।

वास्तवमा, चुनावी एकता र तालमेलको प्रश्नमा एमालेको फूटपरस्त र ढोका बन्दवादी नीति त्यसको अवसरवादी र सम्झौतापरस्त राजनीतिक चरित्रको परिणाम हो ।

सामान्यत: हामीलाई के लाग्छ भने, वहिष्कारवादीहरुलाई छाडेर पनि, अन्य सबै देशभक्त, जनतान्त्रिक, वामपंथी शक्तिहरुका बीचमा चुनावी तालमेल हुन सकेको भए गिरिजा कांग्रेसका विरुद्ध बहुमत प्राप्त हुन सक्ने काफी

बाँकी ३४ पेजमा

> **चुनावको अन्तिम चरणमा पनि एमाले वा अन्य पक्षसित चुनावी तालमेलको प्रश्नलाई नीतिगत रुपमा नै हामीले अस्वीकार गर्दैनौं ।**

## नेमकिपा सरकारमा जानुभन्दा

# जिम्मेवार प्रतिपक्षको भूमिका खेल्न चाहन्छ

### क. रोहितसंग अन्तर्वार्ता

**यदि कुनै पनि पार्टीको संसदमा बहुमत रहेन भने, हाम्रो पार्टीको समर्थनको खोजी भयो भने हामी तुलनात्मक रुपले प्रगतिशील र प्रजातान्त्रिक पार्टीलाई समर्थन गर्ने छौं।**



*** तपाईंको पार्टीको हालसम्मको चुनावी स्थिति कस्तो भएको पाउनु भएको छ ?**

- हाम्रो पार्टी समिति र पार्टी कार्यकर्ताहरु हाम्रो गच्छेले भ्याएसम्म कामदार जनतालाई बर्गीय र राजनैतिक रुपले सचेत पार्न गाउं गाउं र बस्ती-बस्तीमा जाँदै छन्। अहिलेसम्म पार्टीले अनुमान गरेकोभन्दा स्थिति र गतिविधि वेहत्तर छ।

*** "वाम तालमेल" कति ठाउँमा भएको छ र कति ठाउँमा एक्लै लड्ने स्थितिमा तपाईंहरु हुनुहुन्छ ?**

-"वाम तालमेल" का संभावनाहरु छन्। कालिकोटमा ने.क.पा. (मसाल) का साथीहरुको समर्थन नेमकिपाले पाएको रिपोर्ट प्राप्त भएको छ। भक्तपुरमा पनि मसाल र सं.ज.मो.का साथीहरुको सद्भावना नेमकिपाले पाउने प्रवल सम्भावना छ। अन्य स्थानहरुमा पनि "वाम तालमेल" को संभावना छ। इमान्दारीपूर्वक हुने "वाम तालमेल" को निम्ति हाम्रो ढोका सदा खुला रहने छ।

*** "वाम तालमेल" किन भएन ?**

- राजनीतिमा ठूलो पार्टीको भूमिका ठूलै हुने गर्छ। "वाम तालमेल" मा पनि ठूला पार्टीहरुको ठूलै भूमिका होस् भन्ने जनताले आशा गर्नु स्वाभाविकै हो।

*** यो "तालमेल" नहुनुले गिरिजालाई फाइदा पुग्दैन ? त्यसैले तालमेलको झनै खोजी गर्न सकिन्न ?**

- यही प्रश्न हाम्रा ठूला पार्टीहरुसंग नेमकिपाले गर्दै आएको हो। तर म व्यक्तिलाई भन्दा "वर्ग" र "व्यवस्था" लाई ध्यानमा राख्छु। व्यक्ति मर्न सक्छ, वर्ग र व्यवस्था लामो अवधिसम्म रहि-रहन्छन्। यसकारण व्यक्ति गौण हुन्छ, प्रवृत्ति प्रमुख हुन्छ। "तालमेल" को निम्ति एमालेका महा-सचिव माधवजीसंग ४ कार्तिकको दिन कुराकानी भएको थियो। वहाँको अभिव्यक्तिमा एमालेका अन्य वार्ताकारहरुको भनाइमा भन्दा सकारात्मकता देखेको छु।

*** तपाईंहरु "सरकार" मा जाने कि नजाने ? यसबारे तपाईंहरुको के सोच छ ? एमाले तपाईंहरुको निर्णायक मतले सरकारमा जान सक्ने देखियो भने के गर्नु हुन्छ– एमालेलाई सरकार बनाउन सघाऊ पुऱ्याउनु हुन्छ कि गिरिजा-रा.प्र.पा. आए पनि आओस् भन्नु हुन्छ ?**

- हाम्रो घोषणा-पत्र अनुसार नेमकिपा सरकारमा जानुभन्दा एक जिम्मेवार प्रतिपक्षको भूमिका खेल्न चाहेको प्रष्ट छ। यदि कुनै पनि पार्टीको संसदमा बहुमत रहेन भने, हाम्रो पार्टीको समर्थनको खोजी भयो भने हामी तुलनात्मक रुपले प्रगतिशील र प्रजातान्त्रिक पार्टीलाई समर्थन गर्ने छौं। तर त्यो समर्थन सशर्त तथा देश र जनताको हितमा हुनेछ।

## चौखण्डी नाघेका बन्दीको रिहाइमा समेत कांग्रेसीकरण

*कांग्रेसीकरण कांग्रेसी राजको एउटा मुख्य चरित्र हो। कर्मचारी, शिक्षक, प्राध्यापकहरुको नियुक्ति र विकासको अवसरमा कांग्रेसीकरण भएको कुरा सर्वत्र जगजाहेर छ। तर आश्चर्यको कुरा, अब कांग्रेसीकरण चौखण्डी नाघेका जेलका बन्दीहरुको रिहाइमा समेत हुन थालेको थाहा भएको छ।*

विश्वस्त सूत्रले हामीलाई बताए अनुसार डाँका मुद्दामा जेल परेका इन्द्रबहादुर खड्का भू.पू. सभामुख दमननाथ ढुंगानाको प्रयासमा बाँकी सजायँ माफी पाएर जेलबाट छुटेका छन्। त्यस्तै ज्यान मुद्दामा परेका लक्ष्मण ज्ञावलीलाई नख्खु कारागारबाट अन्यत्र सरुवा गरेर त्यहींबाट चौखण्डी मिनाहा गरी जेल मूक्त गराइएको छ। ज्यान मुद्दाकै बन्दी रामकृष्ण विश्वकर्मा पनि गौचन परिवारकोभनसुनकै आधारमा चौखण्डी माफी पाएर छुटेका छन्। उनलाई यसरी छुटाउन सदर कारागारबाट नख्खुमा र नख्खुबाट भरतपुर कारागारमा सरुवा गरिएको थियो।

अरु त अरु, कालीचरण भन्ने कुख्यात यौन हत्यारालाई समेत भारत सरकारको अनुरोधमा कांग्रेस सरकारले चौखण्डी माफी गराएर छुटायो। उनलाई छुटाउन पनि नख्खु कारागारबाट उनलाई अन्यत्र सरुवा गरिएको थियो।

तर भनसुन नचल्ने, कांग्रेस सरकारको कोही सखा- सम्बन्ध नपर्ने र विशेषत: बामपन्थी समर्थक बन्दीहरुलाई भने चौखण्डी नाघेर पनि छोडिएको छैन। उनीहरु अहिले पनि कांग्रेसी प्रजातन्त्रको असली दृश्य हेर्दै जेलको चिसो छिंडीमा नै न्यायको खोजी गरी जीवन बिताईरहेछन्।

हाम्रो सूत्रले बताएको छ- ज्यान मुद्दामा सेण्ट्रल जेलमा परेका विषमिल्ला खान र मइत सिं तामाङ विचारले एमाले समर्थक हुन्। त्यस्तै डाँका मुद्दामा त्यही जेल परेका नगेन राजवंशी पनि वामपन्थी समर्थक हुन्। यी तीनै जनाको चौखण्डी नाघिसकेको छ, तर कालीचरणलाई छोड्ने कांग्रेस सरकारले उनीहरुलाई छोड्न भने कुनै चाख देखाइरहेको छैन।

त्यस्तै हालत नन्दकुमार लिम्बूको पनि छ, जो पंचायत कालका एमाले समर्थक हुन् र अहिले चौखण्डी नाघेर पनि ज्यान मुद्दामा भद्रगोल जेलमा थुनिएर रहेका छन्।

नख्खु करागारमा लालमणि मगर, नुरु प्रसाद रिजाल, टेक बहादुर कुँवर, जित बहादुर नेपाली, कान्छा माझी, मेहमान शर्मा, चन्द्र प्रकाश त्रिपाठी, राजेन्द्र श्रेष्ठ, राजीव लामा, र प्रेम आले मगर अहिले पनि चौखण्डी नाघेर पनि जेलमा न्यायको प्रतीक्षामा छन्।

स्मरणीय छ, २०४८ सालको भदौमा सेण्ट्रल जेलमा भएको गोली काण्डमा सरिक भएको भनेर यी सबैको चौखण्डी माफी नगर्ने सरकारले निर्णय गरेको थियो। तर माथि बताइएका मानिसहरुलाई भने आरोपका बाबजूद पनि कांग्रेस सरकारले छुटायो। कांग्रेस- शक्ति सम्बन्ध नभएका वामपन्थीहरु जतिलाई भने सरासर पक्षपात गरियो। अहिले प्रश्न के उठिरहेको छ भने, यो कांग्रेस सरकारले जगत गौचन, भीम प्रसाद गौचत र भरत गुरुङ जस्ता कुख्या तस्कर र अपराधीहरुलाई आरोपबाटै मुक्ति दिलाएर जेलबाट छोड्न सक्छ। तर षड्यन्त्रबस जेल परेका वा सुध्रिन चाहेका वाम समर्थक कैदीहरुलाई भने चौखण्डी नाघेर पनि किन जेलमा सडाइ राख्छ ? यो कस्तो कांग्रेसी प्रजातन्त्र हो, जसले कैदीहरुलाई समेत विचारका आधारमा ठाडो पक्षपात गर्छ ?

हाम्रो सूत्रले बताए अनुसार स्मरणीय तथ्य के छ भने, २०४८ सालको आम चुनावमा केन्द्रीय कारागारमा १४०० सय मत खसेकोमा ३६ मत मात्र कांग्रेसलाई गएको थियो। कतै कांग्रेस सरकार अहिले यसैको बदला कैदीहरुलाई पक्षपात गरेर लिंदै त छैन ? किनकि त्यस चुनावमै डिल्लीबजार खोरमा वामपन्थी पक्षधर कैदीहरुको चहलपहल देखेपछि आम चुनावको केही दिन अघि मात्र ६४ जना बन्दीहरुलाई सदर कारागारमा सरुवा गरी भोट खसाल्न नपाउने गरेको थियो। त्यही कुरा याद गरेर अहिलेको आम चुनावमा कैदीहरुलाई छोड्नमा मात्र पक्षपात गरिएको होइन, कैदीहरुको मतदान दिने आधारभूत मानव अधिकार समेत कुनै जेलमा पनि स्थापित गरिएको छैन। कैदीहरु अहिले प्रश्न गरिरहेछन्- हामी यो देशका नागरिक हौं कि हैनौं ? र हामीले गत आम चुनावमा जस्तो अहिले किन मतदान गर्न पाउदैनौं ?

यता प्रजातन्त्र आएपछि सम्बन्धित वामपन्थी पार्टीहरुले पनि जेलमा भेट्न नआएको गुनासो कैदीहरुले गरिरहेका छन्, जुन भेटघाट पंचायत कालमा निकै मात्रामा हुने गर्दथ्यो।

**-शंकर श्रेष्ठ**

# क्रान्तिकारी सत्ताबिनाको
# सरकारमा पनि भाग लिनुपर्ने हुन्छ !

क. लिलामणि पोखेल
सं.ज.मो.नेपालका महासचिव

*** अहिले देशको चुनावी स्थितिलाई तपाईले कसरी विश्लेषण गर्नु भएको छ ?**

-प्र.म. पद छाड्न वाध्य स्थिति तयार भएपछि राष्ट्रघाती, जनघाती र फाशिष्ट गिरिजाले जनताको बहुमतको नाममा पुन: सरकारमा बसिरहने कुत्सित आकांक्षालाई पूरा गर्न र ने.का. भित्रको त्यो फाशिष्ट गिरिजा प्रवृत्ति मार्फत नै आफ्नो स्वार्थ सबभन्दा राम्ररी पूरा हुने देखिरहेका राजा, विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरुले आफ्नो स्वार्थ सिद्ध गर्न गिरिजा- राजा- विस्तारवादी तथा साम्राराज्यवादी शक्तिहरुको षडयन्त्रमूलक गठबन्धनबाट यो मध्यावधि चुनावको घोषणा गरिएको हो । यस मार्फत हाल देशमा प्राप्त जनअधिकारको अपहरण हुने, सामान्यत: प्रजातान्त्रिक आन्दोलन र विशेषत: वाम आन्दोलनमाथि दमन हुने, फासीवाद हावी हुने, राष्ट्रिय सार्वभौमिकता र स्वधिनतामा झन् झन् अतिक्रमण हुने खतरनाक षड्यन्त्रका संभावनाहरु प्रष्ट देखिन्छन् । त्यसैले यो चुनाव सामान्यत: सबै प्रतिक्रियावादीहरु र विशेषत: राष्ट्रघाती, जनघाती तथा फाशिष्ट गिरिजा प्रभुत्वको नेपाली कांग्रेस जस्ता शक्तिहरुका विरुद्ध वामपन्थी, देशभक्त तथा जनवादी शक्तिहरुको संघर्षको एउटा मोर्चामा परिणत भएको छ ।

अहिले नेपाली कांग्रेस सत्ताको दुरुपयोग, पैसा, राज्य शक्ति, गुण्डा अर्थात् साम, दान, दण्ड, भेद सबै प्रयोग गरेर चुनावी परिणाम आफ्नो पक्षमा पार्न प्रयत्न गरिरहेको छ। ३ वर्षे शासनकालका राष्ट्रघाती जनघाती क्रियाकलापका कारणले बदनाम ने.का. को विरुद्ध देशव्यापी रुपमा व्यापक जनआक्रोश छ र ने.का. ले जस्तोसुकै हथकण्डा प्रयोग गरेपनि बहुमत प्राप्त गर्ने स्थिति छैन । राप्रपा जस्तो प्रतिगामी शक्ति जनताको निम्ति स्वीकार्य हुने स्थिति छैन । यद्यपि बहुदल आएपछि सरकारमा पुगेको ने.का. को राष्ट्रघात, जनघात, भ्रष्टाचार र अत्याचारका कारणले बहुदलप्रति नै पैदा भएको नकारात्मकता र ३० वर्ष जनतालाई शोषण गरेर कुम्ल्याएको पैसाको खोलो बगाउने कार्य गरिरहेको राप्रपाले चुनावी परिणाममा आफूलाई केही अगाडि बढाउने मौका लुट्ने संभावना छ ।

जनताको व्यापक समर्थन वामपन्थी शक्तिहरुप्रति नै छ । तर वामपन्थी पार्टीहरुबीच चुनावी तालमेल हुन नसकेको कारणले वामपन्थीहरुको पक्षमा आउन सक्ने व्यापक लहर केही कमजोर भएको छ। चुनाव परिणामलाई पनि यसले केही नकारात्मक प्रभाव पार्ने छ। आजको स्थितिमा ने.का. लगायतका प्रतिक्रियावादी शक्तिलाई हराउने निश्चित संभावनालाई कुनै चीजले कमजोर पारेको छ भने वाम तालमेलको अभावले नै हो। हामीले यो संभावना बारेमा गंभीर भएर सोच्नु परेको छ कि कहीं ने.का. र रा.प्र.पा जस्ता शक्तिहरु, जुन राज्य सत्ताका अंशियार हुँदाहुँदै पनि सरकारमा हुने र नहुनेमा विभाजित छन्, संयुक्त-सरकार बनाउने स्थितिमा नआउन्। त्यसो भएमा चरम दक्षीणपन्थी फाशिष्ट शक्तिहरु र प्रतिगामीहरुको यो गठबन्धन प्रजातान्त्रिक आन्दोलनको निम्ति ज्यादै हानिकारक हुनेछ ।

प्रतिक्रियावादीहरुले यत्रो षड्यन्त्रमूलक ढंगले आयोजना गरेको मध्यावधि चुनाव, जसमा जनमतका आधारमा उनीहरु परास्त हुने निश्चित संभावना छ, स्वतन्त्र र निष्पक्ष हुने कल्पना नै गर्न सकिन्न । त्यसका अतिरिक्त शान्तिपूर्ण ढंगले चुनाव हुने संभावना क्षीण छ । दमन र हत्याका घटनाहरु शुरु भइसकेका छन्। फाशिष्टहरुले हिंसा, दमन र आतंक मच्चाएर चुनाव परिणाम आफ्नो पक्षमा घोषणा गर्ने र फासीवाद लाद्ने दुष्प्रयास गर्ने खतरा पनि गंभीर रुपमा विद्यमान छ ।

**० अनि आफ्नो पार्टीको चुनावी स्थिति नि ? तपाईहरुले कति सिट प्राप्त गर्ने संभावना देख्नु भएको छ ?**

-हाम्रो पार्टीले प्रतिक्रियावादी व्यवस्था अन्तर्गत हुने यस प्रकारका चुनावहरुबाट राष्ट्र र जनताको आधारभूत समस्याको समाधान नहुने र त्यसका निम्ति नयाँ जनवादी क्रान्ति नै सम्पन्न गर्नु पर्ने कुरामा स्पष्ट हुँदै चुनाव माफत क्रान्तिकारी राजनीतिको प्रचार गर्न र जनसमुदायलाई अफ्नै व्यवहारिक राजनीतिक अनुभवबाट संसदीय व्यवस्था र त्यस अन्तर्गतका चुनावहरुको वास्तविक जनविरोधी र ढोंगी चरित्रको बोध गर्न सहयोग पुऱ्याउन यो चुनाव उपयोग गर्ने निर्णय गरेको हो । स्वाभाविक रुपमा चुनावी संघर्षमै पनि राष्ट्रघाती, जनघाती र फासिवादी शक्तिहरुलाई हराउनु र संसदमा क्रान्तिकारी प्रतिनिधिहरु पुऱ्याउनु पनि हाम्रो उद्देश्य हो तर के स्पष्ट छ भने हाम्रो लागि क्रान्तिकारी उद्देश्य प्रधान हो, सांसद सिट-संख्या होइन ।

जहाँसम्म, हाम्रो कति सिट आउँछ भन्ने कुरा छ, फासीवादी शक्तिहरुले आयोजना गरेको चुनावको चुनावी परिणामबारे यकिनसाथ अहिले किटान गर्नु स्वाभाविक नहोला तर संसदमा क्रान्तिकारी आवाज घन्काउन आवश्यक मात्रामा हाम्रा प्रतिनिधिहरु संसदमा पुग्ने छन् भन्ने कुरामा हामी विश्वास्त छौं ।


*** तपाईले क्षमताभन्दा बढी मागेर वाम-तालमेल हुन नसकेको भनिन्छ नि ? वाम-तालमेलका निम्ति के संभावना छ ? तपाईहरु के सम्म गर्न तयार हुनुहुन्छ ? अलि मूर्त रुपमा बताईदिन सक्नु होला ?**

- यो निराधार प्रचार हो, वाम-तालमेलका लागि बाधक एमालेले फैलाएको झूठो प्रचारबाजी मात्र हो। हाम्रो पार्टीले प्रतिक्रियावादीहरु, राष्ट्रघाती, जनघाती तथा फासिवादी शक्तिहरुलाई हराउनका लागि वाम तालमेलको नीति लिएको हो। यस सन्दर्भमा सबभन्दा पहिले हाम्रो पार्टीले सबै वामपार्टीहरुसंग सर्वपक्षीय वार्ता गरी तालमेल कायम गर्ने नीति लिंदै त्यस निम्ति पहल गऱ्यो । एमालेको कारणले सर्वपक्षीय वार्ता अघि बढ्न सकेन र त्यसपछि द्विपक्षीय वार्ताहरुमा पनि हामी सहभागी भयौं। हामी एमालेलाई चुनौति दिन चाहन्छौं- संजमोले तालमेल अन्तर्गत उम्मेदारी दिन प्रस्तावित गरेका र सहमति जनाएका ठाउँहरु आधिकारिक रुपमा प्रकाशित गरोस् । त्यसले नै वास्तविकता प्रष्ट पार्ने छ ।

वार्ताका क्रममा अन्तमा संजमो नेपालले रामेछाप २, काभ्रे ३, ललितपुर ३, काठमाडौं ७, तनहुँ १, चितवन ३ र ४ सर्लाही ३ र ४ (स्थानीय स्तरमा लिखित संझौता भएको तर पछि एमालेद्वारा भंग गरिएको), सिन्धुली ३, महोत्तरी १, धनुषा ५, सिराहा ४ र ५ (३ मा प्रतिस्पर्धा नगर्नेगरी स्थानीय स्तरमा संझौता भइसकेको) र मनाङमा आफ्नो पार्टीको तर्फबाट उम्मेदारी दिने र एमालेले समर्थन गर्ने तथा अन्य स्थानहरुमा सं.ज.मो. ले एमाले लगायत अन्य वाम पार्टीहरुलाई समर्थन गर्ने कुरा प्रस्तावित गरेको हो ।

एमालेले पनि ती मध्ये १३ स्थानहरुमा सहमति जनाइसकेको थियो, काठमाडौं ७ र तनहुँ १ को बारेमा थप छलफल गरी सबै एकैचोटी टुंग्याउने कुरा तय भयो । तर एमालेले आफूले सहमति जनाइसकेको कुराबाट पनि पछि हट्यो र यसरी द्विपक्षीय वार्ता भंग भयो ।

त्यसपछि पुन: वामपन्थी बुद्धिजीवीहरुले तालमेलको निम्ति प्रयत्न गर्नु भयो। उहाँहरुले संजमोले माथिको प्रस्ताव अन्य स्थानहरु यथावत राखी महोत्तरी १ को सट्टा महोत्तरी ४ लिन प्रस्तावित गर्नु भयो। उहाँहरुको प्रस्तावलाई संजमोले स्वीकार गऱ्यो । तर एमालेले स्वीकार गरेन । उक्त प्रस्ताव लिएर एमालेसमक्ष वार्ता गर्न जाने पद्मरत्न तुलाधर, गोविन्द भट्ट लगायत १० जना



वामपन्थी बुद्धिजीवीहरु नै यसका साक्षी हुनुहुन्छ । त्यसैले हाम्रा कारणले होइन, एमालेको कारणले नै तालमेल हुन नसकेको हो ।

वाम तालमेल प्रयास असफल भएपछि पनि अन्य वामपन्थी उम्मेदार-हरुको समर्थनमा सं.ज.मो ले १६ स्थानहरुमा एकतर्फी रुपबाट उम्मेदारी फिर्ता लिइसकेको छ । एकताका न्यायोचित संभावनाहरुलाई पक्रेर अघि बढ्ने प्रतिबद्धता हामीले देखाएका छौं । सं.ज.मो. को प्रमुख केन्द्रीय नेतृत्वको उम्मेदारीलाई एमालेले समर्थन गरेमा अन्य केही स्थानहरुमा हामीले अझै लचिलो नीति लिने जानकारी एमाले नेतृत्वलाई दिइसकिएको हो । तर एमालेको हठको कारणले तालमेल अझै संभव भएन । अब समय निकै ढल्किसकेको छ । तैपनि नकारात्मक र सकारात्मक संभावनाहरुको बीचबाट गुज्रिरहेको यो क्षणमा सकारात्मक संभावनालाई सुनिश्चित गर्ने तर्फ एमाले नेतृत्वले जिम्मेवारीपूर्वक सोचोस् भन्ने हामी चाहन्छौं ।

*** वाम सरकारबारे तपाईंको धारण ?**

-फाशिवादी शक्तिहरु हार्नु पर्छ, त्यो नै मुख्य कुरा हो फासिवादी शक्तिहरु हार्नु भनेको परिणाममा अन्य शक्तिहरु सरकारमा जानु हो, त्यो पनि यतिबेला मात्रात्मक रुपमा लाभदायक नै हुन्छ ।

- अब रह्यो, वामपन्थीहरुले शान्तिपूर्ण बाटोबाटै सरकारमा जाने संभावना भयो भने जानु उचित हुन्छ कि हुन्न ? नीतिगत रुपमा क्रान्ति सम्पन्न गर्नु अघि कम्युनिष्ट क्रान्तिकारीहरुले कुनै पनि सरकारमा कहिल्यै भाग लिनु हुँदैन भन्ने कुरा होइन । कुनै विशिष्ट स्थितिहरुमा क्रान्तिकारी कार्यभारहरुप्रति सचेत र प्रष्ट हुँदै क्रान्तिकारी कार्यवाहीलाई नै सुगम पार्न कम्युनिष्ट क्रान्तिकारीहरुले पनि क्रान्तिकारी सत्ता बिनाको सरकारमा पनि भाग लिनुपर्ने हुनसक्छ । तर जसरी हुन्छ प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत नै सरकार बनाउने कार्यनीति लिने र त्यस्तो सरकारले सबै समस्याको समाधान गर्दछ भनी भ्रम दिने कार्यले क्रान्तिलाई नोक्सान पुऱ्याउँछ । त्यो क्रान्तिकारी कार्यदिशा हुन सक्तैन ।

जहाँसम्म आजको हाम्रो स्थिति छ, सिद्धान्तनिष्ट कम्युनिष्ट क्रान्तिका-रीहरुले क्रान्तिकारी उद्देश्यको मातहत सरकार बनाउने विशिष्ट स्थिति छ भन्ने हामीलाई लागेको छैन । सिद्धान्तबाट विचलन भइसकेको आफ्नो पार्टीको कार्यक्रममा वामपन्थी गन्ध आउला कि भनी तर्सिएका, नेतृत्व पंक्ति तीव्र गतिमा प्रतिक्रियावादी शक्तिहरुसंग संझौता र साँठगाँठ गर्दै अघि बढिरहेका र चुनावबाट सरकारमा पुग्नु नै सब थोक हो, यसबाट नै राष्ट्र र जनताको सबै समस्याको समाधान गर्न सकिन्छ भनी प्रचार गरिरहेको एमाले जस्तो पार्टीको सरकार (बन्ने सम्भावना भएमा) मा सहभागी हुनु कम्युनिष्ट क्रान्तिकारीहरुका लागि उपलब्धि कम, भ्रम र नोक्सानी नै बढी हुनेछ ।

*** एमालेको सरकार बन्ने स्थिति भो, तपाईहरुको समर्थन निर्णायक हुने भो भने के गर्नु हुन्छ ?**

- त्यस्तो स्थिति नै आउला कि नआउला ? स्वयं एमालेले अन्य वामपन्थीहरुको समर्थनभन्दा प्रतिक्रियावादी वर्गकै एउटा हिस्सासंग संयुक्त हुने वा उनीहरुको समर्थन जुटाउन चाहने पो हो कि ? स्थिति अहिल्यै प्रष्ट छैन । जहाँसम्म हाम्रो कुरा हो, के कुरा एकदम प्रष्ट छ भने- हाम्रा हरेक कदम र निर्णय प्रतिक्रियावादी शक्तिहरुलाई कमजोर पार्न निर्देशित हुनेछ ।

## कति नातावादले ग्रस्त छ, कांग्रेसी सरकार ?

### भाइ/भतिजा/काका/काकी/ बन्धुहरु

सुशील कोइराला (भाइ)- निजी सल्लाहकार, केन्द्रीय सदस्य, बाँके २ टिकट
नोना कोइराला (भाउजू) - केन्द्रीय सदस्य, ने.क्र.
ज्योति कोइराला (भतिजा) - सल्लाहकार, कर्मचारी पजनी बिभाग
नित्यराज कोइराला (भतिजा)- अध्यक्ष, भक्तपुर ईंटा टायल कारखाना
दीर्घराज कोइराला (काका) - सल्लाहकार, हाल अघोषित
मदन कोइराला (भतिजा)- महा-प्रबन्धक, लुम्बिनी चिनी कारखाना
विजय कोइराला (भतिजा)- प्रमुख, वरुण-वरुण, मक्लु प्रोजेक्ट
अशोक कोइराला (भाइ)- मेयर, विराटनगर नगरपालिका, सभापति नेका मोरङ
शशांक कोइराला (भतिजा)- प्रमुख, बी.पी. कोइराला क्यान्सर इष्टिच्यूट
शेखर कोइराला (भतिजा)- प्रमुख, बी.पी. कोइराला मेडिकल कलेज
सुशील कोइराला (भतिजा) - रेडियो नेपालका अघोषित हर्ताकर्ता
प्रदीप कोइराला (भतिजा) - प्रमुख, चिया विकास बोर्ड
श्री हर्ष कोइराला (भतिजा) - प्रमुख, बी.पी. प्लानेटोरियम
सुजाता कोइराला (छोरी)- अध्यक्ष, सुषमा ट्रष्ट
निरंजन कोइराला (भतिजा)- सल्लाहकार
शिवकुमार कोइराला (भतिजा)- प्रमुख, कोशी तटबन्ध
मिनाक्षी नेपाल (भतिजी)- सचिव, पूर्वाञ्चल विश्वविद्यालय
लिला कोइराला (बुहारी) - अध्यक्ष, वृहत्तर जनकपुरधाम विकास परियोजना

### भान्जा/भान्जी /ज्वाई/नाति/नातिनीहरु

महेश अचार्य (भानिज) - अर्थराज्यमन्त्री
शैलजा आचार्य (भान्जी) - अध्यक्ष, सुकुम्बासी आयोग, केन्द्रीय सदस्य, उम्मेदवार मोरङ-७
लक्ष्मणबहादुर बस्नेत (ज्वाई) - अध्यक्ष नेपाल ट्रेड युनियन कांग्रेस
पुरुषोत्तम बस्नेत (सम्धी) -अध्यक्ष गोरखापत्र संस्थान
गोपालप्रसाद शर्मा(ज्वाई) -राजदूत, जर्मनी
आमोदप्रसाद उपाध्याय (नोना कोइरालाको ज्वाई)- राष्ट्रिय सभा सदस्य
निशिथ उपाध्याय (नोनाको भदाहा)- हाल प्रमका अघोषित सल्लाहकार
मदन उपाध्याय (नोनाको बहिनीको छोरा)- सह-प्रमुख, बी.पीमेडिकल कलेज
हेमन्त अवाली (नोनी बहिनको ज्वाई)- महाप्रबन्ध, साझा भण्डार
शैलेन्द्रराज शर्मा (नोनाको ज्वाई)- महानिर्देशक, रेडियो नेपाल
प्रमोद उपाध्याय (नोनाको भदाहा )- महाप्रबन्धक, नेशनल ट्रेडिङ लि.
मुरारी शर्मा (शुशीला कोइरालाका भाइ)-सहसचिव, अर्थबाट परराष्ट्रमा
जीतबहादुर कार्की (ज्योति कोइरालाका साडु) - सचिव, संचार मन्त्रालय
मदनमणि दीक्षित(महेश आचार्यका ससुरा, नोनाका ज्वाई) कूलपति ने.रा.प्र.प्र.
रमेश शर्मा (शुशील कोइरालाका भानिज)- महाप्रबन्धक, यातायात संस्थान
शोभाकर पराजुली(भाइ माधव कोइरालाका ज्वाई)- बारा-१ उम्मेदवार
मोहनप्रसाद उपाध्याय (भदाहा) - महावाणिज्य दूत, कलकत्ता
चक्र बाँस्तोला (ज्वाई)- राजदूत भारत, हाल झापा ४ टिकट

**के तपाईं यस्तो ज्यानमारा र गुण्डाहरुको सरकारलाई फेरि जिताउन चाहनुहुन्छ ?**

### कांग्रेस सरकार सत्तामा आएयता कांग्रेसी गुण्डागर्दीले मारिएका नागरिकहरु

| नाम, उमेर | कहाँ | कहिले | कुन सन्दर्भमा |
|---|---|---|---|
| १. राम प्रसाद सिंह, ५५ | फकिरा, सप्तरी | जेष्ठ १५,२०४९ | स्थानीय निर्वाचनको सन्दर्भमा (सद्भावना पक्षका) |
| २. नथुनी महतो, | लक्ष्मीपुर, सिराह | जेष्ठ १५, २०४९ | स्थानीय निर्वाचनकै सन्दर्भमा भारतीय लठैतको आक्रमणबाट |
| ३. कीर्तिबहादुर बस्नेत, ६३ | रावादोलू, ओखलढुंगा | जेष्ठ १५, २०४९ | स्थानीय निर्वाचनकै सन्दर्भमा |
| ४. राम सागर यादव, ३५ | कोयलपुर, धनुषा | जेष्ठ ४, २०४९ | स्थानीय निर्वाचनकै सन्दर्भमा उम्मेदवारी दिन जाँदा, (संजमो पक्षका) |
| ५. शिवबहादुर ठकुरी | बेखाटाँडी, सिंधुली | जेष्ठ २०, २०४९ | कांग्रेसी लठैतको आक्रमणबाट मृत्यु (एमाले समर्थक) |
| ६. पुण्याकुमार दनुवार | दूधौली, सिंधुली | जेष्ठ १, २०४९ | स्थानीय निर्वाचनको सन्दर्भमा मनोनयन पत्र दाखिल गर्न जाँदा (एमाले समर्थक) |
| ७. रामबहादर रायमाझी, प्रहरी हवल्दार | सिंधुली | श्रावण २८,२०४९ | कांग्रेसी जिविस सभापति नरेन्द्रजंग थापाले एक जना महिलालाई बलात्कार गर्न खोज्दा रोकेकाले निज थापाको प्रहारबाट मृत्यु |
| ८ भुबनलाल थापा मगर | दोरम्बा, रामेछाप | जेष्ठ १०, २०४९ | संजमो समर्थक, उनलाई अपहरण गरी हत्या गरेको |
| ९. सूर्यमान पाखिन | फलामेटार, काभ्रे | जेष्ठ २०४९ | स्थानीय निर्वाचनको सन्दर्भमा वंचरोले हानेर हत्या |
| १० तुलराज आचार्य | कास्की | वैशाख २८, २०४९ | स्थानीय निर्वाचनको सन्दर्भमा १० वर्षको वालकलाई पनि मतदाता बनाइएकोमा विरोध गर्दा |
| ११. ओमप्रकाश यादव | सिपवा, रुपन्देही | जेष्ठ १६,२०४९ | स्थानीय निर्वाचनको सन्दर्भमा नेका र राप्रपा मुठभेड हुँदा प्रहरीले नेकाको पक्ष मा गोली चलाउँदा हत्या |
| १२. फुलेस कायर | भरतपुर, धनुषा | माघ २०, २०४९ | नेका समर्थक १२ जनाको हुलले आक्रमण गर्दा |
| १३. चन्दिना कुमारी, २ वर्ष | प्रेमपुर, धनुषा | असार १, २०५० | नेकाका देवनारायणको नेतृत्वमा हुलले आक्रमण गर्दा आमा घाइते, छोरीको मृत्यु |
| १४. लक्ष्मीभक्त महर्जन | धापाखेल, ललितपुर | साउन २७, २०५० | संजमो समर्थक, उनलाई मोटर साइकलमा बाटोमा हिंडिरहँदा आक्रमण, गरिएको, अस्पतालमा मृत्यु |
| १५ रामवृक्ष यादव | बरमझिया, धनुषा | भाद्र २, २०५१ | संजमो (भट्टराई) का केन्द्रीय सदस्य, उनी नेपाल बन्द कार्यक्रम सकेर घर फर्किरहँदा नेकाका मान्छेहरुद्वारा हत्या |

स्रोत: इनसेक / मानवाधिकार वर्ष पुस्तक १९९२ र १९९३

## तपाईको कल्पनाभन्दा बढी


# सशक्त चुनाव-बहिष्कार हुन्छ

### कुराकानी:डा. बाबुराम भट्टराईसंग

**सं.ज.मो. (डा.बाबुराम भट्टराई) का संयोजक**

*** तपाईहरुको चुनाव बहिष्कारको कार्यक्रम कस्तो रुप र प्रकृतिको हुनेछ र भइरहेछ ?**

-हामीले चुनाव बहिष्कार-लाई अहिलेसम्मको नेपाली कम्युनिष्ट आन्दोलनमा रहेको उपयोग वा बहिष्कार सम्बन्धी यान्त्रिक र गलत धारणाभन्दा-माथि उठेर सही मार्क्सवादी-लेनिनवादी-माओवादी वैज्ञानिक सिद्धान्त र राजनीतिको आलोकमा हेरेका छौं। अर्थात् हिजोसम्म नयाँ जनवादी क्रान्तिको मूल कार्यदिशा र संसदीय चुनाव उपयोग वा बहिष्कारको कार्यनीतिमा रहेको असामाञ्जस्यतालाई हटाएर कार्यदिशा र कार्यनीतिको ठीक तालमेल मिलाएर लैजाने कोशिसमा हामी छौं। संजमो आफैले नयाँ जनवादी क्रान्तिको नेतृत्व नगर्ने भए पनि नयाँ जनवादी क्रान्तिलाई सहयोग र समर्थन गर्ने यसको घोषित नीति र कार्यक्रम रहेकाले हामीले अहिलेको चुनाव बहिष्कार आन्दोलनलाई कार्यदिशा र कार्यनीति बीचमा सामाञ्जस्य कायम गरेर अघि बढाउने अर्थमा नै ग्रहण गरेका छौं। त्यसैले हाम्रो चुनाव बहिष्कार कार्यक्रम खालि चुनावको विषय र चुनावको दिनसम्म मात्र सीमित नभै जनताको जनसंघर्ष र वर्ग संघर्षको कडीसंग जोडेर लैजाने गरी समायोजित हुनेछ। त्यसै अनुरुप हामीले कार्तिक १५ सम्म विभिन्न प्रचारात्मक कार्यक्रम र त्यसपछि घनीभूत प्रकारका विरोध कार्यक्रम राखेका छौं, जसले चुनाव बहिष्कारलाई साँच्चि नै प्रभावकारी र दूरगामी महत्वको बनाउने छ।



*** हालसम्म के कस्तो प्रतिकृया जनताले तपाईहरुप्रति दर्शाएको पाउनु भएको छ ?**

- हामी अहिलेसम्मको जनताको प्रतिक्रियाबाट ज्यादै उत्साहित छौं। खासमा भन्ने हो भने गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा हुन लागेको यो धोकापूर्ण मध्यावधि चुनावप्रति आम जनतामा कुनै चासो र उत्साह नै छैन। म आफैं व्यक्तिगत रुपमा अहिलेसम्म (कार्तिक ११ सम्म) रुकुम, जाजरकोट, गोरखा, लमजुङ्ग र तनहुँका बहिष्कार-सभाहरुमा संलग्न भैसकेको छु र ती सभाहरुमा जनताको व्यापक सहभागिता र चुनाव बहिष्कारको पक्षमा जनताको अभिमत बुझेर ज्यादै उत्साहित भएको छु। राजतन्त्रात्मक संसदीय व्यवस्था अन्तर्गतको ३ वर्षे कांग्रेसी शासन कालबाट वाक्क भएका जनता अब नयाँ विकल्पको खोजीमा छन् र हामीले यो धोकापूर्ण चुनावको बहिष्कार गरेर जनतालाई नयाँ जनवादी गणतन्त्रको विकल्पतिर नडोऱ्याउने हो भने फेरि पंचायती प्रतिगामी शक्तिहरु वा एमाले जस्ता संशोधनवादी सुधार-वादीहरुले जनतालाई अल्मल्याउने खतरा रहन्छ। त्यसैले पनि हाम्रो चुनाव बहिष्कारको नीति जनताको आमूल परिवर्तनको चाहना अनुकूल भएकाले हाम्रो कार्यक्रमप्रति जनताको व्यापक समर्थन रहेको हामीले पाएका छौं।

> **हामी यो व्यवस्थाकै पराजय चाहन्छौं, त्यसैले यो व्यवस्था अन्तर्गतका चुनावमा कुन पार्टीले जित्छन् वा हार्छन् भन्ने कुरा हाम्रो सरोकारको विषय होइन।**

*** तपाईहरुका बहिष्कारवादी कार्यकर्ताहरुले गोरखा जस्ता जिल्लामा रा.प्र.पा. र कांग्रेसलाई भोट हाल्ने तयारी गरिरहेछन् भन्ने चर्चाबारे तपाईको प्रतिकृया के छ ?**

- यो सरासर झुटो र निहित स्वार्थीहरुको नियोजित प्रचार हो। म आफैं भर्खरै (कार्तिक १ देखि ७ सम्म) गोरखाको तीन वटै चुनावी क्षेत्रको भ्रमण गरेर र ४ गते गोरखा बजारमा, ६ गते घ्याम्पेसालमा र ७ गते हर्मी भञ्ज्याङमा विशाल बहिष्कार- सभाहरुलाई सम्बोधन गरेर फर्केको छु। त्यस क्रममा हाम्रा कार्यकर्ता, समर्थक र आम शुभचिन्तक जनसमुदायको चुनाव बहिष्कारप्रति पूर्ण एकमना एकता र कटिबद्धता देखेर म आफैं चकित भएको छु। हो, केही व्यक्तिहरुले गोरखामा संजमो नै सबभन्दा ठूलो र प्रभावशाली राजनीतिक शक्ति भएकोले संजमोको समर्थन पाएर जित्न सक्छु भन्ने दिवास्वप्न देख्दै झुटो प्रचार गर्दै हिडेको पनि पाइयो, तर तिनीहरुलाई हामीले भित्तै छेड्ने गरी जवाफ दिइसकेका छौं।

अर्कोतिर, गोरखामा "आगामी सरकार एमालेको" भनी दिउँसै सपना देख्दै हिंड्नेहरुको ज्यादै दयनीय अवस्था रहेकाले उनीहरुले आफ्नो चुनावी धूलो चटाइलाई पहिल्यै ढाकछोप गर्न हामीबारे त्यस्तो बजारिया हल्ला चलाएको पनि पाइयो। अहिलेको मुख्य लडाईं यो राजतन्त्रात्मक संसदीय व्यवस्थालाई जोगाउने र यसलाई भत्काएर नयाँ जनवादी व्यवस्था ल्याउनेहरुका बीचमा भएकाले हामीले यो व्यवस्थालाई काँध थाप्ने कांग्रेस, एमाले, राप्रपा वा अन्य कुनै चुनावी पार्टीहरु मध्ये कुनैलाई नजीक वा टाढाको व्यवहार गर्ने प्रश्नै उठ्दैन। हामी यो व्यवस्थाकै पराजय चाहन्छौं, त्यसैले यो व्यवस्था अन्तर्गतका कुन पार्टीले जित्छन् वा हार्छन् भन्ने कुरा हाम्रो सरोकारको विषय होइन। तपाईहरु ढुक्क हुनु होस्- गोरखा लगायतका संजमोका प्रभाव भएका जिल्लाहरुमा तपाईहरुले अहिलेसम्म कल्पना गर्न भ्याए भन्दा बढी प्रभावकारी र सशक्त चुनाव बहिष्कार हुनेछ।

*** तपाईहरु सं.ज.मो. (लिलामणि समूह) र ने.क.पा मसाललाई सकेसम्म चुनावमा हराइदिने नीतिमा हुनुहुन्छ रे भन्ने चर्चाका बारेमा नि ?**

- वैद्य गुट र मसाल लगायतका चुनावी पार्टीहरुलाई हामीले हराउनु पर्दैन, तिनीहरु आफैं हारिसकेका छन्। राजनैतिक र सैद्धान्तिक रुपले त तिनीहरुले धेरै पहिले नै हारिसकेका हुन् तर अब संगठनात्मक रुपमा पनि तिनीहरुको छिट्टै विसर्जन हुनेछ। उनीहरुको विसर्जन हाम्रो कारणले नभएर उनीहरुकै गलत राजनीतिक सोच र क्रियाकलापले हुनेछ। जहाँसम्म वैद्य गुटको कुरा छ, त्यसलाई देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरुले हाम्रो विरुद्धमा उचालेका हुन् भनेर हामीले पहिलेदेखि नै भन्दै आएका हौं, र अब उचालेको कुकुरले मृग मार्दैन भन्ने कुरा कार्तिक २९ गते पुष्टि हुनेछ। अहिले उनीहरुले चुनाव हारेर त्यसको दोष हामीलाई लगाउँछन् भने त्यसको अर्थ भयो- पहिले उनीहरुले हाम्रै राजनीतिक र संगठनात्मक शक्तिका कारणले मात्र जितेका रहेछन् र अहिले त्यो नभएपछि उनीहरु नाँगै भएछन्। के त्यसको दोष हामीलाई लगाउन मिल्छ र ?

*** तपाईहरुले पनि बिगतमा गिरिजाको राजिनामाको निम्ति आन्दोलन गर्नु भयो। यसपल्ट तपाईहरुको चुनाव बहिष्कारकै कारण पुनः गिरिजा नै सत्तामा आउने स्थिति आउन सक्दैन ?**

- गिरिजा सरकारको राष्ट्रघात र जनघातको विरोधमा २०४८ चैत्र २४ देखि २०५१ भदौ १ सम्म पटक पटक सफल "नेपाल बन्द" लगायतका कार्यक्रमहरु संचालन गर्ने संगठन हामी हौं भन्ने नेपालका बच्चा बच्चालाई थाहा छ। २०५० भदौ १ गते एमालेले कांग्रेससँग धोकापूर्ण सम्झौता गरेर सत्ता छोडिसकेको गिरिजालाई जीवनदान दिने काम गर्दा त्यसको विरोधमा आन्दोलन अघि बढाएर असोज ५ गते सफल "नेपाल बन्द" गर्ने हामी थियौं। यसै वर्ष असार २७ गते गिरिजाकै नेतृत्वमा मध्यावधि निर्वाचन गराउने घोषणा भएपछि त्यसको विरोधमा उठेको देशव्यापी आन्दोलनलाई एमाले लगायतका ६ "वाम" पार्टीहरुले महेन्द्रनारायण निधिको मोहपासमा परेर तुहाउने कुचेष्टा गर्दा त्यसको भण्डाफोर गर्दै एक्लै भदौ १ गते सफल "नेपाल बन्द" गर्ने हामी थियौं।

अहिले पनि यो धोकापूर्ण मध्यावधि निर्वाचन गिरिजाकै नेतृत्वमा हुन लागिरहेकाले यसमा सहभागी भएर गिरिजाको राष्ट्रघाती र जनघाती शासनलाई वैधता प्रदान गरिनु हुन्न भन्ने एउटा प्रमुख तर्कका आधारमा हामीले निर्वाचन बहिष्कार गर्ने निर्णय गरेका हौं। त्यसैले, जसले गिरिजाको विरोधमा यति निरन्तर संघर्ष गर्दै आएको छ, उसले कुनै पनि अर्थमा गिरिजालाई सघाएको भन्ने आरोप लगाउनु आफैमा हास्यास्पद हुँदैन र ?

अर्को कुरा, हाम्रो बारम्बार विरोधपछि पनि गिरिजा कुर्सीबाट नहटेको र उल्टै देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरुले यो धोकापूर्ण मध्यावधि निर्वाचन मार्फत यो व्यवस्थाको पूर्ण फासिष्टीकरण गरेर गिरिजालाई फासिष्टहरुको नाइके बनाइराख्ने षडयन्त्र गरेको प्रष्ट भएकाले यो चुनावी जालमा फस्नु हुन्न भन्ने हाम्रो भनाइ हो। त्यसैले जसले यो गिरिजा जस्तो फासिष्टलाई जन्माउने र टिकाउने संसदीय व्यवस्थालाई मलजल गरिरहेछन्, उनीहरुले नै गिरिजालाई सत्तामा टिकाएको दोष बोक्नु पर्छ, न कि हामी जस्ता गिरिजा र गिरिजा जन्माउने व्यवस्थाकै विरोधमा

आन्दोलनरत शक्तिले ।

*** अहिले मुलुकमा वामपन्थीहरु प्रभाव र विस्तारमा अरु शक्ति भन्दा कम छैनन् । यतिबेरको राष्ट्रिय अन्तराष्ट्रिय शक्ति-सन्तुलनको स्थितिमा यो विशाल शक्ति सबैले चुनाव बहिष्कारकै नीति लिने हो भने के तत्काल क्रान्तिकारी र दीगो विकल्प दिन सकिन्छ भन्ने तपाई ठान्नु हुन्छ ?**

- नेपालमा गत ४५ वर्षमा कम्युनिष्टहरुको समर्थनमा व्यापक जनमत बनेको छ । तर त्यो जनसमर्थनलाई क्रान्तिकारी शक्तिमा बदल्ने र बल प्रयोगद्वारा प्रतिक्रियावादी सत्ता ध्वस्त गरेर जनताको नयाँ जनवादी सत्ता स्थापना गर्ने कामको भने प्रारम्भिक तयारी पनि हुन सकेको छैन । नेपाल जस्तो अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक देशमा नयाँ जनवादी क्रान्तिको बाटो दीर्घकालीन जनयुद्धको बाटो हुन्छ र त्यसको निम्ति कम्युनिष्ट क्रान्तिकारीहरुले शुरुदेखि नै युद्धको तयारी गर्ने र आधारक्षेत्र निर्माण गर्ने कार्य गर्नुपर्दछ भन्ने कुरा मार्क्सवादी विज्ञानको सामान्य क, ख हो । तैपनि मनमोहनदेखि मोहनविक्रमसम्मका हाम्रा पहिलो पिंढिका नेताहरुले हमेशा नेपाली जनतालई एउटा वा अर्को सुधारवादी दलदलमा फसाएर जनयुद्धको तयारी गर्ने कामलाई पन्छाउँदै आएका छन् । त्यसैले गर्दा आज नेपालका कम्युनिष्टहरुको यति ठूलो शक्ति भुसको थैलो जस्तो वा तासको घर जस्तो मात्र भएको छ । यो जनशक्तिलाई गुणात्मक रुपमा विकास नगर्ने हो र भोलि देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरुले कम्युनिष्टहरु माथि व्यापक दमन गर्ने नीति अप्नाउँदा हामीले प्रतिरोधात्मक कार्यवाही गर्न नसक्ने हो भने नेपाल अर्को इण्डोनेशिया बन्ने निश्चित छ ।

त्यही विभीषिकालाई रोक्नकै निम्ति पनि अब नेपालका कम्युनिष्टहरुले संसदवादी र सुधारवादी बाटो त्यागेर क्रान्तिकारी तयारीमा लाग्नुपर्छ भन्ने हाम्रो भनाइ हो । आफूलाई वामपन्थी भन्ने सबै शक्तिहरुले संसदवादी बाटो त्यागेर प्रतिक्रियावादी व्यवस्था अर्न्तगतको चुनावलाई बहिष्कार गर्दै नयाँ जनवादी क्रान्तिको तयारीमा लाग्नु बाहेक अब अर्को विकल्प छँदैछैन ।

अन्तर्राष्ट्रिय परिस्थितिकै कुरा गर्ने हो भने विश्व साम्राज्यवाद एकपछि अर्को गर्दै गम्भीर संकटमा फस्दै गएको छ र विश्वभर युद्धको तयारी गर्दै गैरहेको छ । खाडीक्षेत्र, सोमालिया, हैटी आदिका घटनाहरुले यसको पर्याप्त पुष्टी गरिसकेका छन् । त्यसैले आजको विश्व परिस्थिति पनि जनयुद्धको तयारी निम्ति अनुकूल बन्दै गैरहेको छ । यतिवेला पनि क्रान्तिकारी स्थिति छैन भनेर संसदीय दलदलमा शरण लिन खोज्नु भन्दा ठूलो आत्मघाती काम कम्युनिष्ट क्रान्तिकारीहरुका निम्ति अर्को हुनै सक्दैन । यसको निम्ति सबै इमान्दार कम्युनिष्टहरुले पहिलो विश्वयुद्ध ताकाको जर्मनीको विशाल संशोधनवादी पार्टी र १९६० को दशकमा इण्डोनेशियाको कम्युनष्टि पार्टीको हविगतबाट पाठ सिक्नै पर्छ । नेपालका कम्युनिष्टहरुको वर्तमान स्थिति त्यति बेलाका जर्मनी र इण्डोनेशियाका कम्युनिष्टहरुको जस्तै स्थितिमा पुग्न लागेको कुरालाई सबैले गम्भीरतापूर्वक लिउन् भन्ने हाम्रो विनम्र आग्रह हो । होइन भने त भीरबाट लड्ने गाईलाई ........।

*** तपाईहरुको आफ्नै खाले सैद्धान्तिक मान्यताहरु छन्, त्यसमा तपाईहरु दृढ भएको दावी पनि गरिरहनु भएको छ । तर व्यापक जनतालाई र थोरै पनि राम्रा चरित्र भएका अन्य तक्काका मानिसहरुबाट भने तपाईहरु एक्लिदै गइरहनु भएको देखिन्छ । यसो हुनुले तपाईहरुको "बृहद क्रान्तिकारी संयुक्त मोर्चा" निर्माणको दिशामा प्रतिकूल असर गर्दैन ?**

- हामी विल्कूल अलगिएका छैनौं र अलगिगने छैनौं । जसले क्रान्तिकारी सिद्धान्त र राजनीतिलाई तत्कालीन व्यवहारिक फाइदाको निम्ति तिलाञ्जली दिन्छ, अन्तत: त्यो नै व्यापक जनसमुदायबाट अलगिन्छ भन्ने विश्व कम्युनिष्ट आन्दोलनले पुष्टी गरिसकेको छ । "वृहत क्रान्तिकारी संयुक्त मोर्चा" चुनावी बाटोबाट होइन, संघर्ष र आन्दोलनको बाटोबाट नै तयार हुन्छ भन्ने कुरालाई हामीले पुन: स्मरण गराइरहनु पर्ला र ? वास्तवमा अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा चुनावको निम्ति संयुक्त मोर्चा कि क्रान्तिको निम्ति संयुक्त मोर्चा भन्ने प्रश्न नै प्रमख रुपमा अगाडि आएको छ र हामी पछिल्लो प्रकारको संयुक्त मोर्चा निर्माण गर्ने पक्षमा छौं र त्यो छिट्टै निर्माण हुने क्रममा जानेछ भन्ने हामीलाई पूर्ण विश्वास छ ।

# उपयोग र बहिष्कार विलकूलै क्रान्तिकारी मार्क्सवाद अनुरुप छ

**- क. डा. बाबुराम भट्टराईको जवाफ**



*क. डा. बाबुराम भट्टराईज्यू,*

**** गत संसदीय निर्वाचनमा चुनाव उपयोग गर्ने नीति लिएर मसालबाट फुटी मोर्चा बनाएर चुनाव लड्नु भो, तर अहिले आएर फेरि चुनाव बहिष्कार गर्ने घोषणा गर्नु भो, कतै पनि जितिने संभावना नभएर बहिष्कार गर्ने घोषणा गर्नु भएको त हैन ? नत्र गत वर्ष किन भाग लिनु भो र अहिले किन बहिष्कार गर्ने घोषणा गर्नु भो ?***

***- दीपक श्रेष्ठ, दुम्जा-५, सिन्धुली***

*सर्वप्रथम त, गत संसदीय निर्वाचनमा "चुनाव उपयोग" को नीतिका कारणले हामी "मसालबाट फुटेको" भन्ने कुरा नै तथ्यमा आधारित छैन । यो मोहन विक्रमहरुले आफ्नो राजनीतिक पराजयलाई ढाक्नका निम्ति हामी विरुद्ध गरेको झुटो प्रचार मात्र हो । मसालमा त्यतिबेला पनि चुनावको उपयोग गर्ने पक्षमा चित्रबहादुर के.सी. लगायतका थुप्रै मान्छे थिए र संयुक्त जनमोर्चा नेपालमा पनि चुनावको वहिष्कार गर्नुपर्छ भन्ने पक्षमा थुप्रै मान्छे थिए । अर्थात् तत्कालीन "मसाल" मा विभाजन चुनाव उपयोग वा वहिष्कारको विषयलाई लिएर नभएर नेपालको नयाँ जनवादी क्रान्तिको मूल कार्यदिशा र अरु समूहमा छरिएर रहेका क्रान्तिकारीहरु सँगको एकताको विषयलाई लिएर भएको थियो । मोहनविक्रम सिंहले चौथो महाधिवेशन कालदेखि कहिले "देशभक्त र जनतान्त्रिक शक्तिको सरकार", कहिले अमूर्त प्रकारको "सत्ता जनतामा हस्तान्तरण" आदि नारा दिएर नेपाली नयाँ जनवादी आन्दोलनमा छद्म सुधारवादी कार्यदिशा अँगाल्दै आएको र त्यो अहिले नांगो सुधारवादमा पतन हुँदै गएको कुरा व्यवहारले नै पुष्टि गर्दै गैसकेको हुँदा अब उनले क्रान्तिकारीहरुमाथि लगाउँदै आएका मनगढन्ते आरोपहरुले कसैलाई पनि भ्रममा पार्ने छैन भन्ने कुरामा हामी विश्वस्त छौं ।*

*जहाँसम्म प्रश्नको दोश्रो खण्डको उत्तर छ- हामीले २०४८ को आम निर्वाचनको उपयोग र २०५१ को मध्यावधि निर्वाचनको वहिष्कार गरेको कुरा विल्कूलै क्रान्तिकारी मार्क्सवाद अनुरुप छ । त्यतिबेला भर्खर नेपालमा ३० वर्षे निर्दलीय नाउँको एकदलीय पंचायती तानाशाहीको अन्त्य भएर बहुदलीय संसदीय व्यवस्थाको स्थापना भएको हुँदा वहुदलीय व्यवस्थाबारे जनतामा रहेको भ्रम स्पष्ट पार्न र संसदभित्र समेत यो पाखण्डी व्यवस्थाको भण्डाफोर गर्न हामीले तत्कालीन चुनावको क्रान्तिकारी उपयोग गरेका थियौं ।*

*अहिले ३ वर्षपछि यो व्यवस्थाको राम्रै भण्डाफोर भैसकेको र यसबारे अब जनतामा त्यति भ्रम बाँकी नरहेकाले "राजतन्त्रात्मक संसदीय व्यवस्थाको विकल्प नयाँ जनवादी गणतन्त्र" मूलनाराका साथ हामीले यो धोकापूर्ण मध्यावधि चुनावको वहिष्कार गर्दै नयाँ जनवादी आन्दोलनलाई अघि बढाउने निर्णय गरेका हौं । जहाँसम्म जित्ने सम्भावना नभएर हो कि भन्ने प्रश्न छ, संजमोले पहिले जितेका ठाउँहरु र झिनो मतले मात्र हारेका ठाउँहरुमा अहिले पनि हाम्रो उत्तिकै वा अझ बढी प्रभाव रहेको कुरा विपक्षी पार्टीहरुले समेत स्वीकार्न बाध्य भएको हुँदा त्यस्तो तर्कमा कुनै तुक छँदैछैन । जित्ने वा हार्ने कारणले चुनावको उपयोग वा वहिष्कार गर्ने भन्ने कुराले मार्क्सवादसंग कुनै मेल खाँदैन । त्यसैले सिद्धान्त र राजनीतिबाट टाढा गएर खालि व्यवहारवादी कोणबाट मात्रै हेर्ने व्यक्तिहरुले संजमोको चुनाव वहिष्कारको नीति बुझ्न केही समय धैर्य गरे कसो होला ?*

**मुल्याकंन चुनावी अभियान**

## कांग्रेसी सरकारको तीन वर्षे शासनकालमा कति निर्दोष जनता मारिए ?

| | |
|---|---|
| प्रहरीको गोलीबाट | ३८ जना |
| प्रहरीको चरम यातनाबाट | १२ जना |
| कांग्रेसी गुण्डाहरुको आक्रमणबाट | १५ जना |
| जम्मा | ६५ जना |

तुलना गर्नुहोस्:

-३० वर्षे पंचायती तानाशाहीमा मारिएका नेपाली जनता जम्मा ३५ जना (२०४६ को जनआन्दोलनमा मारिएकाहरु बाहेक)

-३ वर्षे कांग्रेसी तानाशाहीमा मारिएका नेपाली जनता जम्मा ६५ जना

विचार गर्नुहोस्:

-के तपाई यस्ता पंचभन्दा पनि कैयन गुणा तानाशाहहरुलाई प्रजातन्त्रवादी भन्न सक्नु हुन्छ ?

-के तपाई यस्ता ज्यानमारा तानाशाहहरुलाई फेरि जिताउन चाहनुहुन्छ ?

# आगामी चुनावमा तपाईं कसलाई चुन्न चाहनु हुन्छ ?

## तुलना गर्नुहोस् र आफैं निर्णय गर्नुहोस् !

**यी प्रमुख पार्टीहरु कति भिन्न छन्, कति समान छन् ?**

**चुनाव घोषणा- पत्रका आधारमा तुलनात्मक विश्लेषण**

देशवासीहरु,

माध्यावधि चुनाव कार्तिक २९ गते हुँदैछ । त्यसमा ४० वटाभन्दा बेसी पार्टीहरु आपसमा प्रतिस्पर्धा गर्दैछन् । पार्टीहरु जति वटा भए पनि उनीहरुको घोषणा-पत्र र कार्यक्रमका आधारमा जम्मा चार थरी पार्टीहरु चुनावी मैदानमा देखिन्छन् ।

१. पुनरुत्थानवादी शक्ति २. यथास्थितिवादी शक्ति ३. सुधारवादी शक्ति ४. आमूल परिवतर्नकारी शक्ति ।

पुनरुत्थानवादी शक्ति त्यो हो, जसले समाजलाई अहिलेभन्दा अधिको अँध्यारो स्थितिमा अर्थात् पछिल्तिर धकेल्न मरिमेट्छ ।

यथास्थितिवादी शक्ति त्यो हो, जसले समाजलाई हालकै स्थितिमा रोकीराख्न चाहन्छ । योभन्दा उज्यालो र प्रगतिको दिशातिर दिशातिर अधि बढ्न दिदैन ।

सुधारवादी शक्ति त्यो हो, जसले समाजमा प्रगति त चाहन्छ, तर अन्यायकारी र शोषणकारी व्यवस्थामा जरैदेखि परिवर्तन भने चाहँदैन । खालि यसमा क्रमिक र साधारण सुधार मात्र चाहन्छ ।

आमूल परिवर्तनकारी शक्ति त्यो हो, जसले समाजको अन्यायकारी र शोषणकारी व्यवस्थामा जरैदेखि परिवर्तन चाहन्छ ।

थुप्रै पार्टी चुनावी मैदानमा छन् तापनि स्थान अभावले गर्दा हामी सबैको कार्यक्रम र फरक यहाँ दिन सक्ने हालतमा छैनौं । त्यसैले यहाँ खालि ४ वटा प्रमुख पार्टीहरुको नीति र कार्यक्रम मात्र पेश गरिएको छ ।

यो चार्ट हेर्नुहोस् र ती पार्टीहरु कुन शक्ति अन्तर्गत परे फै छुट्याउनुहोस् ।

पुनरुत्थानवादी र यथास्थितिवादी शक्तिलाई कहीं कतै पनि जित्न नदिनुहोस् । जिताउनका लागि पहिलो प्राथमिकता आमूल परिवर्तनकारी शक्तिलाई दिनुहोस् । जहाँ उनीहरु छैनन्, आफ्नो विचार र संगठनलाई मजबूत गर्दै त्यहाँ सुधारवादी शक्तिलाई जिताउन मद्दत गर्नुहोस् । यसो गर्दा उनीहरुका कमी-कमजोरी र सीमाबारे पनि जनतामा रहेको भ्रम दूर गर्ने काम गर्न नभुल्नुस् ।

### *यी पार्टीहरु देशमा कस्तो राजनीतिक प्रणाली कायम गर्न मरिमेट्छन् ?*

**राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा.)**
देशमा फेरि पनि निरंकुश राजतन्त्र भएको पन्ध्रसाले ढोगी पूँजीवादी संसदीय राजनीतिक प्रणाली फर्काउन मरिमेट्छ ।

**नेपाली कांग्रेस (ने.कां)**
देशमा पूँजीपति वर्गको तानाशाही भएको अहिलेकै पूँजीवादी संसदीय राजनीतिक प्रणालीलाई कायम राखीछोड्न र मजदूत पार्न मरिमेट्छ ।

**नेकपा (एमाले)**
अहिलेको पूँजीवादी संसदीय प्रणालीमा केही संवैधानिक सुधार गरेर यही बहुदलीय राजनीति प्रणालीको रक्षा र सदृढीकरण गर्न मरिमेट्छ ।

**संयुक्त जनमोर्चा (संजमो)**
अहिलेको पूँजीवादी संसदीय प्रणालीलाई क्रान्तिद्वारा बलपूर्वक ध्वंश गरेर देशमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्न मरिमेट्छ, जसमा राजतन्त्रको कुनै अस्तित्व बाँकी रहने छैन ।

### *यी पार्टीहरु कुन कुन वर्गको स्वार्थ रक्षा गर्छन् ?*

राप्रपा ले विदेशी साम्राज्यवादी शक्तिहरुको, जमीन्दार र धनी किसान वर्गको, ठूला र मझौला प्रतिक्रियावादी पूँजीपति वर्गको (जसभित्र दलाल र नोकरशाही पूँजीपति वर्ग पनि पर्छन् ।) र प्रतिक्रियावादी बुद्धिजीविहरुको स्वार्थरक्षा गर्ने काम गर्छ

नेकांले विदेशी साम्राज्यवादी शक्तिहरुको, देशका ठूला र मझौला प्रतिक्रियावादी पूँजीपति वर्गको (जसभित्र दलाल र नोकर शाही पूँजीपति वर्ग पनि पर्दछन्), उदार जमीन्दार वर्ग र धनी किसानको र उदारवादी एवं प्रतिक्रियावादी बुद्धिजीविहरुको, वकील, शिक्षक, प्राध्यापक, साहित्यकार, पत्रकार, डाक्टर, इंजिनीयर आदिको स्वार्थ रक्षा गर्ने काम गर्छ ।

एमालेले साना सम्पतिका मालिकहरुको, विशेष गरी शहरिया मध्यम र निम्न पूँजीपति वर्गको, गाउँका धनी, मझौला, गरीब किसान र खेतीहर श्रमिकको र निम्न पूँजीपति वर्गीय बुद्धिजीविहरुको स्वार्थ रक्षा गर्ने काम गर्छ ।

संजमोले श्रमिक वर्गको, साना सम्पतिका मालिकहरुको, विशेष गरी शहरिया मध्यम र निम्न पूँजीपति वर्गको, गाउँका मझौला, गरीब र भूमिहीन किसानको र निम्न पूँजीपति वर्गीय बुद्धिजीविहरुको स्वार्थ रक्षा गर्ने काम गर्छ ।

### यी प्रमुख पार्टीहरु जनतालाई कस्तो राजनीतिक स्वतन्त्रता र अधिकार दिन चाहन्छन् ?

रा.प्र.पा मुख्य अधिकार राजामा केन्द्रित गर्न चाहन्छ । जनताको अधिकारलाई ५ वर्षको एक पटक सांसद चुन्नु र सरकारले तोकेको कर तिर्नुमा मात्र सीमित गर्न चाहन्छ ।

ने.का. सारा अधिकार संसदको बहुमत प्राप्त सरकारमा केन्द्रित गर्न चाहन्छ । जनताको अधिकार चाहिं पाँच वर्षको एक चोटि सांसद चुन्नु, आमसभा गर्नु, र सरकारले तोकेको कर तिर्नुमा मात्र सीमित गर्न चाहन्छ ।

एमाले अहिलेको संविधान संशोधन गरेर जनताको अधिकार केही बढाउन चाहन्छ । स्थानीय निकायलाई र संचार माध्यमहरुलाई स्वायत्त बनाउन चाहन्छ । अहिलेको संविधानमा रहेको मौलिक अधिकारहरुलाई पूरापूर प्रयोग गर्न दिन चाहन्छ ।

संजमो राजाप्रदत्त अहिलेको संविधानलाई अन्त गरेर जनतालाई नै नयाँ गणतन्त्रात्मक संविधान निर्माणका निम्ति प्रतिनिधि चुन्ने अधिकार दिन चाहन्छ । सेना, प्रहरी, र प्रशासन जनताले चुनेका प्रतिनिधिहरुको हातमा हुने अधिकारको व्यवस्था गर्न चाहन्छ । संचार माध्यमलाई पूर्णत: स्वायत्त बनाउन चाहन्छ । रोजगारी, शिक्षा र स्वास्थ्यलाई जनताको मौलिक अधिकार बनाउन चाहन्छ ।

## यी पार्टीहरु राष्ट्रिय स्वाधीनताको लागि के गर्न चाहन्छन् ?

राप्रपा सित राष्ट्रिय स्वाधीनताको लागि कुनै कार्यक्रम नै छैन, यद्यपि यसको नामको शुरुमै "राष्ट्रिय" शब्द राखिएको छ । बरु उल्टो, राप्रपा यस्तो खुला बजारमुखी उदार अर्थतन्त्रको बकालत गर्छ, जसले नेपाललाई साम्राज्यवादी शक्तिको नयाँ उपनिवेश बनाउँछ । यसको "खुला बजार" अर्थतन्त्रले नेपालका उद्योगहरु ढल्छन् र देशको बजार र कच्चा पदार्थमा साम्राज्यवादीहरुको एकछत्र नियन्त्रण हुन जान्छ । नेपाल स्वाधीन हुनै सक्दैन ।

ने.का. सित पनि राष्ट्रिय स्वाधीनताको लागि कुनै कार्यक्रम छैन, यद्यपि यसको मूल नारा "राष्ट्रियता, प्रजातन्त्र र समाजवाद" हो । बरु उल्टो, यो पनि त्यस्तो खुला, बजारमुखी, उदार अर्थतन्त्रको बकालत गर्छ, जसले नेपाललाई स्वाधीन बनाउँदैन, साम्राज्यवादी शक्तिको नयाँ उपनिवेश मात्र बनाउँछ । यो पार्टीको उदार अर्थतन्त्रले नेपालका आधारभूत उद्योगहरु ढल्छन् । देशको जलस्रोत, बजार र कच्चा पदार्थमा साम्राज्यवादी शक्तिको एकछत्र नियन्त्रण कायम हुन्छ ।

एमाले राष्ट्रिय स्वाधीनताको लागि १९५० को सन्धि लगायत सबै असमान र अपमानकारी सन्धि संझौतालाई पुनरावलोकन गरी समानता, पारस्परिक सम्मान र लाभका आधारमा तिनलाई फेर्न चाहन्छ । यो पार्टी स्वाधीन राष्ट्रिय अर्थतन्त्रको पक्षधर छ । आयात प्रतिस्थापन र निर्यातमूलक उद्योगको विकास गर्ने यसको नीति छ । देशलाई आत्मनिर्भर बनाउन मद्दत पुऱ्याउने कृषिजन्य उद्योगलाई संरक्षण दिने यसको नीति छ ।

संजमो राष्ट्रिय स्वाधीनताको निम्ति १९५० को सन्धि लगायत सम्पूर्ण असमान सन्धि खारेज गर्न चाहन्छ । यो पार्टी आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको पक्षधर छ र भन्सार नीति यस अर्थतन्त्रलाई अनुकूल हुने गरी तय गरिनु पर्छ भन्ने धारणा राख्छ । राष्ट्रिय उद्योगहरुलाई संरक्षण दिने यसको नीति छ । यसको भार तसितको हाम्रो खुला सीमालाई नियन्त्रण गर्नु पर्छ भन्ने नीति छ ।

## यी पार्टीहरु जोताहा किसानले जमीन पाउनु पर्ने सवालमा के धारणा राख्छन् ?

राप्रपा जमीन्दार र धनी किसानको सबैभन्दा वेसी हित हुने गरी जमीनमा दोहोरो स्वामित्वको अन्त गर्ने धारणा राख्छ । यसनिम्ति जमीनको न्यूनतम हदवन्दी तोक्ने र जोताहा किसानले राज्यसित ऋण लिएर जमीन्दार र धनी किसानसित जमीन किन्ने व्यवस्था गर्ने राप्रपाको नीति छ । यो व्यवस्थाबाट जमीन्दार र धनी किसानहरु जोगिनेछन् र ऋणको व्यवस्था गर्न नसक्ने वहुसंख्यक जोताहा किसानले सदाको लागि मोहीको हकबाट हात धुनु पर्ने छ ।

ने.कां पनि जमिन्दार र धनी किसानको सबैभन्दा वेसी स्वार्थ रक्षा हुने गरी जमीनमा दोहोरो स्वामित्वको अन्त गर्ने धारणा राख्छ । यसका लागि ऊ प्रगतिशील कर प्रणालीद्वारा जमीनको हदबन्दी तोक्ने र जोताहा किसानले राज्यसित ऋण लिएर जमीन्दार र धनी किसानसित जमीन किन्ने व्यवस्था गर्ने नीति राख्छ । यो नीतिबाट जमीन्दार र धनी किसान जोगीनेछन् र ऋणको प्रबन्ध गर्न नसक्ने जोताहाहरुले सदाको लागि जमीनबाट हात धुनेछन् ।

एमाले सामन्ती भूस्वामित्वको अन्त गरेर वास्तविक जोताहा किसानलाई जमीन दिलाउन चाहन्छ, तर लुकाइएको जमीन बाहेक बाँकी सबै जमीनमा जमीनदार र धनी किसानलाई मुआव्जा दिनु पर्ने गरेर । एमाले पनि जमीनमा अधिकतम र न्यूनतम हदवन्दी तोक्न चाहन्छ । मुआव्जा र हदवन्दीको यो व्यवस्थाले जमीन्दार र धनी किसानको हितको रक्षा हुनेछ । तर यो मुआव्जा दिने पैसा जोताहा किसानसंग कहाँबाट आउनेछ, प्रष्ट छैन । एमाले र ाजा-रजौटा, किपट-कमैया र जमीन्दारी प्रथाको पूर्ण उन्मूलन गर्न चाहन्छ । राज्यको खर्चमा गुठी जग्गा जोताहाको नाममा दर्ता गर्न चाहन्छ ।

संजमो बिनामुआब्जा जमीन जफत गरेर सामन्ती, अर्धसामन्ती र गुठी स्वामित्वको पूर्ण रुपमा अन्त गर्न चाहन्छ र सम्पूर्ण जमीन जोताहा र भूमिहीन किसानको हातमा स्थानान्तरण गर्न चाहन्छ ।

## यी पार्टीहरु मजदूरहरुको हक र हितको लागि के गर्न चाहन्छन् ?

राप्रपा जमीन्दार र पूँजीपति वर्गको पार्टी हो । त्यसैले यसले पूँजीपति वर्गको हितमा कुनै नोक्सान नपुग्ने गरी मजदूरहरुको हक र सुविधा बढाउन चाहन्छ । रा.प्र.पा ले नेपालमा नेपाली मजदूरले मात्र काम गर्न पाउने, महंगीको अनुपातमा न्यूनतम ज्याला र बोनस बृद्धि गर्ने, उद्योगको शेयरको निश्चित कोटा मजदूरलाई वितरण गर्ने, मजदूरहरुको आवास, स्वास्थ्य र शिक्षाको प्रवन्धको लागि कानून परिवर्तन गर्ने जस्ता ससाना सुधारको कार्यक्रम अघि सारेको छ । यसले बाल मजदूरी, बंधुवा मजदूरी उन्मूलन गर्ने कार्यक्रम पनि पेश गरेको छ ।

नेका. पूंजीपति वर्गको पार्टी हो । त्यसैले यसले पूँजीपति वर्गको हितमा कुनै नोक्सान नपुग्ने गरी मजदूरहरुको हक र सुविधा बढाउन चाहन्छ । ने.का. ले मजदूरहरुको जीवन बीमा र पेन्सन व्यवस्थामा सुधार गर्ने र उत्पादन, व्यवस्थापनमा मजदूरहरुको सहभागिता बढाउने जस्ता स-साना सुधारका कार्यक्रम अघि सारेको छ ।

एमाले मजदूरहरुको हक र हित बढाउन श्रम ऐन २०४८, ट्रेड यूनियन ऐन २०४९ र सवारी एने २०४९ मा रहेका मजदूर हितविरोधी बुँदाहरुमा संशोधन गर्न चाहन्छ । मूल्य बृद्धिको आधारमा मजदूरहरुको न्यूनतम वेतन तोक्न चाहन्छ । बँधुवा मजदूरी र बालमजदूरी उन्मूलन गर्न चाहन्छ ।

संजमो उद्योगहरुको संचालन र व्यवस्थापनमा मजदूरहरुको सहभागिता गराउन चाहन्छ । रोजगारीलाई नागरिकहरुको मौलिक अधिकार बनाउन चाहन्छ ।

## यी पार्टीहरु नारीहरुलाई के हक दिन चाहन्छन् ?

राप्रपा छोरीले पनि छोरासरह सुविधा र हक पाउने कानूनी व्यवस्था गर्न चाहन्छ । नीति निर्माण हुने ठाउँमा अनिवार्य नारी सहागिताको व्यवस्था गर्न चाहन्छ ।

नेकां. नारी समानताको निम्ति बाधक बनेका कानूनहरुलाई संशोधन गर्न चाहन्छ । राष्ट्रिय नीति निर्णय गर्ने संस्थाहरुमा नारीहरुको प्रतिनिधित्व बढाउन चाहन्छ ।

एमाले नारी पुरुषबीच युगौंदेखि रहँदै आएको सम्पूर्ण राजनैतिक, आर्थिक, र सामाजिक-सांस्कृतिक असमानतालाई अन्त गरेर सबै क्षेत्रमा पुरुषसरह समान अधिकार दिलाउन चाहन्छ । नारीहरुलाई पनि पुरुषसरह आर्थिक उपार्जन गर्ने र आर्जन गरेको सम्पति स्वतन्त्रतापूर्वक खर्च गर्ने हक दिलाउन चाहन्छ ।

संजमो नारी र पुरुष बीच विद्यमान सम्पूर्ण पितृसत्तात्मक उत्पीडन र सामाजिक अन्यायका सबै रुपहरु अन्त गर्न चाहन्छ । सम्पतिमाथि छोराछोरी दुवैको समान हक कायम गर्न चाहन्छ ।

## यी पार्टीहरु जनजाति र भाषाभाषीहरुलाई के हक दिन चाहन्छन् ?

राप्रपा एउटा जातिको भाषा बाँकी सबैमाथि अनिवार्य राष्ट्रभाषाका रुपमा थोपर्न चाहन्छ । मा.वि. तहसम्मको शिक्षामा विभिन्न जनजातिको भाषा अध्यापन गराउन चाहन्छ । राष्ट्रिय सभामा दलीत जनजातिको प्रतिनिधित्व गराउन संविधान संशोधन गर्न चाहन्छ ।

नेकां. पनि एउटा जातिको भाषा बाँकी सबैमाथि अनिवार्य राष्ट्रभाषाको रुपमा थोपर्न चाहन्छ । पछौटे जनजातिको विकासको लागि विशेष कानूनी व्यवस्था गर्न चाहन्छ । खस भाषा बाहेक अन्य मातृभाषाका रुपमा बोलिने राष्ट्रिय भाषहरुलाई शिक्षा र संचार क्षेत्रमा अरु बढी प्रयोग गर्न दिन चाहन्छ ।

एमाले विभिन्न जाति, जनजाति, र भाषाबीच रहेको सम्पूर्ण भेदभावलाई अन्त गर्न चाहन्छ । सबै जनजाति र भाषालाई समान अधिकार, अवसर र सुविधा हुने कानूनी व्यवस्था गर्न चाहन्छ । पछौटे जनजातिलाई प्राविधिक क्षेत्रमा, शिक्षा, स्वास्थ्य र सरकारी सेवामा विशेष संरक्षण दिन चाहन्छ । स्थानीय निकायहरुलाई जनजाति, भाषा, धर्म र संस्कृतिको विकासको लागि स्वायत्त अधिकार दिन चाहन्छ । राष्ट्रिय सभामा पिछडिएका जनजातिको प्रतिनिधित्वको व्यवस्था गर्न संविधान संशोधन गर्न चाहन्छ ।

संजमो कुनै एउटा जनजातिको भाषालाई अनिवार्य राष्ट्रभाषा घोषित गर्ने परिपाटीको अन्त गर्न चाहन्छ । सबै जनजातिको भाषालाई समान व्यवहार कायम गर्न चाहन्छ । सबै नागरिकहरुलाई संसद र अदालतमा आफ्नो मातृभाषामा बोल्ने अधिकार र मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार स्थापित गर्न चाहन्छ । पिछडिएको जनजातिलाई सेना, प्रहरी, सरकारी सेवा, शिक्षा, स्वास्थ्य, रोजगारी र छात्रवृत्तिमा विशेष आरक्षणको व्यवस्था गर्न चाहन्छ । सबै जनजातिलाई स्वायत्तताको अधिकार दिन चाहन्छ । राष्ट्रिय सभामा जनजाति र पछौटे, दलित जनजातिको निश्चित प्रतिनिधित्व गराउने कानूनी व्यवस्था गर्न चाहन्छ ।

## यी पार्टीहरु नागरिकहरुलाई धर्म सम्बन्धमा कस्तो हक दिन चाहन्छन् ?

राप्रपा यो देशमा हिन्दू धर्मलाई विशेषाधिकार दिएर यो मुलुकलाई हिन्दू अधिराज्य कायम गरी राख्ने पक्षमा छ । यति गरेर ऊ बाँकी सबै धर्मलाई धार्मिक स्वतन्त्रता दिन चाहन्छ ।

नेकां पनि यो मुलुकलाई हिन्दू अधिराज्य नै कायम राखीछोड्ने पक्षमा छ । यसरी हिन्दू धर्मलाई विशेष अधिकार दिएर ऊ बाँकी सबै धर्मलाई धार्मिक स्वतन्त्रता दिन चाहन्छ ।

एमाले धर्मको क्षेत्रमा रहेको सम्पूर्ण भेदभाव अन्त गर्न चाहन्छ, सबै धर्मलाई समान अधिकार, अवसर र सुविधा दिन चाहन्छ ।

संजमो देशमा कुनै खास धर्मको एकाधिकार अन्त गर्न चाहन्छ । सबै धर्म मान्नेहरुलाई समान धार्मिक स्वतन्त्रता दिन चाहन्छ र देशलाई धर्म निरपेक्ष राज्य घोषित गर्न चाहन्छ ।

*(संक्षेपीकरण: मूल्यांकन)*

*स्रोत: सम्बन्धित पार्टीका चुनावी घोषणा पत्रहरु २०५१*

(..२०.पृष्ठको बाँकी)

## ८. यी वामपन्थी पार्टीहरु उत्पीडित जनजातिहरुलाई के हक दिन चाहन्छन् ?

एमाले- सबै जनजातिहरुलाई समान अधिकार, अवसर र सुविधा दिन चाहन्छ । स्थानीय विकासका निकायहरुलाई जनजातिहरुको संरक्षणको लागि स्वायत्तताको अधिकार दिन चाहन्छ । पछौटे जनजातिहरुलाई प्राविधिक क्षेत्र, स्वास्थ्य, शिक्षा र सरकारी सेवामा विशेष संरक्षणको हक दिन चाहन्छ । प्रहरी र सैनिक सेवामा समान प्रवेशको अवसर दिन चाहन्छ । राष्ट्रिय सभामा पनि उनीहरुको प्रतिनिधित्वको लागि संविधान संशोधन गर्न चाहन्छ । लोप हुन लागेका जनजातिहरुको लागि भाषा र संस्कृतिको रक्षा र विकासको लागि विशेष संरक्षण गर्न चाहन्छ ।

संजमो- कुनै खास जनजातिको भाषालाई राष्ट्र वा राज्य भाषा मान्ने स्थितिको अन्त गर्न चाहन्छ । सबै जनजातिको भाषालाई समानताको व्यवहार दिन चाहन्छ । जनजातिहरुलाई अदालत र संसदमा समेत आफ्नो मातृभाषा प्रयोग गर्ने अधिकार दिन चाहन्छ । आफ्नै मातृ भाषामा शिक्षा प्राप्त गर्ने अधिकार दिन चाहन्छ । जनजातिहरुलाई स्वायत्तताको अधिकार दिन चाहन्छ । पछौटे र दलित जनजातिका लागि सेना, सरकारी सेवा, प्रहरी, शिक्षा, स्वास्थ्य, रोजगारी, छात्रवृत्ति आदिमा विशेष आरक्षणको व्यवस्था गर्न चाहन्छ । र, राष्ट्रिय सभामा निश्चित प्रतिनिधित्वको लागि आरक्षणको व्यवस्था गर्न चाहन्छ ।

मसाल- जनजातिहरुलाई स्थानीय स्वायत्त शासनको अधिकार दिन चाहन्छ । दलित जातप्रतिको भेदभाव अन्त गर्न चाहन्छ । जनजाति र अल्प संख्यक जनजातिहरुको भाषा र संस्कृतिको विकासको र आर्थिक पछौटेपनका लागि विशेष व्यवस्था गर्न चाहन्छ ।

नेमकिपा- को घोषणा-पत्रमा उत्पीडित जनजातिको बारेमा कुनै कार्यक्रम दिइएको छैन । फगत शिक्षा क्षेत्रमा प्राथमिक शिक्षा मातृ भाषामा दिलाउने र मैथिली, अवधि, भोजपुरी, नेपाल-भाषा, गुरुङ, मगर, राई, लिम्बू, तामाङ, थारु आदि राष्ट्रिय भाषा र साहित्यको विकासको लागि बहुभाषी राष्ट्रिय एकेडेमी स्थापना गर्ने सवाल यसले उठाएको छ ।

नेकपा संयुक्त- निम्न माध्यमिक तहसम्म मातृ भाषामा शिक्षा प्राप्त गर्ने हक दिन चाहन्छ । सेना लगायत सबै क्षेत्रमा सबै जनजातिले प्रवेश पाउने अधिकार दिन चाहन्छ । रेडियो र टि.भि.मा जनजातिको भाषा प्रसारणमा तीव्रता ल्याउन चाहन्छ । जनजातिहरुले बसोबास गरेको क्षेत्रमा क्याम्पस तहसम्म उनीहरुको भाषागत उत्थानको कार्यक्रम संचलान गर्न चाहन्छ । अछूत जातहरुलाई आरक्षणको व्यवस्था गर्न चाहन्छ । भाषागत आधारमा जिल्लाको पुनर्गठन गर्न चाहन्छ ।

# वामपन्थी पार्टीहरु कति समान छन्, कति भिन्न छन् ?

## चुनावी घोषणा-पत्रको आधारमा तुलना

### १. यी वामपन्थी पार्टीहरु अहिले किन संसदमा जान चाहन्छन् ?

**नेकपा (एमाले)**

निर्वाचित संसदलाई बलियो बनाउन, बहुदलीय व्यवस्थाको रक्षा र सुदृढीकरण गर्न र कांग्रेसको कुशासनबाट जनतालाई मुक्ति दिलाउन कांग्रेसको विकल्पको रुपमा आफ्नो पार्टीको सरकार बनाउने लक्ष्य राखेर संसदमा जान चाहन्छ र सरकारमा गएर त्यसैमार्फत राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाका समस्या समाधान गर्न चाहन्छ । यो संसदलाई नै आफ्नो गतिविधिको मूल थलो बनाउन चाहन्छ । र, संसद बाहिर पनि संघर्ष संचालन गर्न चाहन्छ ।

**संयुक्त जनमोर्चा (संजमो)**

बर्तमान पूँजीवादी संसदीय व्यवस्थाबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरु हल हुन सक्दैनन्, यसका लागि नौलो जनतान्त्रिक व्यवस्था नै चाहिन्छ भन्ने कुरा जनतासामु संसदकै मंचबाट समेत व्यवहारले बोध गराउन, संसदको चरित्र र सीमाहरुको पर्दाफास गर्न, जनतामा क्रान्तिकारी विचार हरुको प्रचार प्रसार गर्न र वर्ग-शत्रुहरुको भण्डाफोर गर्न संसदमा जान चाहन्छ । संजमो संसदीय मंचको उपयोग मात्र गर्न चाहन्छ । संसदलाई आफ्नो गतिविधिको मुख्य थलो बनाउन चाहँदैन । मुख्य थलो संसद बाहिरको गतिविधिलाई बनाउन चाहन्छ ।

**नेकपा (मसाल)**

नेकपा (मसाल) पनि संसदीय प्रणाली वा त्यस अन्तर्गतको चुनावबाट जनताका समस्याहरु समाधान हुन्नन् भन्ने कुरा जनतामा प्रष्ट पार्न चाहन्छ । त्यसैले संसदीय प्रणाली र त्यस अन्तर्गतको चुनावमाथि जनताको भ्रम र विश्वासलाई साफ गर्न र त्यसरी नयाँ जनवादी क्रान्ति र सशस्त्र संघर्षको लागि जनमत, जनचेतना, र जनाधार तयार पार्न संसदीय चुनावको उपयोग मात्र गर्न चाहन्छ । र, प्रधान जोड संसद बाहिरको जन-संघर्ष र क्रान्तिकारी आन्दोलनलाई दिन चाहन्छ ।

**नेमकिपा**

पूँजीवादी चुनावबाट समाजवाद आउँछ भन्ने कुरामा नेमकिपा विश्वास गर्दैन । त्यसैले पूँजीवादी सत्तामा आत्म-समर्पण गर्नका लागि वा पूँजीवादी सत्तामा जानका लागि संसदमा जान यो चाहँदैन । यो पार्टी पूँजीवादी सत्ताको सकारात्मक र नकारात्मक पक्षलाई उदिंग्याउन, संशोधनवादी प्रवृत्तिलाई निरुत्साहित पार्न र समाजवादी व्यवस्था मात्र कामदार जनताको स्वर्ग हो भन्ने कुरालाई जनतासामु प्रचार गर्न र स्पष्ट गर्न संसदीय चुनावको उपयोग मात्र गर्न चाहन्छ । यो संसद बाहिरको वर्ग संघर्षलाई प्रमुख जोड दिन चाहन्छ, संसदलाई पनि वर्ग-संघर्षको एउटा थलो बनाउन चाहन्छ ।

**नेकपा (संयुक्त)**

यो पार्टीले संसदीय चुनावमा भाग लिनुको उद्देश्य आफ्नो चुनावी घोषणा- पत्रमा पेश गरेको छैन

### २. यी वामपन्थी पार्टीहरु अहिलेको पूँजीवादी संसदीय व्यवस्थाको विकल्पमा कुन राजनैतिक प्रणाली स्थापना गर्न चाहन्छन् ?

एमाले अहिलेको पूँजीवादी संसदीय व्यवस्थाको विकल्पमा जनताको बहुदलीय जनवाद स्थापना गर्न चाहन्छ । यसमा पनि बहुदलीय संसदीय व्यवस्था हुनेछ । बहुमतको सरकार र अल्पमतको विपक्ष हुनेछ । संविधानको सर्वोच्चता हुनेछ । मानव अधिकारको ग्यारेण्टी हुनेछ ।

संजमो अहिलेको पूँजीवादी संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्न चाहन्छ । यसमा बास्तविक सार्वभौमसत्ता जनताको हातमा हुनेछ, सेना, प्रहरी र प्रशासन जनताका प्रतिनिधिहरुको नियन्त्रणमा हुनेछ । जनतालाई पूर्ण राजनैतिक स्वतन्त्रता हुनेछ । संवैधानिक राजतन्त्र बाँकी रहने छैन ।

मसाल अहिलेको पूँजीवादी व्यवस्थाको विकल्पमा नयाँ जनवादी सत्ता स्थापना गर्न चाहन्छ । यसको चरित्र पूँजीवादी नै हुनेछ, तर संसदीय हुनेछैन । यसमा संपूर्ण सत्ता जनतामा हस्तान्तरित हुनेछ । राजाका सम्पूर्ण विशेषाधिकारको अन्त हुनेछ र, संविधान सभाको चुनाव हुनेछ ।

नेमकिपा अहिलेको पूँजीवादी व्यवस्थाको विकल्पमा समाजवाद स्थापना गर्न चाहन्छ, शोषणलाई कायम राख्ने र कामदार जनतामाथिको उत्पीडनलाई वैधता प्रदान गर्ने बहुदलीय प्रजातन्त्रको सट्टामा शोषणबिहीन र वर्गबिहीन समाजको लक्ष्यमा पुग्न चाहन्छ । र, कामदार वर्गलाई शासक वर्गका रुपमा स्थापना गर्न चाहन्छ ।

नेकपा संयुक्त

यसले आफ्नो घोषणा-पत्रमा अहिलेको पूँजीवादी व्यवस्थाको कुनै विकल्प पेश गरेको छैन ।

### ३. यी वामपन्थी पार्टीहरुले अहिलेको मुख्य चुनावी नारा केलाई बनाएका छन् ?

**एमाले**

यसले आफ्नो मुख्य चुनावी नारा "आगामी सरकार एमालेको, देशभक्त र प्रजातन्त्रवादीको" लाई बनाएको छ ।

**संजमो**

यसले आफ्नो मुख्य चुनावी नारा "जनघात, राष्ट्रघात र फासीवादलाई हराऔं बामपन्थी, देशभक्त र जनवादी शक्तिलाई जिताऔं" लाई बनाएको छ ।

**मसाल**

यसले आफ्नो मुख्य चुनावी नारा "फासीवादलाई परास्त गरौं ।" लाई बनाएको छ ।

**नेमकिपा**

यसले आफ्नो मुख्य चुनावी नारा "कामदार वर्गलाई शासक वर्गको रुपमा उठाऔं" लाई बनाएको छ ।

**संयुक्त**

यसले आफ्नो मुख्य चुनावी नारा "नेपाली कांग्रेलाई पराजित गरौं, सामन्ती प्रतिगामीलाई उठ्न नदिऊँ" लाई बनाएको छ ।

## ४. यी वामपन्थी पार्टीहरु जनतालाई कस्तो राजनैतिक स्वतन्त्रता दिन चाहन्छन् ?

एमाले जनतालाई दल बनाउने र चुनावी प्रतिस्पर्धा गर्ने, संयुक्त राष्ट्र संघले तोकेको मानव अधिकार उपभोग गर्ने, संविधानले दिएको मौलिक र प्रजातान्त्रिक अधिकार उपभोग गर्ने, विभिन्न संघ संस्था खोल्ने, जुलूस र आमसभा गर्ने, पेशागत र सामुदायिक हितका लागि सबैले संगठित हुन पाउने राजनैतिक स्वतन्त्रता दिन चाहन्छ ।

संजमो जनतालाई नयाँ गणतन्त्रात्मक संविधान निर्माण गर्न प्रतिनिधि चुन्ने, राष्ट्र र जनताको प्रतिकूल नहुने गरी आस्था अनुसारको राजनैतिक गतिविधिमा निर्बाध रुपले लाग्ने, अन्तर्राष्ट्रिय मान्यता अनुसारको मानव अधिकारको निर्बाध रुपमा उपभोग गर्ने, पूर्ण वाक् तथा प्रकाशन स्वतन्त्रता उपभोग गर्ने, सुसूचित हुने राजनैतिक स्वतन्त्रता दिन चाहन्छ ।

मसाल नयाँ गणतन्त्रात्मक संविधान निर्माण गर्न संविधान सभाको चुनाव गराउन चाहन्छ र त्यसका लागि जनतालाई प्रतिनिधि चुन्ने हक दिन चाहन्छ । संपूर्ण सत्ता- अधिकार जनताको हातमा हस्तान्तरण गर्न चाहन्छ । जनतालाई पूर्ण राजनीतिक स्वतन्त्रता, जसमध्ये निर्बाध प्रेस स्वतन्त्रता, संगठन स्वन्त्रता र अभिव्यक्ति स्वतन्त्रा मुख्य हुन्, दिन चाहन्छ ।

नेमकिपाले आफ्नो घोषणा पत्रमा जनतालाई दिन चाहेको कुनै राजनैतिक स्वतन्त्रताको बारेमा उल्लेख गरेको छैन । खालि संयुक्त राष्ट्र संघले तोकेको मानव अधिकार दिने सवाल उल्लेख गरेको छ ।

नेकपा (संयुक्त) ले पनि आफ्नो घोषणा-पत्रमा जनतालाई दिन चाहेको कुनै राजनीतिक स्वतन्त्रताको उल्लेख गरेको छैन ।

## ५. यी वामपन्थी पार्टीहरु किसानको निम्ति जमीन दिने सवालमा के सोच राख्छन् ?

एमालेले वास्तविक जोतहा किसानलाई मोहीको रुपमा कायम गर्दै जमीन्दार र धनी किसानलाई मुआव्जा दिने शर्तमा जमीनमाथिको दोहोरो स्वामित्व अन्त गर्न चाहन्छ र यसरी किसानलाई जमीन दिलाउन चाहन्छ । तर त्यो मुआब्जा दिने पैसा किसानसित कहाँबाट आउँछ ? - घोषणा पत्रमा प्रष्ट छैन । गुठी जग्गा चाहिं राज्यको खर्चमा जोताहा किसानाई दिलाउन चाहन्छ ।

संजमो बिना मुआव्जा जमीन जोत्नेको पार्न चाहन्छ । राज परिवार, मठ-मन्दिर, ठूला सामन्त, भाइ भारदार, राज पुरोहितहरुको जमीन बिनामुआव्जा जफत गरेर गरीब र भूमिहीन किसानलाई वितरण गर्न चाहन्छ । यसको तात्पर्य संजमो पनि साना सामन्त र धनी किसानलाई मुआव्जा दिन चाहन्छ ।

मसालले आफ्नो चुनावी घोषणा-पत्रमा किसानको निम्ति जमीन दिने सवालमा कुनै कार्यक्रमको उल्लेख गरेको छैन । खालि किसानमाथिको सामन्त, पुलिस, प्रशासनको अन्याय, अत्याचार र कूटपीट बन्द गर्ने सवाल मात्र उठाएको छ ।

नेमकिपा प्रगतिशील भूमिसुधार द्वारा जोताहालाई जमीनको मालिक बनाउन चाहन्छ । त्यसका निम्ति सर्वप्रथम मोहियानी हकको सुरक्षा गर्न र देशभरि काठमाडौ उपत्यकामा जस्तै एकै बाली र २३ पाथी कूतको बन्दोवस्त गर्न चाहन्छ । नारी र धर्मपुत्रले पनि मोहीयानी हक पाउने कानूनी बन्दोवस्त गर्न चाहन्छ । गुठी जग्गालाई पनि जोताहाको नाममा दर्ता गर्न चाहन्छ । तर घोषणा-पत्रमा मुआव्जा दिएर जमीनजोताहालाई दिने कि बिनामुआव्जा, ?- यसबारे केही उल्लेख छैन ।

नेकपा संयुक्तले अहिलेको हदबन्दीलाई ५०% घटाएर उब्रेको जमीन भूमिहीन किसानलाई दिन चाहन्छ । मध्यम र निम्न मध्यम किसानको हितको रक्षा गर्दै जमीनमा दोहोरो स्वामित्वको अन्त गर्न चाहन्छ ।

## ६. यी वामपन्थी पार्टीहरु नारीलाई के हक दिन चाहन्छन् ?

एमाले- नारीलाई युगौंदेखि रहँदै आएको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक भेद र असमानतालाई अन्त गरी सबै क्षेत्रमा पुरुषसरह समान अधिकार दिन चाहन्छ । नारीलाई पनि आर्थिक उपार्जन गर्ने र आर्जन गरेको संपत्ति स्वतन्त्रतापूर्वक उपयोग गर्ने अधिकार दिन चाहन्छ । नारीलाई समान कामको लागि पुरुषसरह समान ज्यालाको अधिकार स्थापित गर्न चाहन्छ ।

संजमो- नारीमाथि भइरहेको पितृसत्तात्मक उत्पीडन एवं सामाजिक अन्यायका सबै रुपहरु अन्त्य गर्न चाहन्छ । संपत्तिमाथि छोराछोरी दुवैको समान हक कायम गर्न चाहन्छ ।

मसाल- नारी सम्बन्धी सबै प्रकारको भेदभावपूर्ण कानूनहरुको अन्त गरी नारीलाई समान हक दिन चाहन्छ । संपत्तिमा पनि नारीलाई पुरुषसरह समान अधिकार दिन चाहन्छ ।

नेमकिपा- नारीको समानताको हक व्यवहारमा लागु गराउन चाहन्छ ।

संयुक्त- नारीको लागि छोरीले पनि छोरा जस्तै पैतृक संपत्ति प्राप्त गर्ने अधिकार दिन चाहन्छ ।

## ७. यी वामपन्थी पार्टीहरु मजदूरहरुको वर्तमान शोषित र शासित स्थितिमा के परिवर्तन ल्याउन चाहन्छन् ?

एमाले- बँधुवा मजदुरी र बाल मजदूरी उन्मूलन गर्न चाहन्छ । वेतनवोर्ड गठन गरेर मूल्य वृद्धिको आधारमा वेतन निर्धारण गर्न चाहन्छ । श्रम ऐन २०४८ र सवारी ऐन २०४९ मा रहेका मजदूर-हितविरोधी बूँदाहरुलाई संशोधन गर्न चाहन्छ । होटल, ट्रेकिङ र पर्यटन क्षेत्रमा मजदूरको हक-हितका लागि नयाँ ऐन बनाउन चाहन्छ । यसरी मजदूरमाथि भइरहेको शोषण उत्पीडन अन्त गर्न चाहन्छ ।

संजमो- सर्वहारा मजदूरहरुको नेतृत्वमा देशमा नयाँ जनवादी गणतन्त्र ल्याउन चाहन्छ, जहाँ मजदूरहरु शासक हुन्छन् । उद्योगहरुको संचालन र व्यवस्थापनमा मजदूरहरुको सहभागिता हुने नयाँ स्थिति ल्याउन चाहन्छ । रोजगारी पाउनुलाई नागरिकहरुको मौलिक अधिकार बनाउन चाहन्छ ।

मसाल- पनि सर्वहारा मजदूरहरुको नेतृत्वमा देशमा नयाँ गणतन्त्रात्मक जनवादी सत्ता ल्याउन चाहन्छ, जहाँ मजदूरहरु शासक हुन्छन् । त्यो नभएसम्म हालका लागि मजदूरुको न्यूनतम ज्याला तोक्न चाहन्छ । मजदूर- हितका लागि नयाँ श्रम ऐन ल्याउन चाहन्छ ।

नेमकिपा- समाजवादी व्यवस्था ल्याउन चाहन्छ, जहाँ कामदारहरु शासक वर्गका रुपमा उठ्छन् । हाल मजदूरहरूको लागि उचित ज्याला र कामको ग्यारेण्टी गर्न चाहन्छ ।

संयुक्त- राष्ट्र बैंकको मूल्य वृद्धिको सूचीको आधार मा हरेक वर्ष मजदुर हरुको तलब वृद्धि गर्न चाहन्छ । आठ घण्टाको श्रम-दिन कडाइका साथ लागु गर्न चाहन्छ । ६ महीना काम गर्नेले स्वतः स्थायी नियुक्ति पाउने व्यवस्था गर्न चाहन्छ ।

बाँकी ..१८...... पेजमा

# कस्तो यातना दिईदैछ बन्दीहरुलाई कांग्रेसी प्रजातन्त्रमा ?



"बन्दीलाई पिट्दापिट्दै लठ्ठी भाँचियो । लठ्ठी भाँचिएपछि पिटिरहेको प्रहरी समेत रोयो । प्रहरी रोएपछि प्रहरी निरीक्षकले उल्टै हप्कायो र थप कुटपीट गर्न प्रोत्साहित गऱ्यो । बन्दीहरुको दुबै हात खुट्टा बाँधियो । टाउको तल पारेर भुण्डाईयो । यसरी भुण्ड्याए पछि तोरीको तेल र मट्टीतेलमा चोपेको पुल्ठोले उनीहरुको पैतालामा पोलियो । नङमा सियोले घोचियो । होश खुलेपछि कम्बल ओढाएर उनीहरुलाई लठ्ठीले पिटियो । यस्तो अवस्थामा उनीहरुले पानी मागे । पानी माग्ने बन्दीहरुको मुखमा दुई जना प्रहरीले पिसाब फेरिदिए ।" *("यातना मुक्ति" बाट/ CVICT अर्थात् यातना पीडित सरोकार केन्द्र)* ।

यस्ता अमानवीय यातनाहरु राणाकालमा छोडेर ३० वर्षसम्म निरंकुश पंचायती कालमा पनि निक्कै हुने गर्दथ्यो । तर यस्ता बर्बर यातनाहरु २०४६ को जनआन्दोलनपछि पनि प्रजातन्त्रको भण्डा सबैभन्दा बेसी उचालिरहेको दावी गर्ने कांग्रेसी शासनमा थुनामा रहेका बन्दीहरुलाई अझै पनि दिइन्छ भन्ने कुरा सहजै पत्याउन सकिन्न । माथि उल्लेखित अति अमानवीय र पाशविक यातना २०४८ माघ १ गते बागलुङ्ग जिल्लाको जैमीनी घाटमा भएको एक प्रहरी अधिकृतको हत्या र त्यस क्रममा पक्राउ गरिएका व्यक्तिहरुलाई दिइएको यातनाको यथार्थ बर्णन हो ।

यसरी अहिले पनि नेपालमा प्रजातन्त्र र मानवाधिकारको खोल ओडेर बर्तमान शासकहरुले कैदीहरुमाथि त्यतिकै यातना दिइरहेछन्, जसले हाम्रो देश पन्धौं शताब्दीतिरको सामन्ती जगजगीमा रहेको भान गराउँछ । मुख्य रुपमा नेपालमा अहिले शारीरिक र मानसिक यातनाका अनेकौं तरीकाहरु अपनाइने गरेको पाइन्छ ।

शारीरिक रुपमा दिइने मुख्य यातनाहरुमा लौरो, टायर, पाइप, विद्युतको तार आदिले पैतलामा र गुप्ताङ्गको छेउ छेउमा पिट्ने, घुंडामा, कुइनामा लगायत शारीरिक जोर्नीहरु र कन्चटमा हिर्काउने, पेट तथा कोखामा लठ्ठी वा मुड्कीले घोच्ने आदि पर्दछन् । त्यस्तै बन्दी महिलाहरुलाई बलात्कार गर्ने, गुप्ताङ्गमा लौरो घुसार्ने, लिंगमा डोरी बाँध्ने, गुप्ताङ्ग र स्तन लगायत शरीरका अन्य संवेदनशील अंगहरुमा करेन्ट प्रवाह गर्ने र कुटपीट गर्ने गरेका घटनाहरु पनि नेपालमा कैदीहरुमाथि दिइने यातनाका बर्बर रुपहरु हुन् ।

नेपालका प्राय: जसो हिरासतहरुमा कान, जिब्रो, औंलाका टुप्पामा, गुप्ताङ्गमा करेण्ट प्रवाहित गर्ने र पानीको भाँडोमा निसासिने गरी टाउको डुबाईदिने घटनाहरु प्रजातन्त्रको पुनर्स्थापनापछि पनि कायमै रहेको पाइन्छ । यस्ता यातनाबाट यातना पीडित व्यक्तिहरुको मृत्यु समेत हुन सक्ने धेरै खतरा रहन्छ ।

शरीरका विभिन्न भागहरुमा चुरोट, बिडी, आगो र तातो फलामे डण्डीले पोल्ने, एक या दुई हात र खुट्टा समेत बाँधेर एकोहोरो भुण्ड्याउने, खुट्टा माथि र टाउको तल पारेर भुण्ड्याएपछि तलबाट धुंवा, खुर्सानीको पीरो धुवाँ लगाउने जस्ता पीडादायी यातनाहरु पनि नेपालमा वारम्बार दोहोरिँदै आएको यातनाहरु हुन् ।

विभिन्न रुपका, स्वास्थलाई प्रतिकूल हुने औषधी र लागु पर्दाथ सेवन गराएर बयान लिने, इन्जेक्सन दिने, कपाल उखेलिदिने, चारपाटा मुण्डन गर्ने, नङ्ग उखेल्ने र पीनले घोच्ने, दाँतमा असर पर्ने गरी कुट्ने वा भाँचिदिने, बोरामा कस्ने, औंलाको बीचमा त्रिकोणाकार लठ्ठीले घुमाउने, उठवस गराउने आदि यातनाशारीरिक रुपमा दिंइदै आएका छन् ।

यस्ता यातनाहरु प्रयोग गरी बन्दी वा अपहरित व्यक्तिलाई तर्साउने, धम्काउने र बयान लिने गरिएको पाइन्छ । तुरुङमा हाल्ने, सिस्नो वा अल्लोले पोल्ने, काउसो लगाउने, खाडलमा पुर्न खोज्ने, बन्द कोठामा धुंवा लगाउने, हिउँमा सुताउने, फोहर ठाउँमा राख्ने जस्ता यातनाहरुको अवशेष पनि रहिरहेकै छ ।

शारीरिक यातनासंगसंगै मानसिक यातनाका लागि एकान्तमा राखेर कसैसंग भेट गर्न नदिने, अँध्यारोमा महिनौं राख्ने, मार्ने, कुट्ने धम्की दिईरहने गरेको पनि पाइन्छ । प्रियजनहरुलाई दु:ख दिने, व्यक्तित्वमा आँच आउने गरी अपमानित गर्ने, चरित्र हत्या गर्ने यातना दिएको प्रत्यक्ष देखाउने र त्यस्तै यातना दिने चेतावनी दिने, राती जंगल र नदीमा छोड्ने, हिंस्रक जनावर र सर्पहरुको अगाडि लैजाने जस्ता मानसिक यातनाका अनेकौं तरीकाहरु नेपालमा अप्नाउँदै आउने क्रममा अहिलेसम्म पनि ती तरीकाहरु रहिरहेकै छन् ।

मानवाधिकार सम्बन्धी एक दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय सन्धिहरुमा हस्ताक्षर गरिसकेको देशको कथित प्रजातान्त्रिक सरकारले त्यस्ता अमानवीय यातनाहरु कायमै राख्नु ज्यादै लज्जास्पद कुरा हो । प्रंजातन्त्र र मानवाधिकारको नाममा जनतासंग कथित प्रतिवद्धता व्यक्त गर्दै अहिले पनि वर्तमान कांग्रेसको सरकारले त्यस्ता जघन्य अपराध ठहर्ने यातनाहरुलाई नै अनुशरण गर्दै आइरहेके दर्जनौं घटनाहरु पाइएका छन् ।

***– लेखनाथ भण्डारी***

*तथ्य स्रोत: मानव अधिकार वर्ष पुस्तक १९९३*

*चित्र: यातना मुक्ति*



# गणेशमान सिंहको पछिल्लो

# गिरिजा प्रबृत्तिलाई परास्त गर्नुहोस् !



**आदरणीय दाजु-भाइ तथा दिदी-बहिनीहरु !**


**जन-आन्दोलन: २०४६**

निर्दलीय पंचायत व्यवस्थालाई समाप्त पारेर बहुदलीय प्रजातन्त्रको स्थापनाका लागि भएको थियो । सम्पूर्ण नेपाली जनताको बीरतापूर्ण संघर्ष र अनेकौं शहीदहरुको प्रेरक शहादतले सो आन्दोलनलाई सफलताको ढोकासम्म पुऱ्याएको हो । आज तपाई हामीले उपभोग गरिरहेको प्रजातन्त्र त्यही जन-आन्दोलनको सुन्दर उपलब्धि हो। जनतामा निहित सार्वभौमसत्ता, बालिग मताधिकार मा आधारित संसदीय व्यवस्था, संवैधानिक राजतन्त्र, अकुण्ठित मानवाधिकार र यी सबको प्रत्याभूति दिने संविधान पनि यसैका उपज हुन् । यस सन्दर्भमा म सर्वप्रथम प्रजातन्त्रका सारा शहीदहरुप्रति श्रद्धाञ्जलि अर्पण गर्दै समस्त नेपाली जनतामा हार्दिक अभिवादन गर्दछु ।

जन-आन्दोलनको सर्वोच्च कमाण्डरको जुन गौरवमय जिम्मेदारी तपाईहरुले मलाई दिनुभएको थियो, त्यो जिम्मेदारी जन-आन्दोलनको सफलताले मात्र टुंगिदैन, यसले हासिल गरेका तमाम उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक क्रान्तिद्वारा नेपाली जनताको जीवनस्तर उकास्ने र नयाँ समृद्ध नेपालको निर्माण गर्ने प्रक्रिया स्थिर एवं सशक्त बनाएपछि मात्र टुंगिनेछ, किनभने प्रजातान्त्रिक आन्दोलनका समग्र योद्धा र सारा शहीदहरुको सपना त्यसबेला मात्र पूरा हुनेछ भन्ने मेरो सुनिश्चित धारणा छ। म त्यो जिम्मेदारी पूरा गर्न सक्ने कुरामा आशावादी मात्र होइन, प्रयत्नशील पनि थिएँ। तर जन-आन्दोलनपश्चात् मुलुकमा सत्तासीन हुन पुगेको समूहले आर्थिक भ्रष्टाचार र अनैतिकतालाई आफ्नो मूल मन्त्र मानेर नेपाली जनताको पेट तथा राष्ट्रिय अर्थतन्त्रलाई दिनप्रतिदिन खोक्रो पार्दै लैजान थालेको, जनआन्दोलनका उपलब्धि र प्रतिज्ञाहरुलाई निस्तेज तथा यसको मर्म र भावनालाई निष्प्राण तुल्याउने सुनियोजित प्रयासहरु चलाइरहेको, प्रजातन्त्र र यसका आदर्शहरुलाई तिलान्जलि दिएर मुलुकलाई जनआन्दोलन-पूर्वको युग र अवस्थातिर धकेल्न प्रयास गरिरहेको, अनि सत्तारुढ पार्टीले पनि यस प्रवृत्तिमाथि अंकुश लगाउनाको सट्टा यसैलाई अन्ध समर्थन र विवेकहीन पुठ दिन लागेको देखेर म अत्यन्तै मर्माहत हुन पुगें । मैले कलबलगुडीको पार्टी महाधिवेशनदेखि लिएर महासमिति र केन्द्रीय कार्यसमितिसम्मका पार्टीका सम्पूर्ण वैधानिक मंचका बैठकहरुमा बारम्बार आवाज उठाएर त्यस्ता क्रियाकलापहरुलाई रोक्ने प्रयास गरें तर सत्ताउन्माद र निहित स्वार्थको त्यो भीषण कोलाहलमा मेरो स्वरले सधैं असहाय महशूस गर्नु पऱ्यो। मुलुक र प्रजातन्त्रको स्थिति ज्यादै विकराल हुन थालेपछि मैले अन्ततः मेचीदेखि महाकालीसम्म भ्रमण गर्ने र तपाईहरुसंग स्वयं भेटघाट गरेर बास्तविकता स्पष्ट्याउने उद्देश्यले जनजागरण अभियानको क्रम पनि प्रारम्भ गरेको हुँ । तर अचानक ठूलो दुर्घटना परेर स्वास्थ्य उपचारमा लाग्नु पऱ्यो, जसले गर्दा त्यो क्रम बीचैमा टुट्न पुग्यो । तपाईहरुको शुभेच्छाले अब म स्वस्थ भैसकेको छु तापनि चिकित्सकहरुको सल्लाह अनुसार पहिले जस्तै चलफिर गर्न अझै केही समय लाग्नेछ । यसैबीच, राष्ट्रियता र प्रजातन्त्रमाथि नै सोझो एवं निर्णायक प्रहार गर्ने मनसाय बोकेका प्रतिगामी तत्वहरुको खुला समर्थनका आधारमा, वैयक्तिक सनकद्वारा प्रेरित भएर मध्यावधि निर्वाचन देशमाथि जबर्जस्ती लादिएको छ, जो देशका लागि बिल्कूलै आवश्यक थिएन । जनआन्दोलनकारी शक्तिहरु यसको समर्थनमा थिएनन्। तर जसरी लादिएको भए तपानि मध्यावधि निर्वाचनमा जानु आज हाम्रो नियति बनिसकेको छ र प्रजातन्त्रको रक्षामा अरु उपायहरु प्रभावहीन तथा निरर्थक भएर जन अदालतमा जानु एकमात्र विकल्प बाँकी रहेको वर्तमान सन्दर्भमा आफ्नो निहित महत्वाकांक्षा र स्वार्थका लागि संसद र प्रजातन्त्रका मर्यादाहरुलाई भताभुंग पारेर तानाशाह बन्न खोज्ने प्रवृत्तिलाई परास्त गर्न यो मध्यावधि निर्वाचन ठूलो मौका बन्न सक्छ भन्ने मेरो विश्वास छ । यही विश्वासले गर्दा आज यो अपीलमार्फत आफ्ना भावनाहरु लिएर म तपाईहरुका सामु उपस्थित भएको छु ।

### जन-आन्दोलनको भावना

प्रजातन्त्रको पुन:र्स्थापनाका लागि देशमा दशकौंसम्म थुप्रै संघर्ष र आन्दोलनहरु चलेका हुन् । ती सबमा म पनि एउटा समर्पित सिपाहीका रुपमा सम्मिलित रहँदै आएको हुँ र तिनको उच्च मूल्यांकन पनि गर्दछु। तर सत्य के हो भने २०४६ को जनआन्दोलनले मात्र आफ्नो लक्ष्य हासिल गर्न सक्यो किनकि यसको भावना यस अधिका तमाम संघर्ष र आन्दोलनहरुको भन्दा बिल्कूलै बेग्लै थियो । त्यो भावना थियो- राष्ट्रियता र प्रजातन्त्रका निम्ति पंचायतविरोधी एवं प्रजातन्त्रको पुनर्स्थापना गर्न चाहने तमाम शक्तिहरुबीचको सहमति, सहभागिता र मेलमिलाप अपरिहार्य छ । राष्ट्रिय मेलमिलापको व्याख्याका रुपमा मैले २०३३ सालदेखि नै यो भावना बारम्बार अघि सार्दै आएको थिएँ तर यसलाई व्यवहारमा उतार्ने बृहत्तर अवसर जनआन्दोलन २०४६ का रुपमा मात्र उपलब्ध हुन सक्यो। जनआन्दोलनको यो मर्म, यो भावनालाई भविष्यसम्म जीवन्त रुपमा अघि बढाउन सके मात्र हाम्रो मुलुकमा राष्ट्रियता र प्रजातन्त्रको संरक्षण, सम्बर्द्धन हुन सक्छ, आर्थिक क्रान्तिद्वारा नेपाली जनताको जीवनस्तर उकास्ने लक्ष्य पूरा हुन सक्छ अनि नेपालको स्वर्णिम भविष्यको रचना हुन सक्छ भन्ने मेरो दृढ विश्वास छ। यसो हुन नसकेमा कुनै न कुनै नाम, रुप वा अनुहारमा आएर प्रजातन्त्रविरोधी, अधिनायकवादी शक्ति र प्रवृत्तिले यो



# महत्त्वपूर्ण वक्तव्यको पूर्ण पाठ !

**ने.का.का हिजोका सर्वोच्च नेता गणेशमान सिंह जन-आन्दोलन, २०४६ का उपलब्धिहरुलाई रक्षा गर्ने दायित्वबोधले ओतप्रोत भई यही कार्तिक १४ गते सार्वजनिक वक्तव्य मार्फत जनतासामु आउनु भएको छ। गिरिजा गुटका विरुद्ध, विद्रोही कांग्रेसीहरुको पक्षमा एवं जन-आन्दोलन, २०४६ का सहभागी वामशक्तिहरु समेतको पक्षमा उहाँले यसमा आफूलाई उभ्याउनु भएको छ। यो वक्तव्य गणेशमानको जीवनको हालसम्मको अनुभवको निचोडको रुपमा बाहिर आएको छ। यसले चुनावी स्थितिमा मात्र हैन, नेपालको समग्र राजनीतिक स्थितिमै महत्वपूर्ण प्रभाव छोड्ने देखिएकोले यसको पूर्ण पाठ पाठकहरुसामु प्रस्तुत गरिएको छ।**

मुलुकलाई पुन: आफ्नो पंजामा अँठ्याउनेछ र नेपाली जनताले पुन: अँध्यारो युगमा फर्कनुपर्नेछ । त्यसबेला प्रजातन्त्र मात्र समाप्त हुनेछैन, हाम्रो राष्ट्रियता पनि समाप्त हुनेछ र नेपालीको अस्तित्व एवं अस्मिता पनि लुटिनेछ ।

## दुर्भाग्यपूर्ण परिस्थिति

हाम्रो दुर्भाग्य के भइदियो भने, जनआन्दोलनको सफलता पश्चात् यसका उपलब्धिहरुलाई संस्थागत गर्ने जिम्मा त्यस्तो प्रवृत्तिका हातमा पर्न गयो, जो जन-आन्दोलनको भावनासंग बिल्कुलै सहमत थिएन, बरु त्यसको विपरीत प्रजातन्त्रविरोधी शक्तिहरुसंगै मेलमिलाप गरेर अघि बढ्न चाहन्थ्यो। यस प्रवृत्तिको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गर्नु हुन्छ । उहाँ जनआन्दोलनको पक्षमा हुनुहुन्नथ्यो । उहाँको तीव्र विरोधका बाबजूद पार्टीले आन्दोलन गर्ने निर्णय गरेपछि उहाँले त्यसको सार्वजनिक विरोध गर्नु भएन । जनआन्दोलनमा उहाँको एक मात्र योगदान यत्ति हो । त्यसपछि पनि उहाँको समूहले स-साना निहुँ झिकेर आन्दोलन आफ्नो लक्ष्यमा पुग्नु अगावै त्यसलाई समाप्त पार्न बारम्बार कोशिस गरेकै हो । यही कारण हो कि जनआन्दोलन समाप्त हुँदा नहुँदै यसलाई "पंचको पनि जीत" साबित गर्न उहाँ हतारिनु भएको थियो । झन् प्राविधिक कारणले सत्ता सम्हाल्न पुगेपछि त उहाँको मिसन नै त्यही जस्तो देखिन थाल्यो। जन-आन्दोलनकारी शक्तिहरुसंग उहाँले शत्रुको व्यवहार गर्न थाल्नु भयो भने जसका विरुद्ध जनआन्दोलन भएको थियो, उनीहरुसंग हातेमालो गरेर अगाडि बढ्न थाल्नु भयो । प्रजातन्त्रका समर्पित योद्धाहरुलाई सुनियोजित तवरले अपमान गर्न थालियो। पार्टीको ठाडो अवहेलना गर्न थालियो र टनकपुर जस्ता कैयौं मामिलाहरुमा संसदलाई ढाँट्न संकोच मानिएन। अदालतका आदेशहरुको उपेक्षा र अवज्ञा शुरु भयो। प्रजातन्त्र संवादको व्यवस्था हो तर विपक्ष त के, आफ्नै पार्टीका साथीहरुसंग पनि संवाद चलाइएन, सभामुख र संवैधानिक अंगसंग पनि संवाद गरिएन। एकोहोरो आफ्नो हठवादी डम्फू पिट्ने काम मात्र गरियो । विपक्षसंग गरिएका संझौताहरुको कार्यान्वयन गर्नुको सट्टा तिनलाई झुक्याउने प्रपंचका रुपमा मात्र हेर्न थालियो । आफ्नै नेता र साथीहरुसंग गरिएको प्रतिज्ञा पनि निर्वाह गरिएन। प्रजातान्त्रिक मूल्य मान्यताहरुलाई पददलित गरेर निरंकुशतालाई अघि बढाइयो । राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतिर ध्यान दिइएन । राष्ट्रिय हित विपरीतका कामहरु लगातार हुन थाले। देशको इज्जतमाथि नै खेलबाड शुरु गरियो। जनता पंचायतमा भन्दा बढी शोषित, अवहेलित एवं असुरक्षित महशूस गर्न थाले। तीन वर्षमा महँगीले आकाश छोयो, बेरोजगारीमा व्यापक वृद्धि भयो, पिछडिएकाहरुले अघि बढ्ने अवसर पाएनन् र सर्वसाधारणको जीवन अत्यन्त कठीन बन्न पुग्यो । नातावाद, परिवारवाद र जातिवादको बोलबाला शुरु भयो। कुर्सीमा बस्नेहरु घुस कमिशन खानु अवैध होइन भन्दै हिड्न थाले। भ्रष्टाचारको ताण्डवनृत्य चल्न थाल्यो । गरीब जनताका लागि विदेशबाट प्राप्त सहयोगको व्यापक दुरुपयोग हुन थाल्यो । प्रधानमन्त्री स्वयं भ्रष्टाचार र अनियमिततामा संलग्न भएका प्रतिवेदनहरु संसदीय समितिबाट आउन थाले। शैक्षिक क्षेत्र अराजकताग्रस्त बन्यो र कर्मचारीतन्त्रमा स्वाभिमान एवं स्वच्छ छवि खोज्ने प्रयास गरिएन। समाजसेवाको क्षेत्र अन्योलग्रस्त बन्यो । समाजवादको आदर्श परित्याग गरियो। पारित भइसकेको भूमि सम्बन्धी कानून लागू गरिएन र राष्ट्रिय पूंजी तथा राष्ट्रिय उद्योगलाई संरक्षण दिनाको सट्टा देशका उद्योगधन्दाहरु विदेशीलाई निस्संकोच बेच्न थालियो । अभिव्यक्तिको स्वतन्त्रतामाथि आक्रमण गर्न थालियो र संचारको व्यापक दुरुपयोग गरियो । संक्षेपमा भन्ने हो भने, जनआन्दोलनका उपलब्धिहरुलाई निरर्थक साबित गर्न कुनै कसर बाँकी राखिएन । शहीदको सपना र जन आकांक्षालाई धूलोमा मिलाइयो ।

## निर्दलीयताको प्रतिच्छाया

बहुदलीय प्रजातन्त्र भनेको पार्टी आधारित व्यवस्था हो । यसमा पार्टीहरुले आफ्नो घोषणापत्रका आधारमा चुनाव लड्छन् । जनताले पार्टीलाई भोट दिन्छन्, बहुमत प्राप्त पार्टीले सरकार बनाएर आफ्नो घोषणापत्र लागू गर्छ, पार्टीले नै सरकारको नेतृत्व कसले गर्ने भन्ने निर्णय गर्छ, सरकारले महत्वपूर्ण निर्णयहरु लिंदा आफ्नो पार्टीको सहमति प्राप्त गर्छ, साथै विशेष महत्वका विषयहरुमा सदनमा अन्य पार्टीहरुको समेत अनुमोदन लिन्छ । संसारभरिको प्रचलन र परम्परा यही हो। तर गिरिजा प्रवृत्तिले प्रजातन्त्रको यो मर्म आत्मसात् गर्न सकेन । आफ्नो विचार र व्यवहारहरुलाई पूर्व व्यवस्थाको प्रतिच्छायाबाट उसले मुक्त गर्न सकेन । गिरिजाप्रसाद कोइराला पनि एउटा व्यक्तिका रुपमा, व्यक्तिगत अपीलको भरमा चुनाव लडेर सोझै प्रधानमन्त्री निर्वाचित हुनु भएको नभई नेपाली कांग्रेसको उम्मेदवारको रुपमा, कांग्रेसको घोषणापत्रका आधारमा चुनाव लडेर सांसद चुनिएपछि नेपाली कांग्रेसको निर्णयबाट प्रधानमन्त्री बन्नु भएको हो। तर त्यो पदमा पुग्नासाथ उहाँ सरकारका कुनै पनि निर्णयमा पार्टीको कुनै सल्लाह, सहमति वा अप्रत्यक्ष भूमिकासम्म अग्राह्य र अवांछनीय ठान्ने अन्धहठप्रति प्रतिबद्ध बनेर देखा पर्नुभयो। यस्तो लाग्थ्यो, मानौं, उहाँ बहुदलीय निर्वाचनबाट सत्ता हासिल गरेर निर्दलीय प्रकृतिको सरकार चलाउन उत्सुक हुनुहुन्छ। त्यसको केही दिन नबित्दै उहाँ आफूलाई जनताले पाँच वर्षका लागि प्रधानमन्त्री निर्वाचित गरेको भन्दै हिंड्न थाल्नु भयो। देशका बुद्धिजीवीहरुले त्यसो भन्नु ठूलो गल्ती हो भन्दाभन्दै पनि उहाँ आफ्नो गलत धारणालाई सच्याउन तयार हुनुहुन्न । पाँच वर्षका लागि त जनताले प्रतिनिधिसभाका सम्पूर्ण सांसदहरुलाई नै निर्वाचित गरेका थिए तर त्यो जनादेशको उहाँले एकै छप्कामा हत्या गरिदिनु भयो र त्यस बापत कति पनि लाज शरमको अनुभव नगरी यति ठूलो झूठ बारम्बार दोहोऱ्याउँदै हिडिरहनु भएको छ। एउटा झूठलाई पनि सय पल्ट दोहोऱ्याएपछि जनताले पत्याउन थाल्छन् भन्ने विश्वास त हिटलर र उसका साथीहरुको थियो, गिरिजा प्रवृत्तिले उनीहरुलाई आफ्नो आदर्श बनाउन किन चाहेको हो ?

## पार्टीको कमजोरी

विपरीत मन:स्थिति लिएर

### भट्टराईले पनि मलाई अल्मल्याउन मात्र खोज्नु भयो



पार्टीको आदर्श बमोजिम चल्न असंभव हुन्छ । भयो पनि त्यस्तै । गिरिजा प्रवृत्तिको राजमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद जस्ता नेपाली कांग्रेसका आदर्शको अवमूल्यन गरियो । राष्ट्रिय अस्मिता र सार्वभौमिकतामाथि प्रहार हुन थाल्यो, प्रजातन्त्रका मूल्य मान्यताहरुको धज्जी उडाइयो, निजीकरण र खुला अर्थतन्त्रका नाममा समाजवादको आदर्शलाई रद्दीको टोकरीमा फ्याँकियो। नेपाली कांग्रेसको घोषणापत्रलाई कांगजको बेवारिस खोस्टामा परिणत गरियो।१. चुनावमा हारेका व्यक्तिहरुलाई महत्वपूर्ण पदमा नराख्ने र २. सरकारी नियुक्ति तथा पदोन्नति गर्दा पिछडिएका जाति तथा वर्गका सदस्यहरुलाई विशेष अवसर दिने भन्ने दुइटा मूल कुरामा प्रधानमन्त्रीसंग पार्टीको उच्च नेतृत्वको सहमति भएकोमा त्यसको पनि पालन गरिएन । पैसा र पावरको आडमा व्यापक गुटबन्दी गरेर पार्टी संगठनलाई प्रदूषित गरियो र गिरिजा प्रवृत्तिको निरंकुशतामाथि पार्टीले अंकुश लगाउन खोजेमा पार्टी संगठन नै तहसनहस गरिदिने धम्की बारम्बार दिन थालियो । पार्टीको सरकार भन्ने सिद्धान्तलाई नै नकारियो। तर, यो सब हुँदाहुँदै पनि पार्टीले गिरिजा सरकारका यावत् गलत कामहरुलाई काँध थाप्दै गयो। कसैलाई देश चलाउन दिनुको अर्थ

> **एउटा व्यक्तिको कुर्सी-मोहका निम्ति जनता र राष्ट्रले यत्रो दुःख पाउनु कहाँसम्म जायज हो ? यो अक्षम्य अपराधका निम्ति सचेत नेपाली जनताले गिरिजा समूहलाई कसरी माफ देला ?**

उसलाई तानाशाह बनाउनु होइन, न उसले जति बदमाशी गरे पनि काँध थाप्दै जानु हो । त्यसैले पार्टीको आदर्श बमोजिम सरकार चलाउन नसक्नेलाई पार्टीले सरकारबाट भिकिदिनुपर्छ भन्ने मेरो धारणा थियो र मैले यसबारेमा पार्टीलाई बारम्बार घच्घच्याएँ । टनकपुरको मामिलामा अदालतले त्यसलाई सन्धि ठहऱ्याएको खण्डमा प्रधानमन्त्रीले नैतिकताको आधारमा तुरुन्त राजीनामा दिनुपर्छ भनें । तर पार्टीले हरेक पल्ट प्रधानमन्त्रीलाई नै बचाइरह्यो र टनकपुर सम्बन्धी सर्वोच्च अदालतको निर्णयपछि पनि प्रधानमन्त्रीको राजीनामा अप्रासंगिक भन्ने प्रस्ताव पारित गऱ्यो । बारम्बार यस्तो हुन लागेपछि मैले नेपाली कांग्रेसले आफ्नो सबैभन्दा बहुमूल्य पूँजी नैतिकता पनि गुमाउन लागेको अनुभव गरें र सर्वाधिकार सम्पन्न पार्टी सभापतिलाई बडो आग्रहपूर्वक १. सरकारको नेतृत्वमा परिवर्तन र २. पार्टीको केन्द्रदेखि जिल्लासम्मको संगठनमा अमूल परिवर्तन तथा संस्थागत विकास गर्न जोड दिएँ र स्पष्ट शब्दमा भनें- यी दुइवटा काम भएनन् भने तीन वर्षपछि चुनावमा म कांग्रेसलाई साथ दिन सक्तिनँ। तर दुर्भाग्यको कुरा, उहाँले पनि मलाई अलमल्याउन मात्र खोज्नु भयो, मेरो कुरामा कान दिनु भएन। अनैतिकता, सिद्धान्तहीनता र लक्ष्यहीनतातिर पार्टीको यात्रा जारी नै रह्यो ।

## नेपाली कांग्रेस र म

यी सब महशूस गर्दागर्दै पनि आफूले जन्माएको, हुर्काएको र संगसंगै जिन्दगी बिताएको पार्टी भएकाले नेपाली कांग्रेससंग मेरो लगाव यथावत् नै थियो। म देखिरहेको थिएँ, जुन आदर्श र सिद्धान्त लिएर नेपाली कांग्रेस जन्मेको थियो, त्यसबाट ऊ बिल्कूल अलग भइसकेको छ । प्रजातन्त्रको संघर्षको प्रतीक बनेको जुन पार्टीका नाममा देशका लाखौं तरुणहरुले आफूलाई समर्पित गरेका थिए, त्यो नेपाली कांग्रेसमा अब संघर्षको त्यो ऊर्जा र त्यो चाहना बाँकी छैन । सबैतिरबाट यसको परीक्षण गरेर म यो निष्कर्षमा पुगको थिएँ कि नेपाली कांग्रेसले आफ्नो मिसन पूरा गरिसक्यो। अब यो श्रान्त र गलित पार्टी बन्यो, जसमा नयाँ प्राण संचार हुन सक्तैन। तर पनि नेपाली कांग्रेससंग मेरो जीवनभरको अविच्छेद्य सम्बन्ध र हार्दिक लगावले गर्दा मैले आफ्नो जिन्दगी यसैसंग बिताउने विचार गरेको थिएँ। कांग्रेसबाट अलगिनु मेरा निम्ति अकल्पनीय कुरा थियो। त्यही भएर मैले भरतपुरमा भएको पार्टी महासमितिको बैठकमा भनेको थिएँ- *नेपाली कांग्रेसको जहाजमा प्वाल परिसकेको छ र यदि समयमै त्यो प्वाल नटाल्ने हो भने यो एक दिन डुब्छ। त्यो दुर्घटना हुने संभावना देख्तादेख्दै पनि जसरी एउटा इमान्दार क्याप्टेन जहाज छोडेर भाग्दैन, त्यसरी नै म पनि जहाज छाड्दिन, त्यो जहाज संगसंगै म आफू पनि जलसमाधि लिन्छु।*

## मैले कांग्रेस किन छोडें ?

तर करीब एक वर्ष यताका घटनाक्रमहरु र राष्ट्रिय स्तर मा संचालित निकृष्ट दुरभिसन्धिहरुलाई केलाउँदै जाँदा मैले आफूलाई बडो कठीन दोबाटोमा उभिएको पाएँ। त्यो दोबाटोमा एकातिर राष्ट्रियता, प्रजातन्त्र र शहीदहरुका सपना निन्याउरो अनुहार लिएर उभिएका थिए भने अर्कातिर ती सबैलाई तहसनहस पार्न उद्यत समूह उभिएको थियो, जसका हातमा मेरो पार्टीको साइनबोर्ड, झण्डा, संगठन र मुलुकको सत्ता समेत थियो। त्यो समूह मैले जीवन उत्सर्ग गरिआएका सिद्धान्त र आदर्शहरुको हत्या गर्न ती तमाम शक्ति र प्रवृत्तिहरुलाई आफूमा समावेश गरेर खडा भएको थियो, जसका विरुद्ध म, मेरी पार्टी र तमाम नेपाली जनताले सुदीर्घ संघर्ष गरेका थियौं। यस स्थितिमा विवेकशून्य भावुकतामा बगेर नेपाली कांग्रेसको प्राणहीन साइनबोर्डको पछि लाग्नुभन्दा देश, जनता, प्रजातन्त्र र शहीदहरुप्रतिको आफ्नो कर्तव्य पूरा गर्न उचित ठानेर आफ्नो अन्तरात्माको आवाज बमोजिम मैले नेपाली कांग्रेसबाट अलग हुने निर्णय गरेको हुँ। यद्यपि, हाल हावी भएका सम्पूर्ण अप्रजातान्त्रिक शक्ति र प्रवृत्ति र विकृतिहरुलाई निर्मूल गरेर आफ्नो सिद्धान्त, आदर्श र पुरानो संघर्षशील चरित्रलाई आत्मासात गर्न सक्ने हो भने नेपाली कांग्रेस फेरि प्रजातन्त्रको मूल धार बन्न नसक्ने होइन तर त्यसका लागि पनि यसको पूरै कायाकल्प गरिनुपर्छ र त्यसको पहिलो चरण हो- आसन्न मध्यावधि निर्वाचनमा गिरिजा प्रवृत्तिको सम्पूर्ण पराजय ।

## मध्यावधि निर्वाचन किन ?

मैले पहिले नै भनिसकें- यो मध्यावधि निर्वाचन प्रतिगामी तत्वहरुको खुला समर्थनका आधारमा वैयक्तिक स्वार्थद्वारा प्रेरित भएर देशमाथि लादिएको हो, यो देशका लागि बिल्कूलै आवश्यक थिएन र जनआन्दोलनका शक्तिहरु यसको समर्थनमा थिएनन् । आफ्नो कुरा अझ स्पष्ट पार्न म यसको पृष्ठभूमि संक्षेपमा उल्लेख गर्न चाहन्छु। जब काठमाडौं क्षेत्र नं. १ को उपनिर्वाचनमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पार्टी सभापति कृष्णप्रसाद भट्टराई विरुद्ध सरकारी स्रोत र साधनको दुरुपयोग गरेर निर्लज्ज अन्तर्घात गरी उहाँलाई हराउनु भयो, त्यसबेला कि प्रधानमन्त्रीले राजीनमा दिनुपर्छ, नत्र भने उहाँमाथि अनुशासनको कार्वाही गर्नुपर्छ भन्ने जोडदार आवाज पार्टीभित्र उठ्यो। यस मामिलामा निर्णय लिन केन्द्रीय कार्यसमितिको बैठक आठ आठपल्ट बस्यो तर कार्यसमितिको बहुमतले अनुशासनको कार्वाहीका पक्षमा लिखित अभिमत प्रस्तुत गर्दागर्दै पनि त्यसले कुनै निर्णय लिन सकेन र निर्णयको सर्वाधिकार स्वयं पार्टी सभापतिलाई नै सुम्पिदियो। अन्तर्घातको प्रत्यक्ष अनुभव गर्ने ३६ जना सांसदहरु पार्टी अनुशासन कायम गर्न प्रधानमन्त्रीमाथि कार्वाही गर्नैपर्छ भन्ने अडानमा थिए। यसैबीच संसदको विशेष अधिवेशनमा प्रतिपक्षी पार्टीहरुले प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव ल्याए । सरकार गिराउने नियत भए उक्त सांसदहरुले त्यसबेला प्रस्तावको पक्षमा मत दिने थिए र सरकार गिर्ने थियो तर त्यो नियत नभएकाले उनीहरुले त्यो गरेनन्। सरकार बच्यो तर त्यसको भोलिपल्टै प्रधानमन्त्रीले उक्त सांसदहरुलाई व्यंग्य गर्दै "मलाई हटाउन मन थियो भने तपाईहरुले अविश्वासको प्रस्तावका पक्षमा किन भोट नदिएको ? ममाथि विश्वास प्रकट गरिसकेपछि अब कुन मुखले राजीनामाको कुरा गर्नु हुन्छ ?" भनेर उनीहरुको विवेकलाई चुनौती दिनु भयो । यसैबीच पार्टी सभापतिले प्रधानमन्त्रीलाई क्षमादानको घोषणा गर्दै बालुवाटारमा ७४ जना सांसदहरुको बैठकमा भाग लिनु भयो र उक्त ३६ सांसदहरुसंग एक वचनसम्म नसोधी "पार्टीमा एकता भएको" घोषणा गरेर उनीहरुको विवेकमाथि अर्को प्रहार गर्नु भयो । यसबाट मर्माहत भएर प्रधानमन्त्रीलाई अलिकति शिक्षा दिने उद्देश्यले मात्र ३६ जना सांसदहरु प्रधानमन्त्री तथा पार्टी सभापति दुवैलाई उहाँहरुले आफ्नो वचन निर्धारित समयभित्र पूरा नगरेमा अनुपस्थित रहने पूर्वसूचना दिंदै सरकारी नीति तथा कार्यक्रमको घोषणा सम्बन्धी धन्यवाद प्रस्तावमा संसदमा अनुपस्थित भएका हुन्। त्यो एउटा प्रस्ताव पारित नहुँदैमा प्रतिनिधिसभा भंग गर्नुपर्ने कुनै कारण थिएन, किनभने सरकारले राखेका त्यस कोटीका थुप्रै प्रस्ताव र विधेयकहरु पहिलेपहिले पनि यस्तै कारणले पारित भएका थिएनन्। हाम्रा संविधानविद्हरु र अधिकांश संविधान निर्माताहरुले समेत यस्तै राय व्यक्त गरेका छन् । तर "के निहुँपाऊँ कनिका बुकाऊँ" भनिरहेका गिरिजाप्रसादले आफ्नो पार्टीसम्मलाई सूचना नदिई त्यत्तिकैमा प्रतिनिधिसभा भंग गरी मध्यावधि निर्वाचनको घोषणाका लागि सिफारिस गरिदिनु भयो जबकि पार्टीले मध्यावधि निर्वाचन असान्दर्भिक हो भन्ने प्रस्ताव पहिले नै पारित गरिसकेको थियो । यसरी सम्पूर्ण लाज, शरम र नैतिकतालाई तिलान्जलि दिंदै संसदलाई आफ्नो हातको खेलौना सम्झेर मनपरी किसिमले भंग गराउनाको वास्तविक कारण चाहिं केही दिनभित्रै संसदमा प्रस्तुत गर्न तयारी भइरहेको शा.ने.वा.नि. काण्ड सम्बन्धी महाभियोग प्रस्ताव थियो, किनभने उक्त प्रस्ताव अवश्य पारित हुनेछ र त्यसो भएपछि आफ्नो राजनीतिक जीवन सदाका लागि समाप्त हुनेछ भन्ने उहाँले राम्ररी बुझ्नुभएको थियो । गिरिजाप्रसादको सत्तालोलुपता बाहेक यो महँगो मध्यावधि निर्वाचनको अरु कुनै कारण छैन । एउटा व्यक्तिको कुर्सी-मोहका निम्ति जनता र राष्ट्रले यत्रो दुःख पाउनु कहाँसम्म जायज हो ? यो अक्षम्य अपराधका निम्ति सचेत नेपाली जनताले गिरिजा समूहलाई कसरी माफ देला ? आफ्नो पार्टीको बहुमत छँदाछँदै संसद भंग गरेर सरकार गुमाउनेहरु कुन मुखले जनतासामु गएर भोट मागिरहेछन् ? अराजकता र अस्थिरताका प्रतिनिधिहरुले कुन मुखले स्थिरताको कुरा गरिहेछन् ? जनताले त्यस्तालाई किन भोट दिने ? फेरि ६ महिना- १ वर्षपछि अर्को मध्यावधि चुनाव बेहोर्ने ?

## तगारो हटाऔं

म अहिले जीवनको अन्तिम चरणमा पुगेको छु । आफ्नो जीवनमा पीडा-यातना, संघर्ष क्रान्ति, सफलता असफलता, मान-सम्मान, पद पुरस्कार आदिका यावत् आरोह-अवरोहहरु मैले पार गरिसकेको छु र ती कुनै पनि कुराप्रति मोह अथवा राग-द्वेष ममा बाँकी छैन। अब म कुनै पार्टीको घेरामा बाँधिएको पनि छैन । राष्ट्रियता र प्रजातन्त्र नै मेरो एक मात्र स्वार्थ रहेको छ। र, जन आन्दोलनका उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक क्रान्तिद्वारा नेपालको भविष्य समुज्जवल तुल्याउने प्रक्रिया सुनिश्चित गर्नु र शहीदका सपनाहरुलाई मूर्त रुप दिनु मात्र मेरो जीवनको अन्तिम लक्ष्य बनेको छ । यो कार्य तपाईहरु सबैको सहयोग एवं सक्रिय समर्थनविना पूरा हुन सक्तैन र मलाई पूर्ण विश्वास छ, त्यस्तो समर्थन तथा सहयोग सदा झैं मलाई प्राप्त हुने नै छ। यस परिप्रेक्ष्यमा हाम्रो पहिलो कर्तव्य यस लक्ष्यको बाटोमा सबैभन्दा ठूलो तगारोका रुपमा रहेको गिरिजा प्रवृत्तिलाई यो मध्यावधि निर्वाचनमा निर्मूल पार्नु नै हो । यो प्रवृत्तिलाई परास्त गर्ने मेरो आव्हानका आधारमा देशभरिबाट विद्रोही उम्मेदवारका रुपमा उठेका सम्पूर्ण

बाँकी ३४ पेजमा

# गिरिजा २०४६ को जन-आन्दोलनको बिरोधमा हुनुहुन्थ्यो

# कांग्रेसको विगत इतिहास खोतल्ने हो भने.....

नेपाली कांग्रेसले आफूलाई राष्ट्रवादी, प्रजातन्त्रवादी र समाजवादी भन्दै आएको छ; तर यसको व्यवहारमा भने यी दुईको अत्यन्त अभाव रहेको ऐतिहासिक प्रमाणहरू छन् ।

अचम्मको कुरा त के छ भने, जस्तै अराष्ट्रिय, अप्रजातान्त्रिक र गैह्र समाजवादी कार्यहरू गरेतापनि यो पार्टीले ती सबै काम राष्ट्रियता, प्रजातन्त्र र समाजवादकै लागि गरिएको हो भन्ने दावी गर्न भने छाड्दैन । त्यसैले आज पनि नेपाली कांग्रेसको कथनी र करनीमा ठ्याक्कै विरोधाभाष पाइन्छ । आज पनि नेपाली कांग्रेस आफ्ना सबै अप्रजातान्त्रिक, अराष्ट्रिय र विकृत पूँजीवादी कार्यहरूमा प्रजातन्त्र, राष्ट्रियता र समाजवाद देखी रहेको छ । जनताले उसलाई एउटा अराष्ट्रवादी, अप्रजातान्त्रिक र सामन्तवाद एवं पूँजीवादको दलाल शक्तिका रुपमा चिनिसकेको कुरासमेत उसलाई पर्वाह छैन । कसैले सुनोस्, नसुनोस्, ऊ आफ्नै राग अलाप्दै छ । र, जनतालाई फेरि एक पटक झुक्याउने कसरत गर्दैछ ।

यस अवस्थामा ने.का. को यो चरित्र आज आएर मात्र अराष्ट्रिय र फाशिष्ट बनेको हो कि पहिलेदेखि नै थियो, भन्ने प्रश्न उठ्न सक्दछ । यो प्रश्न यतिखेर उठ्नु पनि आवश्यक छ । किनकि आज नेपाली कांग्रेसले आफ्ना वर्तमान क्रियाकलापहरूका आधारमा आफूलाई प्रजातन्त्रवादी र देशभक्त ठहऱ्याउन सकिरहेको छैन । साथै, ऊ आफ्नो विगतलाई छिपाउने प्रयास पनि गर्दैछ । ऊ अहिले आफूलाई सही सावित गर्न कुराहरूलाई विगत र भविष्यतिर धकेल्दै छ । अत: यस्तो अवस्थाभा यस पार्टीको ऐतिहासिक कृयाकलापतर्फ ध्यान दिनु जरुरी भएको र यस पार्टीको विगतलाई राम्रोसँग चिनेर यसको वर्तमान ठम्याउनु जरुरी भएको छ ।

सर्वप्रथमत: यो पार्टीले आफूलाई सधैं अहिंसावादी, शान्तिपूर्ण परिवर्तनको पक्षधर दावी गरीआएको छ । तथापि २००७ सालमा र २०१७-२० सालमा यसले सशस्त्र विद्रोह गरेको इतिहास साक्षी छ । २००७ सालको सशस्त्र विद्रोह तत्कालीन राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिले गर्दा सफल भएको थियो । तर २०१७ सालको सशस्त्र विद्रोह पूर्णत: असफल भएको थियो । २००७ सालको सशस्त्र विद्रोहमा ने.का. ले नेपाल कम्युनिष्ट पार्टीलाई पार्टीको हैसियतमा होइन, व्यक्तिगत रुपमा मात्र समावेश हुने स्वीकृति दिएको थियो । यस्तो गर्नुको मुख्य धेय के देखिन्छ भने सफलताको श्रेय (सो निश्चित थियो) नेपाली कांग्रेस आफैंले मात्र लिन चाहन्थ्यो ।



(बीचमा- बी.पी. कोइराला)

नेपाली कांग्रेसको स्थापना भारतीय भूमिमा मात्र भएको होइन, यस पार्टीको सिद्धान्त र व्यवहारमा तत्कालीन भारतीय नेताहरूको अत्यधिक र अस्वाभाविक प्रभाव पनि परेको थियो । भारतीय नेताहरूको सिद्धान्तको आधार भनेको भारतीय आम जनताको भलाइ र त्यसमा पनि विशेष गरेर गरीब तप्काको भलाइको आधारमा बनेको नभई ब्रिटिश साम्राज्यवादले भारतीय उपनिवेश छोड्दा पनि त्यहाँ विशेष परिवर्तन नआउने र ब्रिटिश साम्राज्यकै कतिपय धरोहरलाई अगाडि बढाउने सिद्धान्तको आधारमा निर्माण भएको थियो । त्यसैले स्वतन्त्र भारतका नेताहरू स्वतन्त्रतापछि पनि ब्रिटिश सरकारको साम्राज्यवादी चरित्रको मुकुटलाई आफूले पनि पहिरेर बसीरहे । तत्कालीन भारतीय नेताहरूले ब्रिटिश शासकहरूबाट के सिकेका थिए भने, साना छिमेकी राज्यहरूलाई समान र स्वतन्त्र पनि भन्दै गर्ने, तर हर प्रकारले त्यस्ता राज्यलाई आफ्नै मुठीभित्र राख्ने । तत्कालीन भारतीय नेताहरूले नेपालको सम्बन्धमा यस्तै नीति अवलम्बन गरेका थिए ।

**गिरिजा सरकारले विगत तीन वर्षमा गरेको राष्ट्रघात, जनघात र प्रजातन्त्रघात नेपाली कांग्रेसको विगत चरित्र र परम्पराकै सिलसिला हुन्**

**- डा. कृष्णबहादुर थापा**

नेपाली कांग्रेसका नेताहरूले भारतीय नेताहरूको त्यस्तो प्रभुत्ववादी चरित्र र नीतिको विरोध गर्नु त कता हो कता, त्यही नीति नतमस्तक भएर स्वीकार गरे । त्यसैको फलस्वरुप ने.का.का नेताहरूले देशको शासन गर्दा र अन्य बेलामा पनि भारतीय नेताहरूसँग दिशा-निर्देशन लिने र उनीहरूले तोकेको सीमाभित्र मात्र काम गर्ने परिपाटी बसाले । यसरी प्रारम्भदेखि नै राष्ट्रिय स्वाभिमान र स्वतन्त्रतालाई बली चढाउने काममा उनीहरूको भूमिका अग्रणी रह्यो । यस मामलामा उनीहरू राणाहरू भन्दा पनि धेरै तल ओर्ले । इतिहासबाट थाह हुन्छ, राणाहरू अंग्रेजभक्त हुँदाहुँदै पनि उनीहरूले नेपालको आन्तरिक मामलामा ब्रिटिश-भारतको निर्देशन कहिल्यै पनि खोजेनन् । यसका लागि उनीहरू कहिल्यै पनि कलकत्ता र दिल्ली धाएनन् ।

भारतीय नेताहरूको अनावश्यक प्रभावमा परेकै कारणले २००७ सालको सशस्त्र क्रान्तिलाई पनि एउटा निर्णायक उचाइमा पुग्न नदिई नेपाली कांग्रेसका केही नेताहरूले बीचैमा तुहाइदिने काम गरे । आफ्नो पार्टीलाई समावेश गरेको दिल्ली-वार्ता र सम्झौतामा समेत आफ्नै पार्टीका तमाम इमान्दार र लडाकु सहयोद्धा तथा कार्यकर्ताहरूको विरोध हुँदाहुँदै पनि ने.का. का तीन नेता- मातृकाप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला र भरत शम्सेरले दिल्ली गएर खुरुक्क हस्ताक्षर गरे । यो कार्य ने.का. का पदलोलुप नेता र भारतीय दवावकै कारणले सम्पन्न भएको थियो ।

वास्तवमा यो कार्य नेपाली कांग्रेसका इमान्दार नेता तथा कार्यकर्ता र आम जनता सबैलाई धोखा दिने कार्य थियो । नेपालका राजा, राणा र कांग्रेस सबैलाई आफ्नै अनुग्रह र चंगुलमा राख्ने भारतीय नेताहरूको चालकै फलस्वरुप दिल्ली-सम्झौता भएको थियो । यस प्रकारको कुत्सित सम्झौता लागु गर्न र चलिरहेको सशस्त्र विद्रोहलाई टुंगोमा पुग्न नदिन नेपाली कांग्रेसका सम्झौतावादी नेताहरू यति तल झरे कि उनीहरूले आफ्नै इमान्दार सहयोद्धा डा. के.आई.सिंहलाई "डाँका" समेत घोषित गरे । यतिले मात्र नपुगेर उनलाई पक्राउ गर्न नेपाल आमाको छातीमा देशको इतिहासमै पहिलो पल्ट भारतीय सैनिक मार्च गराईयो । भारतीय सैनिकले नेपाली भूमिमा पसेर जन अधिकार र राष्ट्रिय स्वाधीनताको लागि लड्दै गरेका सपूतहरूका विरुद्धमा सैनिक कार्वाही गरेको मात्र होइन, त्यसले कतिपय नेपाली चेलीबेटीको अस्मिता समेत लुट्यो । यस्तो कार्य दिल्ली-सम्झौता अनुसार नै चल्ने नेपाली कांग्रेसको वर्चश्व रहेको अन्तरिम कालको मन्त्री मण्डलको अनुरोधमा भएको थियो ।

नेपाली कांग्रेसका नेताहरूमा विशेष गरेर, शीर्षस्थ नेताहरूमा पदलोलुपता र स्वार्थीपन अहिले मात्र हैन, शुरुदेखि नै विद्यमान थियो । यसैका लागि उनीहरू राजनीति गर्ने गर्थे र यसैका लागि उनीहरू देशको राजनीतिक भविष्यलाई नै गलत र अन्धकारमय दिशातर्फ धकेल्थे ।

यही स्वार्थका लागि शुरुमा नेपाली कांग्रेसका शीर्षस्थ नेताद्वय दाजु मातृकाप्रसाद र भाइ विश्वेश्वरप्रसाद मिलेर अन्तरिमकालका प्रधानमन्त्री मोहन सम्शेरको विरुद्धमा लागे । पछि जब मातृकाप्रसाद कोइराला नेपाली कांग्रेसको एकमना सरकारका प्रधानमन्त्री भए, विश्वेश्वरप्रसाद मन्त्री मण्डलमा नपरेकाले दाजुको विरोध गर्न थाले र

अनेक खिचलो निकाले। यही खिचलोले गर्दा नेपाली कांग्रेसभित्र वी.पी. र मातृका गुटको सिर्जना भयो। उक्त खिचलो र गुटबन्दीको मुख्य कारण सैद्धान्तिक र राजनीतिक मतभेद नभएर प्रधानमन्त्री पदका लागि भएको होडबाजी थियो।

मातृका प्रधानमन्त्री भएपछि नेपाली कांग्रेसका सभापति र प्रधानमन्त्री पदहरू एकै व्यक्तिले ओगट्नु हुँदैन भन्ने कुरालाई वी.पी. ले अघि सारे। तर यसको मुख्य उद्देश्य के थियो भने- नेपाली कांग्रेसको सभापति आफू बन्ने र त्यसपछिको मन्त्रीमण्डलमा आफू प्रधानमन्त्री बन्ने।

यो कुनै राजनीतिक मुद्दा थिएन। पछि १५ सालमा वी.पी. आफैं पार्टीका सभापति र प्रधानमन्त्री दुवै बनेबाट यो कुनै सैद्धान्तिक मतभेद थिएन भन्ने कुराको पुष्टि हुन्छ।

यी दाजु भाइबीचमा रहेका यस्ता अराजनैतिक र असैद्धान्तिक झगडासमेत भारतीय नेता जयप्रकाश नारायणले मिलाईदिनु पर्‍यो। यसरी के देखिन्छ भने, नेपाली कांग्रेसका नेताहरू आफूबीचको झगडासमेत आफैं मिलाएर देशलाई स्पष्ट राजनीतिक दिशा दिन सक्दैनथे। र देशको आन्तरिक मामलामा मात्र होइन, आफ्नै पार्टीभित्रको मामलामा समेत विदेशी नेताको हस्तक्षेपको आह्वानद समेत गर्दथे।

नेपाली कांग्रेसका नेता मातृकाप्रसादकै प्रधानमन्त्रीत्व कालमा नेपाली सेनाको आधुनिकीकरणका लागि भनेर भारतीय सैनिक मिसन बोलाइयो र नेपाली सेनासम्बन्धी सम्पूर्ण सूचना र गोप्यता भारतीय सैनिक मिसनलाई दिइयो। यस प्रकार, नेपाली सेनाको गोप्यता भंग गर्ने काम पनि नेपाली कांग्रेसबाट पहिलो पटक गरियो।

त्यस्तै, देशको अर्को महत्वपूर्ण अंग हो- प्रशासनिक अंग। नेपाली प्रशासनको गोप्यता त्यसै प्रकारले भंग गरियो। उनैको पालामा नेपालको प्रशासनिक सुधारको लागि भनेर "भारतीय प्रशासनिक प्रतिनिधिमण्डल" नेपाल बोलाइयो। नेपालको प्रशासनिक सुधारका नाममा प्रशासनिक गोप्यता भारतीयहरूलाई खोल्ने काम पनि त्यसै बेला भयो। नेपाली कांग्रेसका मातृका विरोधी गुट, जसका नेता वी.पी. थिए, उनले समेत यस्ता कार्यको विरोध गरेनन्।

अर्कोतिर, प्रधानमन्त्री मातृकाले २००७ सालको परिवर्तनको भावनाअनुसार कार्य नगरी प्रतिक्रियावादी बाटो लिए। यसको पुष्टि उनकै पार्टीले उनलाई लगाएको आरोपबाट हुन्छ। उनको पार्टीले उनलाई लगाएका

**सिंगो सरकार मात्र होइन, व्यक्तिगत रूपमा मन्त्रीमण्डलका सदस्यहरूसमेत आ-आफ्ना विभागीय कामका बारेमा समेत सरसल्लाह लिन दिल्ली जाने गर्दथे**

आरोपमध्ये मुख्य थिए- सामाजिक-आर्थिक सुधारतर्फ ध्यान नदिई राणाकालीन परम्परागत प्रथालाई जस्ताको तस्तै राख्न खोजेको र लोक सेवा आयोगको उपेक्षा गर्दै आफ्ना समर्थकहरूलाई मात्र निजामती सेवामा भर्ना गरेको।

यसबाट स्पष्ट हुन्छ कि ठूलो वलिदानपछि आएको २००७ सालको परिवर्तनलाई नेपाली कांग्रेसको सरकारले परिवर्तनको भावनाअनुसार लान नसकेको मात्र होइन, यसतर्फ यो इमान्दारीपूर्वक लाग्दै लागेन।

यसरी नेपाली कांग्रेस सरकारले जनइच्छा र जनआकांक्षा वास्तै नगरेको स्पष्ट हुन्छ।

यति मात्र होइन, नेपाली कांग्रेसकै कार्य समितिको इच्छा र अकांक्षा पनि यसले पूरा गरेन। यसैकारण नेपाली कांग्रेसको कार्य समितिको सन् १९५२ जुलाई २१ मा बसेको बैठकले प्रधानमन्त्री



मातृका र उनको मन्त्रीमण्डलको राजीनामाको माग गर्‍यो। प्रधानमन्त्री मातृकाप्रसादले उक्त मागको विरोध गर्दै मन्त्रीमण्डलको राजीनामाको माग गर्ने अधिकार नेपाली कांग्रेसको महासमितिलाई मात्र छ भन्ने तर्क पेश गरे र राजीनामा दिएनन्।

यसबाट के स्पष्ट हुन्छ भने, शक्तिमा टिकिरहनको लागि नेपाली कांग्रेसका नेताहरू त्यसबेला पनि आफ्नै पार्टीको निर्णय र निर्देशनसमेत मान्दैनथे। यसबाट यो प्रवृत्ति त्यसबेला मातृका र हाल गिरिजामा मात्र नभएर सम्पूर्ण कांग्रेसकै प्रवृत्ति रहेको छर्लंग हुन्छ। यसबाट अहिलेको गिरिजाले देखाएको प्रवृत्ति कांग्रेसको विगत इतिहासकै पुनरावृत्ति हो भन्ने कुरा पनि प्रष्ट हुन्छ।

नेपाली कांग्रेसले पद र सत्ताका लागि सिद्धान्तलाई धेरै पटक तिलाञ्जली दिएको र मित्र शक्तिलाई समेत निर्णायक मौकामा धोखा दिएको उदाहरणहरू पनि थुप्रै छन्। त्यस्ता उदाहरणमध्ये तलका दुई उदाहरण निकै घतलाग्दा र प्रतिनिधिमूलक छन्।

माथि भनिसकिएको छ कि- मातृकाप्रसाद कोइरालाले पार्टी निर्देशनअनुसार राजीनामा दिन इन्कार गरे। त्यसपछि उनलाई पार्टीबाट निस्काशन गरियो। तैपनि उनले राजीनामा गरेनन। पार्टीको समर्थनविना सरकार चलाउने प्रयास गरे। तर सरकार नचल्ने भएपछि मात्र बाध्य भएर राजीनामा गरे। नेपाली कांग्रेसबाट निस्कासित भएपछि उनले "राष्ट्रिय प्रजा पार्टी" नामको छुट्टै पार्टी गठन गरे। यसै पार्टीको अध्यक्षको हैसितले उनलाई दोस्रो पटक जुन १५, १९५३ मा मन्त्रीमण्डल गठन गर्ने जिम्मा दिइयो र राष्ट्रिय प्रजा पार्टीको सरकार गठन भयो। तर यो सरकारले राम्रो काम गर्न नसकेकोले यसका विरुद्ध संघर्ष गर्न अन्य प्रमुख पार्टी एक गठ भएर "नेपाल प्रजातन्त्र लीग" को गठन गरे।

प्र.म. मातृकाप्रसादले मन्त्रीमण्डलमा नेपाली कांग्रेसका ४ जनालाई समावेश गर्ने गोप्य कुरा वी.पी.सँग गरे। यति अवसर मिल्नासाथ अन्य पार्टीसँग सोध्दै नसोधी मातृकाको उक्त प्रस्ताव नेपाली कांग्रेसले स्वीकार गर्‍यो र आन्दोलनबाट पछि हट्यो। नेपाली कांग्रेसको यही धोखावाजीको कारणले उक्त लीग भंग भयो।

अर्को उदाहरण हो- २०१४ सालमा आम निर्वाचन केका लागि भन्ने कुरामा स्पष्टता नै नभै नेपाली कांग्रेसले "भद्र अवज्ञा आन्दोलन" तोडेको।

राजा महेन्द्रबाट आमनिर्वाचन संसदका लागि हुन्छ भन्ने घोषणा नहुञ्जेल चुनाव संविधान- सभाका लागि हुनेछ भन्ने धारणा र विश्वास सबैको थियो। यसैको चुनावको लागि विभिन्न पार्टीहरूले "प्रजातान्त्रिक मोर्चा" गठन गरी भद्र अवज्ञा आन्दोलन सञ्चालन गरिरहेका थिए। यही आन्दोलनको फलस्वरूप राजा महेन्द्रबाट आमनिर्वाचन सन् १९५९ फेब्रुवरी १८ देखि हुनेछ भन्ने घोषणा भएको थियो। तर आमनिर्वाचन केका लागि हुनेछ भन्ने स्पष्ट भएको थिएन। यसरी कुरो स्पष्ट नभै त्यसबेला सबभन्दा ठूलो पार्टीको रूपमा रहेको नेपाली कांग्रेसले बाँकी सबै आन्दोलनकारीलाई धोखा दिएर आन्दोलन बन्द गर्‍यो।

यसपछि श्री ५ महेन्द्रबाट सन् १९५८ फेब्रुवरी १ मा आमनिर्वाचन

**एउटा घतलाग्दो संयोग के देखिन्छ भने, यस प्रवृत्तिका वाहक विभिन्न समयमा नेपाली कांग्रेसका विभिन्न नेताहरू भए, तर मौकावश तीन भाइ कोइरालाहरू नै यसका प्रमुख संवाहक देखापरे।**

अहिलेसम्म भनिएको संविधान- सभाका लागि नभै, संसदका लागि हुनेछ भन्ने घोषणा हुँदा पनि नेपाली कांग्रेसले विरोध नजनाएको मात्र होइन, त्यसपछि राजाद्वारा गठन भएको "संविधान मसौदा कमिशन" मा आफ्नो पार्टीको तर्फबाट दुई जना व्यक्तिलाई समेत पठायो। त्यसमाथि थप कांग्रेस पार्टीबाट पठाइएका दुई जना व्यक्तिमध्ये होराप्रसाद जोशीलाई कमिशनको, सचिवसमेत हुने स्वीकृति दिइयो। यसरी नेपाली कांग्रेसका दुई जना सदस्यहरू रहेको उक्त कमिशनले राजालाई धारा ५५ सहितको व्यापक अधिकार सुम्पने संविधान तयार गर्‍यो। हुन त यसको पहिलो शिकार नेपाली कांग्रेसको सरकार आफैं भयो। तर उक्त जनअधिकारविहीन संविधान तयार गरेर देश र जनतालाई धोखा दिनमा नेपाली कांग्रेसको महत्वपूर्ण साझेदारी थियो।

२०१५ सालको आमनिर्वाचनमा समेत ने.का. ले प्रजातान्त्रिक आचरण अनुशरण गरेन। माथि नै छलफल भइसकेको नेकाको एकमना अन्तरिम मन्त्रीमण्डलकै समयदेखि प्रतिक्रियावादी शक्तिलाई प्रश्रय दिन थालिएको थियो। वाम-प्रगतिशील तत्वहरूलाई सकेसम्म दबाइएको थियो। त्यसबेला ने.क.पा. लाई त प्रतिबन्ध नै लगाइएको थियो। यसले गर्दा २०१५ सालका आम निर्वाचनको मुख्य प्रतिबद्धता पनि तत्कालीन प्रतिकृयावादी शक्तिको प्रतिनिधित्व गर्ने गोरखा-परिषद् र यसलाई प्रश्रय दिंदै जाने ने.का.का वीचमा नै थियो। यी दुवै शक्तिले आमनिर्वाचनमा सक्दो धाँधली गरेका थिए। उक्त दुई पार्टीको स्थिति जुन-जुन ठाउँमा मजबुत थिएन, ती ठाउँमा उनीहरूका कार्यकर्ताहरूले हुलदंगा गर्ने गराउने र चुनाव बिथोल्ने कार्य गरे। नेपाली कांग्रेसका कार्यकर्ताहरूले "विरोधीहरूको" प्रतिद्वन्दीहरूको मतपेटीका घोप्ट्याइदिने, र मतपेटीकाको मुख टालीदिने जस्ता निन्दनीय कार्यसमेत गरे।

यस्ता कार्य गरेबापत सबुद प्रमाणसहित पत्राउमा परेकालाई विनाकार्वाही सरकारले छोडिदियो। यसरी संसदका निमित्त भएको आमनिर्वाचनमा ने.का.ले फुक्काफाल धाँधली गरेको स्पष्ट हुन्छ। हुनसक्छ, यसैकारणले गर्दा पनि कसैले कुनै बेला अनुमानसम्म नगरेको दुई तिहाई बहुमत ने.का. ले प्राप्त गरेको थियो।

आमनिर्वाचनमा दुई तिहाई बहुमत ल्याएको ने.का को

सरकारले विर्ता र जमिन्दारी उन्मूलन जस्ता कार्य त गऱ्यो। तर यसको नकारात्मक रीस सामन्तहरूले कृषकहरूमाथि पोख्न थाले। र, उनीहरू तत्कालीन शोषक र सामन्तबाट अरू बढी शोषित र पीडित हुन थाले। यस्तो परिस्थितिबाट कृषकहरूलाई ने.का.को सरकारले जोगाउन सकेन। उल्टो, सामन्त र शोषकहरूको जंजालमा उनीहरू आफैं फँस्दै गए।

यसबाहेक, आमेनिर्वाचनमा बहुमत ल्याएको ने.का. को सरकारका प्रमुख बी.पी.ले तत्कालीन संसदको र नेपालको हितसमेत वास्ता नगरी भारतसँग गण्डक-सम्झौता गरे। त्यस्तै, नोकरी र सेवाका विविध स्थानहरूमा सरकारले आफ्नै दलका मान्छे मात्र भर्ने कार्य गऱ्यो। प्रशासनिक पुनर्गठनका नाउँमा व्यापक कांग्रेसीकरण भयो। यी सबै गलत कार्यहरूकै कारणले प्रतिक्रियावादी शक्तिलाई अरू बल र हौसला मिल्यो, जसको फलस्वरूप विभिन्न भागमा, जस्तै- बझांग, गोरखा, दांग, बाग्लुंग आदि ठाउँमा विद्रोह भए। ती विद्रोहका पछाडि जेजस्ता कारण भएतापनि यो कुरा स्पष्ट छ कि तत्कालीन नेपाली कांग्रेसको सरकारले जनविश्वास जित्न सकेको थिएन र जित्ने कार्य गर्नेतर्फ चेष्टा गरेको पनि थिएन।

परराष्ट्र मामलामा पनि नेपाली कांग्रेसको उक्त सरकारले सन्तुलित नीति अवलम्बन गरेको थिएन। त्यसबेला सिंगो सरकार मात्र होइन, व्यक्तिगत रूपमा मन्त्रीमण्डलका सदस्यहरूसमेत आ-आफ्ना विभागीय कामका बारेमा समेत सरसल्लाह लिन दिल्ली जाने गर्दथे। त्यसैले नेपाली जनतामा कांग्रेस सरकारप्रति वितृष्णा पैदा भएको थियो। त्यसै कारणले गर्दा २०१७ सालको प्रतिक्रियावादी शाही कदम चाल्दासमेत जनताले प्रतिरोध गरेनन्। यसको उल्टो, जनताले व्यापक समर्थन गरे।

यसप्रकार के स्पष्ट हुन्छ भने, नेपाली कांग्रेसले सरकार चलाउँदा र राजनीतिक वर्चश्वमा रहँदासमेत उसले देश, जनता र प्रजातन्त्रको लागि कहिल्यै इमान्दारीपूर्वक काम गरेन। उसको शासनकालमा विशेष गरेर भारतलाई खुशी पार्नको लागि देशको स्वतन्त्रता र प्रभुसत्ताको सौदावाजी गर्ने काम भयो। यसबाट के पनि स्पष्ट हुन्छ भने, वर्तमान नेपाली कांग्रेसको गिरिजा सरकारले विगत तीन वर्षमा गरेको राष्ट्रघात, जनघात र प्रजातन्त्रघात नेपाली कांग्रेसको विगत चरित्र र परम्पराकै सिलसिला हुन्। यो प्रवृत्ति नेपाली कांग्रेसको प्रवृत्तिहरूमध्येको मूल धार हो।

एउटा घतलाग्दो संयोग के देखिन्छ भने, यस प्रवृत्तिका वाहक विभिन्न समयमा नेपाली कांग्रेसका विभिन्न नेताहरू भए, तर मौकावश तीन भाइ कोइरालाहरू नै यसका प्रमुख संवाहक देखापरे। उनीहरूकै कार्यकालमा देशमा सबैभन्दा वेसी राष्ट्रघाती, जनघाती र प्रजातन्त्रघाती काम कार्वाहीहरू भए।

के स्पष्ट हुनु जरुरी छ भने- नेपाली कांग्रेसमा पहिले जुन फाशिष्ट, राष्ट्रघाती, धोखेवाज र कुर्सी स्वार्थमुखी चरित्र देखिएको छ, त्यो भर्खरैको उपज होइन। विगतका सारा घटनाक्रमले सावित गर्छन्, यो उसको ऐतिहासिक चरित्र हो। उसको विगत खोतल्ने हो भने- इतिहासमा उसको यो चरित्रको उदांगो उदाहरण छ्यास्छ्यास्ती भेटिन्छ।

अहिले मध्यावधि चुनाव हाम्रा सामुन्ने छ र नेपाली कांग्रेस फेरि पनि मीठा आश्वासन र सपनाको बिस्कुन नेपाली जनताको सामुन्ने फिँजाउँदैछ। उसको सारा विगत खोतलेर नेपाली जनताले निर्णय गर्नुपर्छ- जनताले त्यसमा पत्यार गर्ने कि नगर्ने? □



## कति सही छन्

# कांग्रेसले वामपन्थीहरूलाई लगाएका मुख्य आरोपहरू ?

*"माले, मसाले र मण्डले एकै हुन्!"*

*"मदन भण्डारीका चार वटा श्रीमतीहरु छन्।"*

*"दूलोबाट फुत्त निस्केका कम्युनिष्टहरु!"*

*"नौलो जनवाद भनेको आफ्नो भैंसी फुकाएर अर्काको बालीमा छोड्ने व्यवस्था हो।"*

*" 'कम्युनिष्ट' आयो भने ६० वर्षभन्दा माथिका बूढाखाडालाई भीरबाट गुल्ट्याइदिन्छ।"*

*"कम्युनिष्टहरु आए भने मन्दिर भत्काइदिन्छन्!"*

गतः चुनावमा कांग्रेसी नेताहरु, कृष्णप्रसाद भट्टराई र गणेशमान समेतले वामपन्थीहरुका विरुद्ध यस्ता अनेक थरि फत्तुरहरु लगाएर भाषण गर्दै हिंडेको देखे-सुनेका जनताहरुले आज कांग्रेसीहरुबाट यस्तै तर्कहीन, आधारहीन र हल्का आरोपहरु उही भाषामा चाहिं हैन, तर अलि फरक भाषामा फेरि सुन्न थालेका छन्।

मदनभण्डारीका चार वटा श्रीमतीको हल्ला गर्नेमा प्रत्यक्ष रुपले आफैं संलग्न हुने कांग्रेसी अध्यक्ष कृष्णप्रसाद भट्टराईको स्तरहीनता आज आम जनताले मात्र हैन, उनकै कार्यकर्ताहरुले पनि प्रत्यक्ष रुपले देखीसकेका छन्। "नौलो जनवाद" लाई हियाउने र गिज्याउने गणेशमान आज आफैं आफ्नो "एक मात्र प्रजातान्त्रिक विकल्प" मानिएको पार्टीबाट अलग्गिन बाध्य भएका छन्। माले र मसाललाई मण्डलेहरुसंग तुलना गर्ने गिरिजाप्रसाद कोइराला आज आफैं "महामण्डले" भएका छन्। आफ्नै पार्टी समेतलाई लत्याउँदै फासिवादको पुनर्स्थापना गरिरहेका गिरिजाले "यो चुनावमा स्वैच्छाले नलड्ने" आफ्नो बाचालाई दुई ठाउँमा आफू चुनाव लडेर आफैंले धोती लगाइदिएका छन्। गिरोहवन्दी, दमन र झूठको अर्को नाम नै "मण्डले" हो। यसरी "महामण्डले" उनी आफैं भएका छन्।

त्यसैले, अब कांग्रेसीहरु वामपन्थीहरुलाई हिजोकै भाषामा गाली गर्न नसक्ने भएका छन्। त्यसकारण, उनीहरु आज अर्कै भाषा खोजेर

दाङ गोलीकाण्डका घाइते प्रकाश रेग्मी



वामपन्थीहरुलाई गाली गर्ने, विरोध गर्ने र उनीहरुविरुद्ध लाजै नमानीकन भ्रमहरु फैलाउने कोशिस गर्दै छन्।

आज बदलिएको भाषामा उनीहरुले वामपन्थीहरुलाई लगाइरहेका प्रमुख आरोपहरु निम्न बमोजिम छन्।

### वामपन्थीहरु अशान्ति र अस्थिरतावादी हुन्ः

आज स्वयं गिरिजाप्रसाद कोइराला र निजको लाचार छायाँ मात्र बनेका

कृष्णाप्रसाद भट्टराई र अन्य थुप्रै गिरिजा-भक्तहरुले वामपन्थीहरुलाई लगाइरहेको प्रमुख आरोप यो हो । विगत ३ वर्षको गिरिजा - कुशासन कालमा गिरिजा सरकारका तमाम राष्ट्रघात र जनघातका विरुद्ध वामपन्थीहरुले सदन र सडक दुवैबाट जनताको आवाज वुलन्द गरे । यसैलाई लिएर गिरिजा गूट आज वामपन्थीहरुलाई "अस्थिरता र अशान्तिको पक्षधर" भएको आरोप लगाइरहेछ ।

२०४६ को त्यत्रो त्याग तपस्याबाट जनताले पाएको हक अधिकार क्रमशः खोस्न लाग्दा र देशको अस्मिता र सार्वभौमसत्ता माथि नै खेलवाड गरिनलाग्दा के कुनै जिम्मेवार जन-पक्षीय शक्ति चूप लागेर वस्न सक्छ ? वस्न मिल्छ ?

वदमासी गर्ने सत्ताधारीको विरोध नगरेर के त्यसलाई फूल-माला अर्पेर स्वागत गर्ने त ?

सोझै प्रश्न उठ्छ ।

जनताको पक्षमा, देशको पक्षमा "काम गर" भनेर सदनमा पटक पटक भन्ने काम गर्दा पनि टेरिएन, अदालतले भन्दा पनि टेरिएन भने जुलुस, र सभा, वन्द र हड्ताल नगरे के गर्ने त ? जनताको निम्ति यी कुराहरुबाहेक शान्तिपूर्ण विकल्प अरु के छ त ? जनताको यो हकको उपयोगमा नेतृत्व दिने वामप्रतिपक्ष अस्तिरतावादी हैन, किनभने, स्थिरताको निम्ति आवाज उठाउन नै यी आन्दोलनहरु गरिएका थिए । ऊ अशान्तिवादी पनि हैन, किनभने शान्ति र न्याय कायम होस् भनेरै यी आन्दोलनहरु गरिएका थिए ।

निहत्था जनताले प्रजातान्त्रिक हक प्रयोग गरी गरेका यी शान्तिपूर्ण आन्दोलनमा गोली र लाठी वर्साउने सत्ताधारी नै अस्थिरता र अशान्तिको पक्षधर हो, विपक्ष र जनता हैन ।

हो, सरकारी बन्दूक र गोलीका विरुद्ध केही तोडफोडहरु भए, तर शान्तिपूर्ण जन-आन्दोलनमा जनता मारेको विरोधमा जनताले गरेको यो स्वतः स्फूर्त तोडफोडको जिम्मेवार स्वयं सत्ताधारी गिरिजा गूट नै हो ।

गिरिजा सरकारले कर्मचारीलाई हिजो आफ्नै नेतृत्वको अन्तरीम सरकारले दिएको वाचा पूरा गरिदिएको भए, महंगी घटाएको भए, राष्ट्रघात नगरेको भए, नातावाद र कांग्रेसीकरण नगरेको भए, के आन्दोलन जरुरी हुने थियो र ? - आन्दोलन गर्नु पर्ने स्थिति नरहेको भए, दमनका विरुद्ध जनताले यसरी आक्रोशमा आउनु पर्ने स्थिति नै पैदा हुने थिएन ।

त्यसैले अशान्ति, आतंक, आगजनी, तोडफोड आदिको आरोपको जग नै गलत छ ।

कृष्णप्रसाद भट्टराईले त वामपन्थीहरुलाई "लूटपाट" को आरोप पनि लगाएका छन् ।

यो झनै मिथ्या प्रचार हो । गिरिजा-गूटको हारको मानसिताको वर्वराहट मात्र हो यो ।

आफ्नै पार्टीलाई लत्याएर, गणेशमानलाई समेत पर हट्ने स्थिति पैदा गरेर र आफ्नै पार्टीको गूट - झगडाद्वारा सरकार गिर्ने वातावरण के कांग्रेसको आफ्नै उपज हैन ? आफ्नो पार्टीले अर्को सरकार बनाउँछु भनेको कुरालाई समेत लत्याउनु के गिरिजाकै बलमिच्याई हैन ?

यसरी आफ्नो जनघाती, राष्ट्रघाती स्वार्थका लागि जनताको थाप्लामा यो महँगो मध्यावधि चुनाव थोपरेर पुरुत्थानवादी पंच र दरबारको माग पूरा गर्ने गिरिजा गूट चाहिं स्थिरतावादी, यस्तो प्रवृतिको विरोध गर्ने वाम-प्रतिपक्ष चाहिं अस्थिरतावादी ?



जनहत्याराहरु चाहिं "शान्तिवादी" र जनहत्याको विरोध गर्नेहरु चाहिं "अशान्तिवादी" वा "आतंकवादी" ?

गिरिजा-गूटको यो प्रचार सरमहीन र भ्रमपूर्ण प्रचार मात्र हो । हाल चुनावको मुखैमा आएर यो झूठ पटक पटक रेडियो, टि.भि. बाट जनतालाई सुन्न वाध्य गराईदैछ ।

गिरिजाप्रसाद सरकारी हेलिकोप्टर चढेर जिल्ला जिल्लामा गई आज विपक्षले गर्दा सरकार ढलेको आरोप पनि लगाउँदै छन् । गिरिजाको व्यक्तिगत र गूटगत स्वार्थका कारण आफ्नै पार्टीका ३६ से सांसदहरुको असहयोगको निहुँमा गिरिजा आफैले सरकार ढालेर मध्यावधि चुनावमा जनतालाई धकेलेको कुरा जगजाहेर छ । तै पनि उनी आज प्रतिपक्षले गर्दा सरकार स्थिर हुन नसकेको जुन झूठ बोलिरहेछन् , यो सुनेर यो देशका कांग्रेसी "दिग्गज" भनिनेहरुलाई लाज-सरम नलाग्नु चाहिं अचम्मकै कुरा हो । उनीहरु पनि यही झूठ बोलेर, लेखेर "धिनलाग्दो राजनीति" गर्दैछन् ।

## प्रतिपक्षीहरु दानवीय र अनुशासनहीन छन्ः



गिरिजाको प्रजातन्त्रका शिकार !

गिरिजा र निजका हनुमानहरुले आज खास गरी वाम-प्रतिपक्षलाई लगाउँदै आएको अर्को आरोप हो - वाम-प्रतिपक्ष दानवीय र अनुशासनहीन छ भन्ने आरोप ।

जो आफैं देशको संविधान, आफ्नो पार्टी, पार्टी-निर्णय, पार्टी-नेता, पार्टी-सिद्धान्त र नैतिकता आदिलाई पैतालामुनि दबाउँदैछ, उही अनुशासनहीन, स्वेच्छाचारी व्यक्ति आज त्यस अनुशासनहीनता र स्वेच्छाचारिताको विरोध गर्नेहरुलाई नै झन उल्टै यो आरोप लगाएर हिंड्दैछ ।

यो विचित्रको विरोधाभाष हो । गिरिजाभन्दा अनुशासनहीन व्यक्ति नेपालमा को छ ? - सिला खोज्नु पर्ने स्थिति छ ।

जे मन लाग्यो त्यो आरोप लगाउने

**वदमासी गर्ने सत्ताधारीको विरोध नगरेर के त्यसलाई फूल-माला अर्पेर स्वागत गर्ने त ?**



गिरिजाको यो मानसिकताको, यो छुद्रताको अंशियार भएर हिड्ने महेश आचार्यहरुको "वौद्धिक - स्तर" माथि पनि ठूलो प्रश्न चिन्ह लागेको छ ।

जनतामारा आफू चाहिं "मानवीय" र जनताको पक्ष लिने वाम-प्रतिपक्षीहरु चाहिं "दानवीय" हुने - यो गिरिजा गूटको अनौठो परिभाषा देख्दा आज सर्व साधारणले आशंका गरिरहेछन्-अब गिरिजा गूटले प्रतिपक्षीहरुलाई सार्वजनिक रुपले आमाचकारी गाली पनि गर्न थाल्ने पो हो कि ? कांग्रेसी "प्रजातान्त्रिक संस्कार" अब त्यो स्तरमा नझर्ला भन्ने कुनै आधारै छून ।

"गीता" र "नीतिशास्त्र" हरुबाट उदाहरण र कथानकहरु जोडेर भाषण गर्न रुची राख्ने कांग्रेसी अध्यक्ष कृष्णप्रसाद भट्टराईले गणेशमानलाई समेत "चोर" भनेर उपमा दिइसकेको देख्ने सुन्नेहरुले अब अनुमान गरेका छन् कि - यसरी गिर्दै जाने हुन् भने पराजय र आत्मग्लानिले गलेका यी धूर्त कांग्रेसीहरु अब गणेशमान, मनमोहन वा मोहनविक्रमहरुलाई "साले, गधा, भाते" भनेर गाली दिदै हिंड्न पनि पछि पर्ने छैनन् ।

## वामपन्थीहरु विश्वमै लोप भइरहेका छन् :

कांग्रसीहरुको अहिलेको अर्को प्रचार यो पनि रहने गरेको छ । सोभियत संघ र पूर्वी युरोपका विगतका समाजवादी शासनहरुको असफलतालाई "मसला"

बनाएर आज "संसारभरि नै वामपन्थीहरु लोप भैसके, अब नेपालमा मात्र वामपन्थी बढ्नै सक्दैनन्, यहाँ पनि ढल्छन्, यहाँ पनि यिनीहरुको दिन गयो" आदि भनेर उनीहरु हिंड्दैछन् । जनघाती, राष्ट्रघाती गिरिजा आफैं यो राग अलाप्दैछन् ।

वास्तवमा, सोभियत संघ र पूर्वी युरोपमा वामपन्थी सत्ता ढल्यो भन्दैमा सबैतिर वामपन्थीहरु ढल्नै पर्छ भन्ने हो भने त हरेक समयमा संसारका कुनै न कुनै कुनामा पूँजीवादी सत्ताहरु पनि ढल्ने गरेका छन्, के तिनलाई लिएर अब पूँजीवादीहरु पनि नेपालमा ढलीसके, ढल्नुपर्छ भन्न मिल्छ ?

आज संसारभरि नै कम्युनिष्टहरु फैलिएका छन् । तीन महिनाभित्र चार चार ठाउँमा अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलनहरु भैरहेका छन् । विभिन्न धाराहरुमा सक्रिय वामपन्थीहरु आज चीन, कोरिया, क्यूबा, भियतनाम आदिमा मात्र हैन, भारत र फिलिपिन्स, पेरु र द. अफ्रिकासम्म पनि कहाँ फैलिएका छैनन् ?

विशाल र उल्लेखनीय शक्तिको रुपमा आज विश्वमा वाम-आन्दोलनले रुप र आकार ग्रहण गरिरहेछ । अमेरिका, जापान, र बेलायत जस्ता ठूला पूँजीवादी देशहरुमै समेत वाम-आन्दोलन मौलाइरहेछ । गिरिजाको रेडियो, टि.भि. र गो.प. ले समाचारहरु नदिँदैमा, साम्राज्यवादीहरुले हियाएर प्रचार गर्दैमा के संसारमा सत्य र न्यायको पक्षमा जनताको आन्दोलन मर्छ र ? के संसारमा वामआन्दोलन ध्वस्त हुन्छ र ?

वामशक्तिको ठोस विकासको प्रत्यक्ष उदाहरण नेपाल आफैं हो । जनताको सेवा गरेर, जनतासंग भिजेर, जनताको न्यायपूर्ण आन्दोलनको अगुवाई गरेर आज नेपालमा वामशक्ति अघि बढेको छ । यसलाई हियाउनु र यसको निन्दा गर्नु जनतालाई नै हियाउनु र निन्दा गर्नु हो । संसारमा सत्य र न्यायको पक्षमा उभिएको जनताको आन्दोलन कहिल्यै ढल्दैन । नेपालमा पनि ढल्दैन । त्यसैले गिरिजा गुटले नचाहँदा नचाहँदै पनि नेपालमा वामशक्ति अघि बढ्ने छ, झन झन फैलने छ ।

**प्रतिपक्षीहरु विकास विरोधी हुन् :**

आज "विकास र विनाश" मध्ये जनताले एउटा कुरा छान्ने बेला आएको छ भनी गिरिजा-गुटले चुनावी प्रचार गर्दै छ । यस गुटको भनाइअनुसार ऊ आफू चाहिं "विकास" को पर्याय हो र खास गरी वाम-प्रतिपक्षीहरु चाहिं "विनाश" का द्योतक हुन् । उही ढुंगा-मूढा, आगजनी, तोडफोड आदिसंग प्रतिपक्षलाई जोड्दै गिरिजा-गुट यो प्रचार गरीरहेछ ।

यो प्रचार गर्ने नाममा महेश आचार्य जस्ता अर्थशास्त्रीहरु विगतमा जनघात र राष्ट्रघातका विरुद्ध निहत्था जनताले आन्दोलनमा गिरिजाको गोलीको प्रतिकार गर्न स्वःतस्फूर्त रुपले आक्रोश व्यक्त गरी गरेको केही तोडफोडका घटनाहरुलाई "महाविनाश" को रुपमा व्याख्या गर्दै हिंडेका छन् । "करोडौं, अरबौं रुपियाँ" नष्ट भएको "मौद्रिक - भाषा बोलेर यिनीहरु जनतालाई झूठ र भ्रममा डुबाउँदैछन् ।

यसबाट उनीहरु आफूले जनता मारेको कुरा छोपिरहेछन् । भ्रष्टाचार, दूराचार, अव्यवस्था र लुट-तन्त्रलाई मौलाउन दिएर गिरिजा-गूटले गरेका विकासविरोधी कुकृत्यहरुलाई के यी "झुठा र ठूला" आवाजहरुले छोप्न सकिन्छ र ?

जनता मूर्ख छैनन् । तथापि, गिरिजा - गूट चाहिं वास्तवमा यसरी जनतालाई पट-मूर्ख बनाउने कोशिस गर्दैछ । □

**-हरिगोविन्द लुइटेल**



# गिरिजा गुटलाई केही प्रश्नहरु

*आज जनताले गिरिजा गुटलाई सोध्नु परेको छ -*

*o जनघात र राष्ट्रघातका विरुद्ध सडक र सदनमा आवाज उठाउनु, कडा प्रतिकार गर्नु प्रतिपक्षको दायित्व हो । यो दायित्व पूरा गर्ने वाम प्रतिपक्षहरु कसरी अराजक र उद्दण्ड हुन ?*

*o धमिजा-काण्डको भ्रष्टाचारको आरोपबाट बच्नको लागि पार्टीलाई आफ्नो जमिन्दारी - मौजा जस्तै एकलौटी स्वार्थ सिद्ध गर्ने अखाडा बनाउन खोज्दा आफ्नै ३६ से सांसदहरुद्वारा संसदमा असहयोग भएपछि, यो मध्यावधि चुनाव गिरिजाले गराएका हुन् कि होइनन् ?*

*o आफ्नो पार्टीको बहुमत हुँदा हुँदै पनि सरकार गिराउने र राजीनामा दिएर अर्को कोही कांग्रेसीलाई प्र.म. बनाउने अवसर नदिनेले अब भविष्यमा "स्थिर सरकार" कसरी दिन्छ ? २०५ वटै सिट कांग्रेसले ल्याएपनि गिरिजा गुटले देशमा अस्थिरता ल्याउँदैन भन्ने ग्यारेण्टी के ?*

*o सरकारी, रेडियो, टि.भि. लाई गिरिजा गूटको "चुनावप्रचार यन्त्र" बनाउनेहरु, जसले आफूले विपक्षीलाई लगाएका आरोपहरु यी माध्यमहरुबाट प्रचार गर्ने गर्छन् तर विपक्षीहरुले त्यसको खण्डनमा बोलेको कुरा प्रचार गर्दैनन् - के तिनीहरुको यो व्यवहारको नाम नै "निस्पक्षता र प्रजातन्त्र" हो ?*

*o जन-आन्दोलन २०४६ ले दिएका जन-अधिकारहरु पनि क्रमशः खोस्दै जाने पार्टीले के यहाँ "प्रजातन्त्र" को रक्षा गर्नसक्छ ?*

**सेना, पुलीस लगाउनुको सट्टा चुनाब गराएको**

*गिरिजाप्रसाद र निजका हनुमानहरु आज प्रचार गर्दैछन् - प्रतिपक्ष अराजक र उद्दण्ड भएकोले यसलाई तह लगाउन मध्यावधि चुनाव गराइएको हो ।*

*तह लगाउनु पर्ने उनको आफ्नै तानाशाहीलाई थियो । तर आज उनी यसको उल्टो भन्दैछन् - सेना र पुलीस लगाएर प्रतिपक्षलाई तह लगाउनुको सट्टा मैले उनीहरुलाई चुनावद्वारा तह लगाउँदैछु ।*

*आफ्ना जायज माग र आवाज सरकारले नसुनेपछि जनतासमक्ष सडकमा जाने प्रतिपक्षलाई सेना वा पुलीस लगाउन सक्थें भनेको के हो ? त्यो कस्तो प्रजातन्त्र हो, जसमा प्रतिपक्ष जनतासमक्ष सडकमा जानु हुँदैन, गएमा सेना र पुलीस लगाउने धम्की दिइन्छ ? के यही बल प्रयोगको धम्कीको नाम नै "कांग्रेसी प्रजातन्त्र" हो ?*

□

# के चुनाव "बाहिस्कार" अहिलेको यथार्थ अनुकूल छ ?

हिजोको ने.क.पा. एकताकेन्द्र विभाजित भई बनेको ने.क.पा. एकताकेन्द्र (भिन्नमत समूह) र यस संगठनको सहयोगी मोर्चा सं ज मो, नेपालले यो मध्यावधि चुनावको क्रान्तिकारी उपयोग गर्ने नीति कायम राखे तापनि यसरी नै बनेको अर्को संगठन ने.क.पा. एकताकेन्द्र (क. प्रचण्ड समूह) र यसको सहयोगी मोर्चा सं ज मो (भट्टराई समूह)ले भने चुनाव बहिस्कार गर्ने नीति अगाडि ल्याएको छ ।

३ वर्ष अघि चुनाव उपयोग गर्ने शक्तिले आज देशको स्थितिमा त्यस्तो के तात्विक अन्तर आयो र आफ्नो कार्यनीति यसरी वदल्यो ? - स्पष्ट छैन । यो नीति परिवर्तनले त्यस समूहलाई आज व्यापक जनताबाट अलग्याउने संभावना बढेकोछ ।

देशको स्थिति चाहिं गिरिजालाई हटाएर महेन्द्रनारायण निधिलाई प्र.मं ल्याए पनि राम्रो मान्नु पर्ने खालको कायम छ । यसैका लागि संजमो (डा. बाबुराम भट्टराई समूह) ले पनि हालै मात्र आन्दोलनहरु गरेकै हो । तर अहिले फाशिवादी गिरिजा गुटलाई चुनावी बाटोबाट हटाउन सकिने स्थितिमा चाहिं "बहिस्कार" को नीति ल्याउनु आफैंमा विरोधाभाषपूर्ण रहेको छ ।

आज बहिस्कारवादीहरुको यो बहिस्कारलाई प्रतिकृयावादीहरुले आफू जित्ने र वामपन्थी हराउने साधनको रुपमा पनि प्रयोग गर्दै छन् । कतिपय स्थानमा त असचेत र गूट-अहंकार लिप्त कार्यकर्ताहरुले ठाडै प्रतिकृयावादीलाई सक्रिय चुनावी सहयोग गर्न थालेको वा पलायन भएको पनि देखिएको छ । बहिस्कारको नाममा भावनामा बहकिएर वामपन्थीहरुले जित्ने ठाउँका मतपेटिका फाल्ने जस्ता कामहरुतिर बहिस्कारका असचेत समर्थकहरु लागेभने यसले फासीवादलाई हराउन मद्दत गर्ला कि जिताउन मद्दत गर्ला ?

यसले त्यस समूहको छवि र शक्तिमा निश्चय नै ऱ्हास ल्याउने प्रस्ट संभावना छ । आज ने.क.पा. (मसाल) जस्तो क्रान्तिकारी शक्तिले पनि चुनाव उपयोग जरुरी ठानीरहेको क्षणमा हिजोको आजै क. प्रचण्ड र डा. बाबुरामहरुले नीति फेर्नुमा आफूलाई "अरुभन्दा फरक" देखिउने चाहाना मात्र त लुकेको छैन ? - भन्ने प्रश्न उठिरहेछ ।

हिजो गिरिजा हटाउन एक्लाएक्लै पनि त्यत्रो संघर्ष गर्न जनतालाई सडकमा उतार्ने शक्तिले एकाएक आज आएर "चुनावमा जो जिते नि हामीलाई वास्ता छैन" भन्नु के जिम्मेवारीपूर्ण कुरा हुन सक्छ ? मुलुकमा भइरहेका सानातिना नै सही, जनतालाई असर गर्ने घटनाहरुमा क्रान्तिकारीहरुले जनताको पक्षमा लागेर साथ दिनु जरुरी छ कि छैन ? यसको उल्टो आफू नै आम-जनताबाट एक्लिएर "शुद्धता" को वकालत गर्नुले के जनतालाई राहत दिन्छ ? "सामन्तवाद र साम्राज्यवाद विरोधी" लचिला कार्यहरुबाट कटेको पार्टीले आम जनतालाई परिचालित गरेर क्रान्ति गर्ला ? के मुठ्ठीभर क्रान्तिकारीहरुले एक्लै क्रान्ति गर्न संभव छ ? गंभीर प्रश्न उठेको छ ।

**- गोविन्द 'वैरागी'**



## गिरिजाको नालायकीपनको धमिलो पानीमा माछा मार्ने

# रा.प्र.पा. को मूल दावी

**"कांग्रेस-कम्यूनिष्ट दुवै चोर हुन्" बरू "हामी नै राम्रो" भन्दै यो पार्टी गुण्डादल र, पैसाको आडमा जनतामा जाँदैछ ।**

हिजो ३० वर्षसम्म यो मुलुकलाई निर्दलीय नामक एकदलीय पंचायती व्यवस्थाका माध्यमबाट लुट्ने, चुस्ने र खोक्रो पार्ने कुख्यात पंचहरु आज राष्ट्रिय प्रजातन्त्र पार्टीको नाममा जनताको घरदैलोमा भोट माग्दै हिंडेका छन् ।

देशभरि पैसाको खोलो बगाएर तूल र पोस्टर एवं भित्ते-लेखन गर्नमा यो पार्टीले आफूलाई निकै अगाडि पारेको छ । हिजो जनताबाट लुटेको संपत्तिबाट र प्रतिगामी शाक्ति केन्द्रहरुका आजका मोटा सहयोगहरुबाट यो पार्टी हिजोको उही " मासु चिउरा र जाँडमा भोट किन्ने" संस्कृति आज समाजमा फलाउँदैछ। सचेत जनतासंग आँखा जुधाएर बोल्न नसक्ने, अपराध-वोधले ग्रस्त यो पार्टी गाउँ-टोलका असचेत मानिसहरुलाई भ्रममा पार्नेतिर पुनः सक्रिय भएको छ ।

यसले आज दावी गरेको छ - "हामी अनुभवी र दक्ष सरकार दिने छौं ।"

यसरी राप्रपा गिरिजा-गूटले जनतालाई दिएको विश्वासघात र यसले प्रस्तुत गरेको नालायकीपनको धमिलो पानीमा माछा मार्दै आज आफू "लोकप्रिय" हुने सपना देख्दैछ । "कांग्रेस-कम्यूनिष्ट दुवै चोर हुन्" बरु "हामी नै राम्रो" भन्दै यो पार्टी गुण्डादल र, पैसाको आडमा जनतामा जाँदैछ ।

वास्तवमा, रा.प्र.पा. ले "अनुभवी र दक्ष" सरकार दिन्छु भन्नुको अर्थ गत पंचायत कालको ३० वर्षे निरंकुशतन्त्र, भ्रष्टाचार र लूट-तन्त्रको "अनुभव र दक्षता" नै यसले जनतालाई दिन खोज्दैछ भन्ने बुझ्नु पर्दछ ।

३० वर्षे पंचायती शासनका कुकृत्यहरुबारे आज "आफू भागीदार छैन" भन्ने रा.प्र.पा. अहिले यो "अनुभव र दक्षता" को दावी गर्दै आफू कुशासनको उपज भएको अप्रत्यक्ष रुपमा स्वीकारिरहेको छ ।

पंचायती अनुभव र दक्षता भनेको जनतालाई ठग्ने, लुट्ने दक्षता नै हो । यो त्यस्तो दक्षता हो, जसले ३० वर्षमा हरेक वर्ष ५६% का दरले महंगी बढायो, जब कि त्यस अवधिमा कर्मचारीको र मजदूरको वार्षिक तलव वृद्धिदर क्रमशः २८ % र १२% मात्र थियो ।

जनताले छिन्ताङ्ग - काण्ड, सुस्ता, महेशपुरकाण्ड, नमिता सुमिता काण्ड, नर्स काण्ड, गाई काण्ड, गधा काण्ड र यस्ता काण्डै काण्डको "अनुभव" हासिल गरेको यो पार्टीलाई मुखभरि जवाफ दिएर पठाउनु जरुरी छ। भारतसंग १९६५ को गोप्य - सन्धि गर्ने यी राष्ट्रघातीहरु आज जुन खाँटी "राष्ट्रवाद" को माला जप्दै छन्, यो तिनीहरुको पाखण्ड र राष्ट्रघात गर्ने "दक्षता" का बारेमा पनि जनताले उनीहरुलाई मुखभरिको जवाफ दिनु जरुरी छ । स्मरणीय छ, २०१७ मा विश्वमा १७ औं गरीव देश रहेको नेपाललाई २०४५ मा पुग्दा तेस्रो सवभन्दा ज्यादा गरीव देश बनाउनेहरु यिनै पूर्व - पंचहरु हुन् ।

### रा.प्र.पा. को मूल आरोप

३० वर्ष जनता चुस्ने पंचहरुको पार्टी रा.प्र.पा. ले देशको वाम-प्रतिपक्षलाई वारंवार यो चुनावको मुखमा आएर लगाइरहेको मूल आरोप हो - "प्रमुख प्रतिपक्षले पनि केही गर्न सकेन, तोडफोड मात्र गऱ्यो ।"

वास्तवमा, यी पंचायती भूतहरु आज देशमा कांग्रेसको वदमासीकै हाराहारीमा वामपन्थीहरुलाई पनि राखेर सोझा जनतामा भ्रम फैलाउँदै छन् - "कम्युनिष्टले पनि केही गरेन ।"

वर्तमान व्यवस्था पंचायती व्यवस्था हैन । यसमा वहुमत ल्याउने पार्टीले सरकार चलाउँछ र अरु पार्टीहरु विपक्षमा रहन्छन् । सरकारले केही गर्न वा नगर्न सक्छ । विपक्षीले खेल्ने भूमिका भनेको खवरदारीको भूमिका हो । गत कालमा यो भूमिका नेपालमा वाम-प्रतिपक्षले संसदीय व्यवस्था भएका कुनै पनि अन्य मुलुकको तुलनामा निकै बढी नै निर्वाह गरेको छ। सदन र सडक दुर्वतिरबाट यसले यथेष्ठ कार्यहरु गरेको छ। तर गिरिजाको तानाशाहीले प्रतिपक्षको खवरदारीलाई लत्याइदियो ।

यसको मूल दोषी गिरिजा-गूट नै हो। यो कुरा जनतालाई बुझाउनुको सट्टा "कांग्रेस - कम्युनिष्ट दुवै चोर" भनी यी पंचहरु जनतालाई भड्काउँदैछन् । कतिपय ठाउँमा त "वामपन्थीले पनि जितेर पो के गऱ्यो र ?" भनी जनतालाई "प्रतिपक्ष भनेको सत्तापक्ष नै हो" भन्ने जस्तो भ्रममा पारी विरोध गर्न पनि यिनीहरु पछि परेका छैनन् । यो उनीहरुको पंचायती चुनाव र बहुदलीय चुनावको फरक नबुझेका जनताको असचेतताबाट नाजायज फाइदा लुट्ने पुनरुत्थानवादी षडयन्त्र मात्र हो ।

कतिपय रा.प्र.पा. का नेताहरुले त के सम्म पनि भने, भने - "कांग्रेसले जनतालाई गोली हान्यो, कम्युनिष्टले चाहिं जनतालाई गोली खान जुलुसमा लग्यो ।"

यसो भनेर यी पंचायती-भूतहरु जनतालाई आन्दोलनको विपक्षमा खडा गर्ने चेस्टा गर्दैछन् ।

जन-आन्दोलन गर्नु जनताको हक हो। त्यसको नेतृत्व गर्नु जनमुखी प्रतिपक्षको दायित्व हो । त्यसको निम्ति लागि पर्नु भनेको के हत्यारा सरकारले जनतालाई गोली हान्नु सरहको अपराध हुन सक्छ ?

यसबाट देखिएको छ - जनता आफ्नो मागको लागि सडकमा नउत्रून र प्रतिपक्ष जनताको नेतृत्व गर्ने दायित्वबाट पंछियोस् भन्ने कुरा रा.प्र.पा. चाहन्छ ।

यसबाट के देखिएको छ भने, रा.प्र.पा. जनतालाई भेडा-वाखासरह ठान्दछ, जसलाई किन्न र पिछलग्गू बनाउन मात्र सही हुन्छ ।

त्यसैले राप्रपा जनताको आन्दोलनलाई "अराजकता" को रुपमा व्याख्या गर्दैछ । ❑




एमालेको सरकार ल्याउन कृयाशील गृहिणीहरू

# साम्यवाद र व्यक्तिगत स्वतन्त्रता

राहुल सांकृत्यायन

## पूँजीवादीहरु जुन व्यक्तिगत स्वतन्त्रताको ढोल पिट्छन्, त्यसको सक्कली रुप के हो ? त्यो स्वतन्त्रता समाजका कतिलाई प्राप्त भइरहेको छ त ?

**सा**म्यवाद के चाहन्छ ?

- शोषक र शोषितको भेदलाई मेटेर उत्पादनको साधन - मेशीन, भूमि, कच्चा पदार्थ तथा उत्पादित वस्तुहरुको स्वामी व्यक्तिलाई होइन, समाजलाई बनाउनु,

- सबै व्यक्तिहरुलाई योग्यता अनुसार काम गराउनु,

- जीवनका लागि आवश्यक बस्तुहरु, यन्त्रहरुको उपयोगबाट मिल्ने अवकाश र मानसिक विकासको अवसरलाई अपेक्षा अनुसार सबैलाई समान रुपले वाँड्नु !

माथिका प्रथम र दोस्रो जवाफ हेरेर कयौं मानिसहरु भन्छन् -

"उफ्फ ! त्यसो भए साम्यवाद व्यक्तिगत स्वतन्त्रताको ठूलो शत्रु हो ! त्यसको लागि व्यक्ति त यन्त्रको पुर्जा भन्दा बढी होइन रहेछ । त्यसैले व्यक्ति समाजको हातको कठपुतली मात्र हो ।"

यसको उत्तरमा साम्यवादीहरुले भन्ने छन् -

साम्यवादले पूँजीवादको कैयौं गुना वढी व्यक्तिगत स्वतन्त्रता दिन्छ । यो कुरा बताउनका लागि पूँजीवादको सक्कली रुप हेर्नु पर्दछ ।

पूँजीवादीहरु जुन व्यक्तिगत स्वतन्त्रताको ढोल पिट्छन्, त्यसको सक्कली रुप के हो ? त्यो स्वतन्त्रता समाजका कतिलाई प्राप्त भइरहेको छ त ?

स्मरणीय छ - सम्पूर्ण स्वतन्त्रताहरुको जननी हो - आर्थिक स्वतन्त्रता ! त्यो आर्थिक स्वतन्त्रता कतिलाई प्राप्त छ त ? केवल उनीहरुलाई मात्र प्राप्त छ, जोसंग धन छ, अर्थात् जो पूँजीपति हो । के यो कुरा होइन र ?

पूँजीपतिले हजारौं मजदूरहरुलाई किन्न सक्दछ, हो, दासलाई जस्तो होइन, वरु त्यसभन्दा पनि नराम्ररी किन्न सक्दछ ! दासको लागि हरेक हालतमा पनि मालिक खाना- कपडा दिनको लागि बाध्य थियो, किनकि त्यसो नगर्ने हो भने उसको त्यस व्यक्तिमाथि परेको पूँजी डुब्ने भय हुन्थ्यो ।

तर मजदूरको लागि ?

जवसम्म मजदूर स्वस्थ हुन्छ, काम गर्न सक्दछ, जवसम्म उसबाट काम लिंदा नाफा हुन्छ, तबसम्म उसको श्रमको आधी-तिहाई मजदूरी दिएर उसबाट काम लिइन्छ । यदि बजार मन्द भयो भने र मजदूरी घाटा-व्यापार हुन थाल्यो भने पूँजीपतिले त बस्, कारखानाको ढोकामा ताला लगाइहाल्छ । हजारौं मजदूर-जसबाट उनीहरुको घरबार खोसिएको हुन्छ, जसबाट उनीहरुको हातको काम खोसिएको हुन्छ - ती भोकै किन नमरुन् !

यदि मजदूर विरामी भयो भने वा बूढो भयो भनेतापनि स्वस्थ अवस्थाको एक-एक थोपा रगत पनि चुसेर पीउने मालिक त्यस मजदूरलाई बेरंग जवाफ दिनका लागि पूरै स्वतन्त्र छ । हजारौं मजदूर तथा उनीहरुको परिवारले यो कस्तो व्यक्तिगत स्वतन्त्रताको स्वर्गीय आनन्द लुटिरहेको! शायद तपाई उनीहरुलाई यसकारणले स्वतन्त्र भन्नु हुन्छ, किनकि आँखा छलेर उनीहरु आत्महत्या गर्न सक्छन्! मजदूरहरुलाई छाडौं, खोज्दै जाने हो भने - अरु पनि कतिपय व्यक्तिहरुले यस्तो व्यक्तिगत स्वतन्त्रताको उपयोग गरिरहेको पाउनु हुनेछ !

के तपाई भन्न सक्नु हुन्छ - संसारमा कुन चाहि साधन वा व्यक्ति पूँजीपतिहरुद्वारा किनिएका छैनन् ? के समाचार-पत्रहरुले जनताको अगाडि स्वतन्त्र विचार राख्न सक्छन् ? के बेलायत र अन्य मुलुकका



करोडपतिहरुले, पत्र-पत्रिकाका मालिकले पत्रकारिता-कलालाई आफ्नो हातको कठपुतली बनाएका छैनन्? अखवारहरुलाई पहिले अलिकति केही स्वतन्त्रता थियो होला, तर आजभोलि त त्यो पूँजीपतिहरुको गुलाम भएको छ ।

भारतमा पनि जुन अखरवारहरुले स्वतन्त्रता र क्रान्तिकारी विचारहरुको वकिल बनी आफ्नो जग मजवूत गरे, ती अखवारहरुले पनि सफलता प्राप्त भएपछि नै आफ्नो प्रबृत्ति बदल्नमा ढीला गरेनन् । अब त्यो समय त्यति धेरै टाढा छैन, जब यहाँका अखवारहरुले पनि अन्य देशका जस्तै पूँजीपतिहरुको हातमा गई, उनीहरुकै भलाइको कुरा गर्नु नै आफ्नो कर्तव्य ठान्नेछन् । हामीकहाँ अहिले पूँजीपतिहरुको यस कुरामा धेरै कम मात्रै ध्यान जानुको कारण थियो - लाभको कम संभावना र पूँजी डुब्ने डर ! जुन अखवारको अधिक भन्दा अधिक आम्दानी पूँजीपतिहरुको लागि विज्ञापनबाट हुन्छ, ती अखवारहरुले कहाँसम्म आफ्नो स्वतन्त्रता कायम गरीराख्न सक्छन् ? अहिले भारतीय पूँजीपतिहरु अखवारहरु र प्रेसहरुमाथि अधिकार जमाउनका लागि अति नै धेरै अग्रसर भइसकेका छन् ।

के लेखक र कविहरुलाई पूँजीपतिहरुले किनेका छैनन् त ? संसारमा त्यस्ता मानिसहरुको संख्या अति नै नगन्य छ, जसले आफ्नो प्रतिभा र कलम बेचेर नखाएको होस् । जे जति - औंलामा गन्न पनि गाह्रो हुने गरी केही स्वतन्त्र कलमका धनीहरु यस संसारमा पाइन्छन्, ती सैकडौं व्यक्ति मानिसहरुको जीवनमा भएको स्वतन्त्रता-संग्रामका अवशेषहरु हुन्, जो असफल भएर, कुनै प्रख्याति र उल्लेखविना नै यस संसारबाट विलीन भएका थिए !

र राजनीतिज्ञ ?

राजनीतिज्ञहरु त अझ बढी पूँजीपतिहरुका दासहरु हुन् । संसारका राजनीतिज्ञहरुलाई हेर्नुस् त, तपाईलाई यो कुरा राम्ररी नै थाहा हुनेछ । सबै देशका मन्त्रीमण्डलहरुमा कारखाना, बैंक र प्रेसका मालिकहरुकै वर्चश्व त भरमार रुपमा छ !

राजनीति त शक्तिको स्रोत हो । त्यसैले त्यसलाई पूरै रुपमा हत्याउनु पूँजीपति मालिकहरु आफ्नो अत्यन्त आवश्यक कर्तव्य ठान्दछन् । पूँजीवादी देशहरुको संसदका चुनावहरु केवल पैसाकै भरोसामा लडिन्छन् । जहाँ मतदाताहरुलाई रुपियाँ पैसा घूसको रुपमा दिइदैन - त्यस्ता देशहरु अत्यन्त कम छन् - त्यहाँ पनि बोली र प्रेसलाई किनेर राखिन्छ । यातायातका साधनहरु मोटर, हवाई जहाज, रेलहरुमा पानी झैं पैसा बगाइन्छन् ।

के जोसंग पैसा छैन, केवल आफ्नो योग्यता, त्याग र सेवाको भरोसामा तिनीहरुले चुनावमा कहिले पनि सफलता प्राप्त गर्न सक्दैनन् ? गाउँका अनपढ - अज्ञान मानिसलाई पनि थाहा छ - चाँदीका मोहरहरुको वर्षा नगरीकन कुनै पनि व्यक्ति चुनावमा जित्न सक्दैन !

"प्रजातान्त्रिक" संस्थाहरुका लागि यही मतदान नै व्यक्तिगत स्वतन्त्रताको उदाहरणको रुपमा बताइएको छ । जबसम्म एक व्यक्तिको हातमा अपार धनराशि हुन्छ र हजारौं व्यक्तिहरु गरीव र आश्रयहीन हुन्छन्, तबसम्म मत-सम्मतिको खरीद विक्री नभइरहन सक्दैन ।

के पण्डित, मौलवी, पादरीहरु व्यक्ति - स्वतन्त्रताका मालिक हुन् ? उनीहरुको त अस्तित्व समेत पूँजीपतिहरुको कृपाँमाथि निर्भर छ । उनीहरुका ठूला-ठूला मन्दिर, आश्रम - घर, लामा लामा धोतीहरु, विलाशी वस्त्र र आभूषण, सबै सबै पूँजीपतिहरुकै देन हुन् । जहाँ सबै भन्दा कम स्वतन्त्रताको आशा गर्न सकिने ठाउँ छ, हो, ती यही धर्मका ठेकेदारहरु र उनीहरुका धार्मिक संस्थाहरु हुन् ।

देशका राजा - महाराजाहरुकहाँ त प्रजाको लागि व्यक्तिगत स्वतन्त्रताको शव्द नै प्रयुक्त हुन सक्दैन । त्यहाँ त जनताको ज्यान-माल, इज्जत - आबरु सबै अन्नदाता - राजा-महाराजाहरुको मुठ्ठीमा हुन्छ ।

तपाई धप्प बल्दो - मशाल लिएर संसारको कुना - काप्चामा खोजेर आउनुस् । तपाईले व्यक्तिगत स्वतन्त्रता कुनै पनि पूँजीवादी देशमा खोजेर पनि पाउन सक्नु हुन्न, तब यो केवल एउटा व्यर्थको शव्द मात्र हो भनेर तपाईलाई थाहा हुनेछ । अथवा यदि त्यो शव्द कहीं कतै सार्थक रहेछ भने त्यो पनि मुट्ठीभरका धनी-मानी पूँजीपतिहरुको लागि मात्रै सार्थक हुन्छ ! त्यहाँ यस्ता लम्वाचौडा शव्दहरुबाट जनतालाई बहकाउने - भड्काउने उद्देश्य पूर्ति गर्ने गरिन्छ र सोझासीधा मानिसहरु "कागले कान लग्यो .." भनेर प्रचार गरेपछि आ-आफ्नो कान नछामीकन कागको पछि पछि दौड्ने गर्दछन् । उनीहरुले सम्झनु- वुझनु पर्दछ - जबसम्म संसारको सबैभन्दा ठूलो शक्ति - धन केवल मुट्ठीभर मानिसहरुको हातमा केन्द्रित रहीरहन्छ, तबसम्म उनीहरुले उनीहरुभन्दा ठूला- सपना सबै प्रकारको मानिसहरुलाई किनवेच गर्ने काम गरिरहन्छन्, किन-वेच गरिएको मानिस कहिले स्वतन्त्र हुन सक्दछ र ?

हो, अब त थाहा भो होला, तपाईको "व्यक्तिगत स्वतन्त्रता" धोखा दिनलाई प्रयोग गरिएको पर्दा हो । साम्यवादले धनलाई व्यक्तिको हातमा रहन दिंदैन र आर्थिक दृष्टिले सबैलाई समान बनाउँदछ । त्यसैले साम्यवाद निश्चित रुपमा व्यक्तिगत स्वतन्त्रताको ठूलो सहायक हो !

*- (राहुल सांकृत्यायनद्वारा लिखित "साम्यवाद ही क्यौं ?" पुस्तकबाट सान्दर्भिक अंशको अनुवाद)*

□

**साम्यवादले पूँजीवादको कैयौ गुना वढी व्यक्तिगत स्वतन्त्रता दिन्छ !**

# चुनावी अवसरवादका केही पक्षहरू

-चन्द्रदेव नेपाली

## तसलीमा नसरीनले दर्शाएको चित्र हामीले पनि दोहोऱ्याउने हो

**वि**ख्यात बांग्लादेशी लेखिका तसलीमा नसरीनको बहुचर्चित उपन्यास "लज्जा" मा उनले विभिन्न कुराका अतिरिक्त एउटा महत्वपूर्ण पक्षलाई पनि प्रकाशमा ल्याएकी छिन् । त्यो पक्ष हो - चुनाव लड्ने राजनैतिक पार्टीहरुको अन्ध-सत्तालिप्साबाट उत्पन्न भएको चरम अवसरवाद !

धर्मनिरपेक्ष देश बांग्लादेशलाई मुस्लिम कठमुल्लावादीहरुले "इस्लाम धर्ममा आधारित देश" बनाएर अन्य धर्म मान्ने देशभक्त बांग्लादेशीहरुलाई बस्न, टिक्न नदिएको कुराको भण्डाफोर गरिएको यस उपन्यासमा देखाइएको छ - उग्र इस्लामी पार्टीहरुका प्रतिकृयावादी लुटाहाहरु, बलात्कारीहरु, उपद्रवकारीहरु धार्मिक उन्मादमा डुबेर हिन्दू वा धर्म निरपेक्षतावादीहरुमाथि लूटपाट गर्दैछन्, पसल पसललाई तोडफोड गर्दैछन् मन्दिरहरु भत्काउदैछन्, घरघरमा आगो लगाउँदैछन्, मान्छे मार्दैछन्, अपहरण र बलात्कार गर्दैछन् ।



यसका विरुद्ध सत्तारुढ पार्टी लगायत अन्य विपक्षी पार्टीहरु पनि सांप्रदायिक एकताको पक्षमा वकालत गरेर वक्तव्य दिंदैछन्, सभा र जुलूस गर्दैछन् - ऐक्यवद्धता हातेमालो कार्यक्रम गर्दैछन् । देखाउनका लागि सबैथोक गर्दैछन् । तर जब रात-साँझ साँच्चै त्यहाँ गुण्डाहरुले साँच्चै लूटपाट र बलात्कार गर्न थाल्छन्, त्यसका विरुद्ध ती पार्टीमा संलग्न छिमेकी मुस्लिमहरु कोही पनि घर बाहिर निस्कँदैनन् । गुण्डाहरुलाई समातेर कारबाही गर्न सरकार वा यी पार्टीहरुका मान्छेहरु वा पुलीस कोही पनि तयार छैनन् । लुटिएका हिन्दू साथीहरुलाई सहानुभूति दिने काम मुस्लिम उदारतावादी साथीहरुले गर्छन्, तर सब देखावटी !

यसको पछाडिका विविध कारणहरुमध्ये तसलीमा नसरीनले दर्शाएको एउटा कारण यही चुनावी अवसरवाद हो ।

उदारवादी, प्रगतिशील पार्टीहरु सांप्रदायिक एकता चाहन्छन्, तर ती गुण्डाहरुलाई कारबाही गर्न पनि चाहँदैनन् । किनभने, यसो गर्दा त ती कट्टर मुस्लिमहरु उनीहरुको पार्टीप्रति चिढिने संभावना हुन्छ, र भोलि हुने चुनावमा भोट पाइन्न । त्यसैले उनीहरु भोलि चुनावको लागि मतदाताहरु सबैलाई रिझाउने प्रयास गर्छन् । बीचको बाटो समाउने प्रयास गर्छन् । सांप्रदायिक एकताको जुलूस निकाल्नु एउटा राम्रो कुरा हो, तर यो बीचको बाटो मात्र हो । जरुरी थियो - गलत तत्वहरुलाई एक्ल्याएर ठोस कारवाही गर्नुको । तर यसो गर्न उनीहरु तयार भएनन् । मात्रा फरक रह्यो तर प्रायः सबै चुनावी पार्टीहरुले यस्तै व्यवहार गरे । फलतः हज्जारौं हिन्दूहरुले बांग्लादेशमा फेरि एक पल्ट देश छाडेर भारत भाग्नु पर्ने स्थिति उत्पन्न भयो । धेरै मानिसहरु हराए, मरे, बलात्कारमा परे ।

यो त बांग्लादेशको कुरा भयो । हाम्रै नेपालमा पनि गत आम चुनाव र त्यसपछिका स्थानीय निकायका चुनावहरुमा यस्तै चुनावी अवसरवाद छयासछयास्ती प्रकट भयो । बांग्लादेशको जस्तो घटना यहाँ त्यसरी नै नघटेको हुनाले त्यस्तै घटना यहाँ दोहोरियो भन्न मिल्दैन । तर प्रवृत्ति भने एउटै थियो । कतिपय ठाउँमा त यो यसभन्दा एक पाइला अगाडि नै पनि थियो ।

*o यो लेखक आफै संलग्न एउटा चुनावी क्षेत्रमा हामी वामपन्थिहरुले चुनावको दिन स्वयंसेवामा खटिएका बेलामा आफू आफूबाटै चन्दा उठाएर दिउँसो चनाको तरकारी र चिउरा खाजा खाने बन्दोवस्त गरेका थियौं । केही भाइहरु र बहिनीहरुले सार्वजनिक पाटीमा चना पकाए । कागजका टुक्राहरुमा पस्के । सबैले खाए ।*

*बस् ! यो घटनालाई लिएर स्थानीय कांग्रेसीहरुले भोट खसाल्न आउँदै गरेका मानिसहरुलाई यसी भनेर भड्काउँदै थिए - "भाउजू ! दिदी ! काकी ! काका ! हेर्नुस् त वामपन्थीहरु फलाना फलाना बाहुन, क्षेत्रीका छोराछोरीहरु पनि दमाइ कामीसंग हातमा हात मिलाएर तरकारी चिउरा खाँदैछन् । त्यसैले हेर्नुस्, अन्तिम समयमा पनि हामी तपाईहरुलाई संझाउँदै छौं - वामपन्थीहरु भनेका जातभात नमान्नेहरु हुन् । त्यसैले उनीहरुलाई भोट नदिनुस्, हामीलाई दिनुस् ।"*

*बास्तवमा यस प्रचारले गर्दा केही मानिसहरुले हाम्रा पक्षमा भोट हालेनन् ।*

*o यो कुरा थाहा पाएर हाम्रा केही आलाकाँचा साथीहरु पनि प्रचारमा जान खोज्दै थिए र भन्न खोज्दै थिए - "भाउजू ! दिदी ! काकी ! काका ! हैन ब्यारे, हामीले दमाइ कामीसंग बसेर खाजा खाएकै छैनौं । हामी त्यस्तो गर्छौं भनेर कांग्रेसीहरु झूठ बोल्दैछन् !"*

*तर केही सचेत साथीहरुले उनीहरुलाई रोके र हामीले यस्तो कुरा भन्यौं - " "भाउजू ! दिदी ! काकी ! काका ! जातभातको भेदभाव भनेको बेठीक कुरा हो, हाम्रो संविधानले पनि जातभातको विरोध गर्छ, हामी बामपन्थी पार्टीहरु त झनै यसका विरुद्ध छौं । यहाँसम्म कि नेपाली कांग्रेसको घोषणा-पत्रमै पनि जातभातको विरोध गरिएको छ । तर यिनै कांग्रेसीहरु आफ्नै सिद्धान्त समेत त्यागेर तपाईहरुका सामु जातपातको पक्ष लिंदैछन् । जातपातको पक्ष लिनु बेठीक छ । त्यसैले "ठीक" को पक्षमा लागेका हामीलाई नै भोट दिनु होला । उनीहरुको कान फुकाइबाट नभड्किनु होला !"*

**मा**थिको उदाहरणमा उल्लिखित कांग्रेसी व्यवहार र हाम्रा आलाकाँचा साथीहरुले अँगाल्न खोजेको व्यवहार एउटा चरम अवसरवाद हो - चुनावी अवसरवाद !

भोट तान्नको लागि जे पनि भन्ने ? भोट तान्नको लागि जे पनि गर्ने ? जनतालाई ठीक कुरा बुझाएर एक पाइला माथि उचालेर चेतनशील बनाएर भोट माग्ने कि उनीहरुमा भएको गलत चिन्तन, गलत धारणालाई नै भरेङ बनाएर, झन् झन् मजबूत पारेर भोट माग्ने ?

यो प्रश्नमा हाम्रो देशमा हाम्रै कार्यकर्ताहरुलाई पनि धेरै कुराहरु नेतृत्वले बुझाउन सकेको छैन् ।

यसमा हाम्रा पार्टीहरु सजग नहुने हो भने तसलीमा नसरीनले चित्रण गरेको बांग्लादेशी समाज कै जस्तो विकृति हाम्रै देशमा पनि प्रवल र प्रकट रुपमा देखा पर्न सक्नेछ ।

*o विगत पञ्चायती आम चुनावमा जात - जाति र धर्म संप्रदायको आड लिएर चुनाव प्रचार गरिन्थ्यो । माथ्लो बाहुनको घरमा गएर भनिन्थ्यो - "काका ! तपाईहरु पनि हिन्दू र बाहुन, म पनि हिन्दू र बाहुन, त्यो मेरो प्रतिद्वन्दी तामांग, त्यसको धर्म अर्कै हो, कुन हो कुन हो ? त्यसलाई भोट दिएर आफ्नै जातको खुट्टामा बंचरो नहान्नु होला !"*

*अनि तल्लो घर तामांगकहाँ गएर भनिन्थ्यो - "काका ! जे भए पनि म डाँडा गाउँकै मान्छे हुँ, त्यो मेरो प्रतिद्वन्दी गैरी गाउँको हो । डाँडा गाउँ र गैरी गाउँको यत्रो पुस्तौं पुस्तादेखिको शत्रुता र मारकाट देखिहाल्नु भा" छ । के अब त्यही नीच गैरी गाउँलेलाई तपाई भोट दिनु हुन्छ त ?*

*o पञ्चायतमा ठाउँ-ठाउँमा चुनावको दश दिन अघि पैसा बाडिन्थ्यो । चुनावकै दिन बिहान सबेरै र भोट खसाल्न थालेपछि पनि पैसा, जाँड, रक्सी, मासुमा भोट किन्ने काम हुन्थ्यो । पंचायती नाइकेहरु हेमबहादुर मल्ल, बद्री मण्डल र आफूलाई राम्रै बौद्धिक व्यक्ति मान्ने प्रकाशचन्द्र लोहनी समेतले असचेत गाउँले महिलाहरुलाई फरिया बाँडेर भोट लिएका उदाहरणहरु ताजा नै छन् ।*

*o काठमाण्डौंमा चुनावको एक महिना अघिदेखि जोगमेहरका गुण्डाहरु हातमा दश, पन्ध्र वा पच्चीस हजार लिएर गाउँ - टोलका स्थानीय सामाजिक क्लबहरुमा युवाहरुलाई खेलकूदका सामानहरु किनीदिन दौडिन्थे । यो इतिहास*

*पनि पुरानो भएको छैन ।*

*o राम्रो आचरण भएका स्वाभिमानी युवाहरुलाई झुट्ठा मुद्दाहरुमा फँसाएर वा गाँजा र अफिमको लतमा तानेर ती गँजडी वा अफिम्चीहरुका नाइकेहरुलाई पैसाले किनेर पनि "पंचायती चुनावहरुमा" एउटा मण्डलेले जित्ने कोशीस गर्थ्यो । अर्को प्रतिद्वन्दी मण्डले उसलेभन्दा बढी गाँजा र उसलेभन्दा वढी अफिम लिएर तिनीहरुकहाँ पुग्थ्यो ।*

*o "साइला दाइ ! त्यो मेरो प्रतिद्वन्दीलाई भोट दिन्छु त भन्छौ, तर याद गर नि ! त्यसले जित्यो भने त तिम्रो यो चिया पसलमा अहिले तिमीले खेलाइरहेको जुवा बन्द गरिदिन्छ नि ! बरु मतिर लाग, म तिमीलाई जुवा, जाँडको मामलामा पुलीसबाट बचाउने जिम्मा लिइदिन्छु ।"*

*o टोलमा कारखानामा काम गर्ने आइमाईहरुलाई सामूहिक वलात्कार गर्ने गुण्डाहरुका विरुद्ध जनताले पुलीस थानामा उजूरी दिन्थ्यो । जोगमेहेर- गूट गएर छुटाएर ल्याउँथ्यो । भनिन्थ्यो - "मेरो गूटमा लाग, जे गर्न पनि पाइन्छ !"*

> पूँजीपतिहरू चुनावलाई "लगानी गर्ने राम्रो उद्योग" बनाउन चाहन्छन् । उनीहरूले चन्दा दिएर पार्टीहरूलाई किन्न खोज्छन् ।

*o पंचायती कुशासनमा भोटका लागि, चुनाव जित्नका लागि जे पनि भनिन्थ्यो र गरिन्थ्यो भन्ने कुराका यस्ता उदाहरणहरु असंख्य छन् ।*

देशमा पंचायती व्यवस्था वदलियो तर पंचायती चुनावी - संस्कृति बदलिएको छैन ।

छिमेकी देश भारतको फस्टाउँदो "विहारी शैली" र अन्य पूँजीवादी देशहरुका चुनावी अभियानहरु हेर्दा निश्चितै रुपमा भन्न सकिन्छ - यो व्यवस्थामा पूँजीको होडवाजीमा नैतिकता र अनैतिकताको ख्याल जसरी अर्थतन्त्रमा राखिन्न, त्यसरी नै राजनीतिमा पनि राखिन्न । यो पूँजीवादी व्यवस्थाको अभिन्न चरित्र नै हो ।

*o कतिपय वामपन्थी मित्रहरुको भनाइ के सुनिन्छ भने "यस्ता पूँजीवादी चुनावहरुमा यस्तै नगरी जितिन्न, त्यसैले हामी पनि हात वाँधेर बस्दैनौं ।"*

हो, हामीले हात वाँधेर बस्ने त कुरै आउँदैन । तर, हामीले पनि यस्तो अनैतिक चुनावी शैली अप्नाउने हो भने वामपन्थी र प्रतिक्रियावादीहरुमा अन्तर नै के रह्यो ? हाम्रा हातहरु प्रतिकृयावादीहरुका यी गलत र पतनमुखी चुनावी शैलीको भण्डाफोर गर्न र जनतालाई राम्रो व्यवहार र शैली प्रस्तुत गर्नका खुल्नु पर्छ । तिनले आप्नाउने गलत प्रवृत्तिको प्रतिकारका लागि खुल्नु पर्छ ।

"उसले गाउँको कुखुरा चोर्नु हुन्छ भने मैले गाउँको हाँस चोर्न किन नहुने ?" भन्ने हो भने गाउँमा अरु थोक त होला, तर गाउँमा चोरी कार्य चाहिं रोकिन्न, त्यो झन झन फस्टाएर जाने छ । यो भनेको, जुन कुरो रोक्नु पर्छ भनी हाम्री लागेका छौं, त्यही कुरो फस्टाउने कामलाई हामी आफैले बढावा दिनु हो ।

देशका मामलामा पनि यही कुरा लागु हुन्छ ।

यसै सन्दर्भमा चुनावलाई जनताको चेतनास्तर र संस्कृति समेत उँचो पार्न उपयोग गरी उनीहरुलाई संगठित र झन झन आत्मवलले युक्त बनाउनुको साटो यसको उल्टो असर र परिणाम छोड्ने अरु केही अवसरवादी चरित्रहरुबाट पनि जनपक्षीय शक्तिहरु सचेस्ट रहनै पर्छ ।

तिनीहरु मध्ये एक हो - जनतालाई "स्वतन्त्र विवेकयुक्त मानव" हैन, किन्ने बेच्ने बस्तु (commodity) ठान्ने चरित्र र प्रवृत्ति ! यसमा पैसाले उनीहरुको भोट किन्न खोज्नु वा भोज खुवाएर भोट लिन खोज्नु वा युवाहरुलाई रक्सी - बियरको लोभमा तानेर स्वयंसवेक वा चुनावी कार्यकर्ता बनाउन खोज्नु मात्र पर्दैन । यसमा अर्को एक कुरा पनि पर्छ, त्यो हो - झूठ बोलेर भोट तान्नु ! जनतालाई झूठा र रंगीन आश्वासन र लोभ देखाएर उनीहरुलाई आफूतिर तान्न प्रतिकृयावादीहरु जोततोडले लाग्ने गर्छन् । यसको जवाफमा जनपक्षीय शक्तिहरुले सही र वास्तविक कुरा मात्र जनतालाई बताउनु पर्छ । उनीहरुलाई झुक्याएर हैन, हामीले उनीहरुलाई सचेत गराएर आफूतिर तान्नु पर्छ । त्यस्ता झूठाप्रचार गर्ने तत्वहरुको भण्डाफोर गर्न पनि हामी पछि पर्नु हुन्न ।

चुनावमा फर्जी मतदान गर्ने वा आफूले सकेमा बुथ क्याप्चर नै गर्न पनि पछि पर्नु हुन्न भन्ने सोच राख्ने मित्रहरु पनि हाम्रो आन्दोलनमा केही हुनु हुन्छ ।

फेरि पनि के कुरा निश्चितै हो भने, हामीले प्रतिरक्षाका यावत उपायहरु अप्नाउनु पर्छ । फर्जी मत राख्ने वा बुथ क्याप्चर गर्न खोज्नेहरुका विरुद्ध कडा प्रतिकार गर्नै पर्छ । तर आफैं हामी पनि उनीहरुले जस्तै गर्छौं भने, त्यसले देखाउँछ - मौका मिलेमा त हामी पनि अनैतिक हुन पछि नपर्ने रहेछौं ।

"जसरी पनि जित्ने" भन्ने भावनाबाट जो अभिप्रेरित हुन्छन्, तिनीहरुले "जसरी पनि, जे गरेर पनि आफ्नो फाइदाको लागि" काम गर्ने भ्रष्टाचारी प्रवृत्तिलाई नै स्वीकार गरेको ठहर्छ । यसले समाजमा विद्यमान "भ्रस्ट" प्रवृत्तिलाई प्रोत्साहन दिन्छ कि निरुत्साहित गर्छ ? हामीबाट जनताले के सिक्ला ? हामीबाट जनताले के आशा गर्ला ? यस बारे हामीले गंभीर हुनै पर्छ ।

अर्को एक पक्ष पनि यहाँनेर चर्चा योग्य छ, जसबारे हामीकहाँ अत्यन्त कम चर्चा भएको छ र कम ध्यान गएको छ । त्यो हो - चुनावी खर्च उठाउने तरीका !

पूँजीपतिहरु चुनावलाई "लगानी गर्ने राम्रो उद्योग" बनाउन चाहन्छन् । उनीहरुले चन्दा दिएर पार्टीहरुलाई किन्न खोज्छन् । उनीहरु ठूलै रकम चन्दा दिन तत्पर हुन्छन् तर त्यसको पछाडि उनीहरुको स्वार्थ जोडिएको हुन्छ । यो कुरा हामीले बुझेनौं भने हामी पनि तिनको फन्दामा नराम्ररी फस्दछौं ।

एउटा पूँजीपति र पूँजीवादी राजनीतिज्ञको नंगमासुको झैं गाढा संवन्ध हुन्छ । पूँजीपति पैसा र साधनहरु दिएर पूँजीवादी राजनीतिज्ञहरुबाट आफ्नो पक्षमा सरकारी नीति, नियमहरु बनाउन लगाउँछन्, जनतालाई लुट्ने कानूनहरु बनाउन लगाउँछन् र उनीहरुको शोषण विरुद्ध उठ्ने जनतामाथि दमन गर्न लगाउँछन् ।

यदि हामी पनि तिनै पूँजीपतिहरुको भर परेर तिनकै चन्दा राशिबाट चुनाव लड्छौं भने हामीबाट पनि पछि उनीहरु त्यो "चन्दा" को "वदलामा" आफूलाई फाइदा हुने कुरा गर्न वाध्य गराउन हामीकहाँ आइपुग्छन् । हामी "नूनको सोझो" गर्न वाध्य हुन्छौं, किनभने, हामीलाई फेरि फेरि पनि उनीहरुसंग हात पसार्न जानु पर्ने हुन्छ नै ।

यो भनेको हामीले आफ्नो "जनपक्षीयता" गुमाउनु हो । हामी जनताको पक्षमा काम गर्न चाहन्छौं । महंगी, भष्टाचार बढाउनेहरुसंग लडेर जुधेर मात्र जनताले राहत पाउँछ । तर जब तिनै महंगी र भ्रष्टाचार बढाउनेहरुसंगै हाम्रो "लेन-देन" चल्न थाल्छ, तब हामीले जनताको पक्षमा कसरी दह्रो काम गर्न सक्छौं ?

त्यसैले, हामीले चुनावी खर्चका लागि घरघरै गएर, सडक सडकमा गएर जनताबाटै चन्दा उठाउनुपर्छ । श्रममा बाँच्नेहरू कै सानो सानो सहयोग पनि जताततै उठाउँदा पूँजीपतिहरुले दिनेभन्दा ज्यादा रकम जम्मा गर्न हामी सक्छौं । यसका लागि मिहेनत ज्यादा गर्नु पर्छ तर यो नै एक मात्र सही उपाय हो । यसो भएमा मात्र हामी पछिसम्म पनि संसद वा सरकारमा पुगी काम गर्दा जनताप्रति जिम्मेवार हुन सक्छौं, तस्कर, कालोबजारी र शोषकहरुसंग लड्न हामीलाई अप्ठेरो कम पर्नेछ, हाम्रो मनोवल बढ्नेछ ।

यी सुझावहरुलाई "आदर्शवादी" सुझाव मान्ने मित्रहरु पनि केही भेटिएका छन् । उनीहरुलाई म के प्रश्न गर्न चाहन्छु भने- त्यसोभए के शोषक वर्गीय पार्टीहरुकै वर्ग शैली र वर्ग प्रवृत्ति अंगालेर नै हामी शोषित जनताको भलो गर्न सक्छौं ? के यस्तै संस्कृतिले समाजलाई प्रगतिशील बाटोमा अघि बढाउँछ ? ❑


प्रतीक्षाको फल मीठो हुन्छ !

नयाँ मनोरंजक र विचारोत्तेजक सूचना-सामग्रीहरूको अत्याधुनिक स्रोतको रूपमा प्रकाशित हुँदैछ



ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी

मूल्यांकनको सहकर्मी

युवा

मासिक पत्रिका

प्रकाशनको तयारी भैरहेको छ !

युवाहरूको लागि तपाईं कस्तो खालको युवा पत्रिका चाहनु हुन्छ ?

आफ्ना चाहना र चाहना अनुरूपका सरल रचनाहरू लेख्ने जमर्को गर्नुस्, हाम्रो ढोका सधैं खुला रहनेछ ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.

फोन : २१३६९४

पो.ब.नं.: ३०२६, काठमाडौं

*१० पेजको बाँकी ...*

सम्भावना थियो। एमालेबाट पनि त्यो कुरा लुकेको थिएन।

तर त्यसका लागि समस्या के थियो भने, यस प्रकारका पक्षहरुका बीचमा चुनावी एकता हुँदा बन्ने तात्कालिक न्यूनतम कार्यक्रम उनीहरुको राजनीतिक चरित्र अनुरुप हुन सक्दैनथ्यो। चुनावमा वहुमत प्राप्त गरे पनि त्यस प्रकारको कार्यक्रमका आधारमा काम गर्न उनीहरुको राजापरस्त, कांग्रेसपरस्त, भारतपरस्त र अमेरिकापरस्त चरित्रले उनीहरुलाई रोक्दथ्यो। त्यसकारण, त्यसप्रकारको घोषित चुनावी नीति र कार्यक्रमका आधारमा वहुमत प्राप्त गरेर सरकार बनाउनुभन्दा भोलि राप्रपा वा सद्भावना जस्ता पार्टीहरुसित छद्म चुनावी गठबन्धन गरेर, उनीहरुसित वा आवश्यक परे, स्वयं गिरिजा कांग्रेससित पनि मिलेर संयुक्त सरकारद्वारा सत्तामा पुग्ने बाटोलाई नै उनीहरुले श्रेयस्कर सम्झे। उनीहरुको चुनावी एकता र तालमेल सम्बन्धी फूटपरस्त र ढोकाबन्दवादी नीति त्यस प्रकारको राजनीतिक चरित्रको स्वभाविक र अनिवार्य परिणाम हो।

त्यो दिशामा उनीहरु त्यहाँसम्म अगाडि बढेका छन् कि कतिपय क्षेत्रहरुमा उनीहरुले ने.क.पा. (मसाल) द्वारा समर्थित अ.ने.रा.ज.मो.का उम्मेदवार हरुका विरुद्ध रा.प्र.पा. सित छद्म चुनावी गठवन्धन गरेर पनि चुनाव लडिरहेका छन्, जस्तो कि- अर्घाखाँचीमा।

चुनावको अन्तिम चरणमा पनि एमाले वा अन्य पक्षसित चुनावी तालमेलको प्रश्नलाई नीतिगत रुपमा नै हामीले अस्वीकार गर्दैनौं। तर यस प्रश्नमा पनि समस्या के छ भने- गत स्थानीय चुनावको वेलामा कतिपय ठाउँहरुमा चुनावी तालमेलका लागि सहमति भैसकेपछि पनि एमालेका साथीहरुले आन्तरिक रुपमा हाम्रा अखिल नेपाल किसान संघका उम्मेदवारहरुलाई हराउन नै षडयन्त्र गरे।

यस प्रकारको विश्वस-नीयताको अभावमा अब कुनै चुनावी तालमेल भैहाले पनि एमाले त्यसप्रति इमान्दार नै रहनेछ भन्ने कुरामा हामीलाई निश्चित हुन मुश्किल पर्ने छ। त्यसकारण, अब तालमेलको लागि हामी त्यति बढी आशावादी रहेका छैनौं।

**० तपाईहरुले चुनावमा "फासिवाद हराऊ" को नारा त दिनु भएको छ, चुनावमा गिरिजा गुट हार्‍यो भने त्यसपछि के त ? केही भन्नु भएको देखिन्न। शान्तिपूर्ण रुपले अहिलेकै पूँजीवादी राज्यन्त्रको सीमा अन्तर्गत त्यो सीमाबारे प्रष्ट हुँदै र प्रष्ट पार्दै फगत जगसम्म जनवादी क्रान्ति पूरा गर्ने कार्यभार लिएर सरकारमा जान हुन्छ कि हुँदैन ? हुन्छ भने किन हुन्छ, हुन्न भने किन हुँदैन ?**

-हाम्रो चुनावको नीति दीर्घकालीन रुपमा हाम्रो रणनीतिको गौणपक्ष र तात्कालिक रुपमा पनि जनसंघर्षको पूरक र सहायक अंग मात्र हो। हामीले चुनावलाई प्रधानत: जनताका समस्याहरुको समाधानका लागि संसदीय प्रणाली र त्यस अन्तर्गत हुने चुनावको निरर्थकता सिद्ध गर्न नै उपयोग गरिराखेका छौं।

त्यसकारण, चुनावमा प्रत्यक्ष रुपले कति राजनीतिक सफलता प्राप्त हुन्छ ?- त्यसका आधारमा हैन, त्यसका (चुनावका) दौरानमा हामीले जनचेतना र संघर्षको स्तरलाई कति उठाउन सक्छौ र आफ्ना क्रान्तिकारी नीतिहरुका पक्षमा कहाँसम्म जन- आधार बढाउन सक्छौं ?- त्यो नै यथार्थमा हाम्रो राजनीतिक सफलता वा असफलताको मापदण्ड हुनेछ।

यो बाहेक, माथि शुरुको जवाफमा पनि यो प्रश्नसित सम्बन्धित कतिपय पक्षहरुको चर्चा भैसकेको छ।

---

*२४ पेजको बाँकी ...*

निष्ठावान कांग्रेसीहरुलाई मेरो नैतिक समर्थन रहेको छ। उहाँहरुलाई मैले मनसा, वाचा, कर्मणा सहयोग गर्नुपर्ने हो तर शारीरिक बाध्यताले गर्दा मन र वचनले मात्र सहयोग गर्न सक्ने अवस्थामा छु। भौतिक स्रोत तथा साधनको न्यूनताले गर्दा उहाँहरुलाई यस्तो सहयोग गर्न सक्ने अवस्थामा समेत म छैन र यो अवस्थाप्रति अत्यन्त दु:खी पनि छु। तर पनि समयको क्रममा अत्यन्त जटील परिस्थितिहरुका बीच पनि विभिन्न तानाशाही प्रवृत्तिहरुलाई परास्त गर्दै आएका वीर एवं विवेकी नेपाली जनताले, उहाँहरुलाई साथ दिएर गिरिजा प्रवृत्तिलाई परास्त गर्नेछन् भन्ने मेरो विश्वास छ र तपाईहरुमा मेरो आव्हान पनि यही हो। म तपाईहरुलाई हार्दिक आव्हान गर्दछु, नेपाली कांग्रेसको आदर्श स्थापना गर्न अघि सरेका गिरिजा- प्रवृत्तिविरोधी इमान्दार कांग्रेसी उम्मेदवारहरु र पार्टी आदर्शप्रति निष्ठावान एवं नैतिक विद्रोही कांग्रेसीहरुलाई भोट दिएर अत्यधिक बहुमतले विजयी गराउनुहोस्। त्यस्ता उम्मेदवारहरु नभएको ठाउँमा जनआन्दोलनको मूलधारमा सम्मिलित रहेका र त्यसको मर्म एवं भावनासंग तादात्म्य राख्ने उम्मेदवारहरुलाई भोट दिनुहोस्। अप्रजातान्त्रिक, अयोग्य एवं भ्रष्टाचारी गिरिजा प्रवृत्तिलाई सम्पूर्णत: परास्त गर्नुहोस् र जनआन्दोलनकारी शक्तिहरुले सरकार बनाउने वातावरण सुनिश्चित पार्नुहोस्।

गिरिजा प्रवृत्तिलाई हराऔं, राष्ट्रियता र प्रजातन्त्र जोगाऔं, देशबाट गरीबी हटाऔं।

जय नेपाल।

-------------

# गिरिजाको चुनावी षड्यन्त्रको पहिलो रिहर्सल

## दाङ्गको गोलीकाण्ड: चार जनाको मृत्यु

**आ**गामी निर्वाचन "जसरी पनि" जित्ने घोषणा गर्ने गिरिजाले त्यस निम्ति के के हथकण्डा प्रयोग गर्नेछन्, त्यसको पहिलो रिहर्सल दाङबाट शुरु भएको छ। यस क्रममा कांग्रेसी गुण्डागर्दीबाट कार्तिक १७ गते देखि हालसम्ममा दाङमै २ जना र काठमाडौं वीर अस्पतालमा दुई जना एमाले कार्यकर्ताको ज्यान गैसकेको छ।

पछिल्लो हत्या धिकपुर नयाँ वास्तीमा भाइटीकाको दिन ससुराली गएका एमाले पक्षधर प्रवासी नेपाली ऋषिराज वस्नेतलाई छुरा हानेर भएको छ। भर्खरै चुनावमा सक्रिय हुन भारतबाट नेपाल आएका उनलाई कांग्रेसी गुण्डा ओमभक्त ओली र छविलाल बि.क.को नेतृत्वमा तीन वटा जीपमा आएको गुण्डादलले उनको ससुरालीमै घातक हतियारले आक्रमण गरेको थियो।

यस अघि कार्तिक १७ गते दाङ विजौरीमा कांग्रेसी मन्त्री खुमबहादुर खड्का स्वयमले र गुण्डाहरुको एउटा ठूलो जमात सहितले प्रहरीहरुकै उपस्थितिमा एमालेको विरोध जुलूसमाथि भरुवा बन्दूकले हान्दा २८ वर्षिय नारायण चौधरीको घोराही अस्पताल लादाँलादै बाटैमा मृत्यु भएको थियो। सख्त घाइते भएर नेपालगंज अस्पतालको सिफारीशमा हेलीकोप्टरबाट काठमाडौं वीर अस्पताल ल्याइएका ७ जना मध्ये पुष्पकुमार घिमिरे (२५ वर्ष) र कृष्णबहादुर चौधरी (२२ वर्ष) को कार्तिक १९ र २० गते वीर अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको थियो। एमाले सूत्रका अनुसार पूर्व सांसद शिवराज गौतम लगायत २७ जना यो गोली काण्डमा घाइते भएका थिए।

स्मरणीय छ, कार्तिक १७ गतेको एमालेको विरोध जुलूस अघिल्लो दिन बिजौरी स्थित एमाले क्षेत्रीय कार्यालयमा भएको कांग्रेसी गुण्डाहरुको तोडफोड र लूटपाटको विरुद्धमा भएको थियो। कार्तिक १६ गते ३/४ बजेतिर ज्वाला गिरीको नेतृत्वमा आएको कांग्रेसी गुण्डादलले क्षेत्रीय पार्टी कार्यालयमा आक्रमण गरेर त्यसलाई ध्वस्त बनाउनुका साथै क्षेत्र नं. ३ को निर्वाचन कार्यालयमा समेत आक्रमण गरेर तुल र व्यानरहरु च्यात्ने, प्रचार सामाग्री नष्ट पार्ने काम गरेका थिए।

एमाले समाचार सूत्रका अनुसार भोलिपल्ट निक्लेको शान्तिपूर्ण विरोध जुलूसलाई विजौरीमा अकारण प्रहरीले रोक्यो। यसको प्रतिरोध जुलसबाट भएपछि प्रहरीले पहिले अश्रुग्याँस हान्यो। अश्रुग्याँसले रन्थनिएको जुलूस व्यवस्थित हुन नपाउँदै देव्रेतिरको तोरीबारी र प्रहरीको दाहिने आडबाट एक्कासी गोली वर्षिन थाल्यो।

गोली चलाउनेमा कांग्रेसी मन्त्री खुमबहादुर खड्का स्वयं र ने.कां. का दाङ ३ नं. क्षेत्रका उम्मेदवार दीपक गिरी स्वयं थिए। अरुहरु चाहिं कांग्रेसले पैसा तिरेर ल्याएका गुण्डाहरु थिए।

यता हाम्रा समाचार सूत्रका अनुसार वीर अस्पतालमा मृतकहरुको शरीरमा र घाइतेहरुको घाउमा छर्रा-गोली पाइएको छ। यसबाट गोली प्रहरीहरुले हानेको भन्ने सरकारी संचार माध्यमको प्रचार झूठो भएको सावित भएको छ।

अहिलेसम्ममा एमालेको तर्फबाट खुमबहादुर र उनको गुण्डादल विरुद्ध दाङमा मुद्दा दायर गर्न जाहेरी दर्ता भइसकेको थाहा भएको छ। तर सरकारले भने हत्याराहरुमाथि कुनै कार्बाही गरेको पाइएको छैन।

वीर अस्पतालमा मृत्यु हुनेहरुको विशाल शवयात्रा: कार्तिक २० गते सम्पन्न भएको छ। र, त्यसमा "हत्याराहरुलाई सजायँ दे, खुम बहादुरलाई फाँसी दे !" को नारा लागेको थियो।

निर्वाचनको पूर्व सन्ध्यामा भएको यो कांग्रेसी गुण्डागर्दीले आगामी निर्वाचनको एउटा तरोताजा चित्र दिएको छ। कांग्रेसी तानाशाहीतन्त्रविरोधी सम्पूर्ण शक्तिहरुले यसको प्रतिरोध गर्न अहिलेदेखि नै गंभीर तम्तयारी शुरु गर्नु पर्छ भन्ने आम जनताको राय रहेको छ। यो गुण्डागर्दीको विरुद्धमा देशव्यापी विरोध अभियान, त्यसको तयारीको लागि, पहिलो पाइलो हुन सक्छ भन्ने हामी ठान्दछौं।

**कांग्रेसी गुण्डागर्दीले ज्यान गुमाएका थप नागरिकहरु**

**दाङ काण्ड:**

**१. नारायण चौधरी, २८ वर्ष, धिकपुर दाङ, कार्तिक १७ गते, घोराही अस्पताल लग्दैगर्दा**
**२. पुष्पकुमार घिमिरे, २२ वर्ष, बिजौरी, दाङ, कार्तिक १९ गते, वीर अस्पतालमा**
**३. कृष्णबहादुर चौधरी, २५, वर्ष बिजौरी, दाङ कार्तिक २० गते, वीर अस्पतालमा**
**४. ऋषिराज बस्नेत, अक्कासी,**

बडा दशैं तथा दीपावली २०५१ को उपलक्ष्यमा समस्त देशबासीमा हार्दिक

**शुभकामना**

व्यक्त गर्दछौं ।

**हेटौंडा नगरपालिका परिवार**

हेटौंडा

---

बडा दशैं तथा दीपावली २०५१ को उपलक्ष्यमा समस्त देशबासीमा हार्दिक

**शुभकामना**

व्यक्त गर्दछौं ।

**काठमाडौं नगरपालिका परिवार**

काठमाडौं

---

शुद्धताको प्रतीक राजहंस

सुशील वनस्पति प्रा. लि.

ॐ

राजहंस

वनस्पति घ्यू सोयाविन तेल

---

बडा दशैं तथा दीपावली २०५१ को उपलक्ष्यमा समस्त देशबासीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

भक्तपुर

---

विजया दशमी तथा दीपावली २०५१ को सुखद उपलक्ष्यमा समस्त देशवासीमा शान्ति तथा सम्बृद्धिको लागि हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

जनक शिक्षा सामग्री केन्द्र लि.
परिवार

---

बडा दशैं तथा दीपावली २०५१ को उपलक्ष्यमा समस्त देशबासीमा हार्दिक

**शुभकामना**

व्यक्त गर्दछौं ।

**– कृषि विकास बैंक**

परिवार

Mark of Quality Leather Wings
for real walking pleasure



ब्रोग डर्बी
(खुद्रा मूल्य रु. ७५०/-)


विदेशमा तालिम प्राप्त प्राविधिकद्वारा सृजना गरिएको आकर्षक बाना (Attractive Design) अन्तर्राष्ट्रिय स्तरको छालाको जुत्ता क्वालिटी ग्यारेण्टीका साथ सर्वत्र उपलब्ध छ ।


लेदर विङ्स प्रा.लि.
बांसबारी, काठमाडौं-३
पो.ब.नं ७२४०, फोन नं ४११-७२०

कृपया लोगो हेरी खरिद गर्नुहोस्

# हिमाल आयरनको
## टोरस्टील नै किन प्रयोग गर्ने ?

३०













हिमाल आयरन मात्र एउटा यस्तो उद्योग हो जसले **टोरस्टील** बनाउने काममा ३० वर्ष अनुभव हासिल गरेको छ ।

विभिन्न ठुला-साना योजनाहरूमा हिमाल **टोरस्टील** प्रयोग हुँदै आउनु नै यसको विश्वासनीयताको प्रमाण हो ।

हिमाल आयरनद्वारा उत्पादित प्रत्येक टोरस्टील आफ्नै टेस्टिङ्ग लेबोरेटरीमा अनुभवी टेक्निसियनद्वारा जाँच पास भइसकेपछि मात्र बजारमा बिक्री गरिन्छ । ग्राहकवर्गले छड किन्दा विक्रेताकहाँबाट जाँच पास सर्टिफिकेट समेत प्राप्त गर्न सक्नुहुन्छ । यसले हिमाल आयरनको छड गुणस्तरमा एकरूपता कायम भएको पुष्टि गर्दछ ।

हिमाल आयरनको प्रत्येक छडको बण्डलमा HIMAL लेखेको पट्टी र टेग झुण्ड्याएको हुन्छ । यसबाट ग्राहकवर्गले हिमाल आयरनको छडनै हो होइन भन्ने सजिलैसित छुट्याउन सक्नुहुन्छ ।

उपभोक्ताको सुरक्षाको लागि सर्वप्रथम छडको बण्डलमा तौल टेगको प्रथाद्वारा ग्यारेण्टी दिने हिमाल टोरस्टील नै हुन । यसबाट तौलमा घटबढ हुन सक्दैन र यसबाट हुने नोक्सानबाट निश्चित हुन सकिन्छ । हिमाल टोरस्टील साइजमा दुरूस्त (Accurate) हुनेछ । जसले अनावश्यक खर्च बचाउँछ ।




आजको थोरै बढी लगानीले तपाईंको घर पुस्तौं पुस्तासम्म टिगो हुन्छ ।

प्रत्येक हिमाल आयरनको डिलरकहाँ नमुना बमोजिमको डिलर साईनबोर्ड टाँगिएको हुन्छ । हिमाल आयरनको डिलर साईनबोर्ड बिना कुनै पनि ठाउँबाट हिमाल टोरस्टील पाउनु हुन्न ।

नेपाल अधिराज्यभरी कुनै पनि ठाउँमा हिमाल टोरस्टीलको मोल निश्चित हुन्छ । जसले तपाईंमा आत्मविश्वास दिलाउँछ ।

**नेपालमा टोरस्टील बनाउने एकमात्र**

**हिमाल आयरन एण्ड स्टील प्रा. लि.**

ज्योति भवन, कान्तिपथ, काठमाडौं, फोनः २२६५३०
कारखाना : ०५१-२२६७९